CC-0. Digitized by eGangotri and MIDF- Delhi

मर्यादा

२०४६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मर्यादा

(पूर्णाङ्क १८)

सम्पादक-मण्डलः-

डा. ऋषिराम पोखरेल

डा. दुर्गाप्रसाद दवाड़ी

डा. माधवप्रसाद भट्टराई

प्रा. माधवराज गौतम

प्रकाशकः-

महेन्द्र संस्कृत विश्वविद्यालय

वाल्मीकि विद्यापीठ (क्याम्पस)

काठमाडौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

B ३४ १९/१८

तस्माच् शास्त्र-प्रमाणन्ते
कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं
कर्म कर्तुमिहार्हसि ॥

-भगवद्गीता १६।२४

शास्त्रै प्रमाण छन् सारा
कार्याकार्य बुझाउन ।
तस्मात् शास्त्रविधानैका
कार्यमा चल अर्जुन ॥

-कोमलगीता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय-सूची

शीर्षक	लेखक	पृष्ठ
१. कालिदासमा वेदव्यास...	प्रा. तोयनाथ पाडेय	१–४
२. वूढानीलकण्ठ: एक जिज्ञासा...	प्रा. चूडानाथ भट्टराय	५–८
३. तान्त्रिक उपासनामा गुरुको...	प्रा. विद्यानाथ उपाध्याय	९–१४
४. श्रीभगवती (कडेलचोक)...	श्रीकुलचन्द्र कोइराला	१५–२३
५. भुवनकोश-विनोद...	प्रा. शम्भुप्रसाद ढकाल	२४–३७
६. वेद र धर्म...	प्रा. दुर्गाप्रसाद दवाडी	३८–४९
७. सदाचारवाट नै .	प्रा. रामचन्द्र गौतम	५०–५५
८. सुलोचनामा प्रकृति-प्रयोग ..	प्रा. नीलमणि ढुङ्गाना	५६–५९
९. सत्यहरिश्चन्द्र महाकाव्यमा...	डा. माधव भट्टराई	६०–६५
१०. निबन्धकार रामकृष्ण शर्मा...	श्रीराधेश्याम भट्टराई	६६–६९
११. मनुस्मृति सर्वोत्तम...	प्रा. छविलाल पोखरेल	७०–७९
१२. अग्न्याधान...	डा. ऋषिराम पोखरेल	८०–९२
१३. संस्कृत-शिक्षा; समस्या...	शि. नवराज कट्टेल	९३-९९
१४. म. सं. वि. वि. सम्बन्धी... १५. विद्यापीठ—परिचय... १६. संस्कृत—छात्रावास... १७. रानी पोखरी सं.मा.वि....	प्रा. माधवराज गौतम	१००–१२०

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हाम्रो भनाइ

विश्वभाषा जननी संस्कृत–भाषाका वाङ्मय वैभवको अनुसन्धान मन्थन गरी आ-आफ्ना स्वार्थ अनुकूल रत्नसंचय गर्न विश्वका कतिपय मुलुकहरूले विगत सयौं वर्षदेखि अपार धनराशि खर्चंदै आएका छन्, तर विश्वमानवको मर्यादा रक्षा गर्नका निमित्त संस्कृत वाङ्मयको अवगाहन गरी अध्ययन–अनुसन्धान गर्ने गराउने कुरामा भने धनपति र जनपतिहरूको औदार्य नितान्त न्यूनरूपमा प्रकट भएको अनुभव हुन्छ, किनभने रामायण र महाभारतका माध्यमले विश्वबन्धुत्व, विश्वभ्रातृत्व, सहअस्तित्व र विश्व-शान्तिका क्षेत्रमा संयुक्त राष्ट्र सङ्घले वर्तमान विश्वलाई मर्यादित हुन युनेस्कोद्वारा अभिप्रेरित गरेतापनि सङ्घ - निष्ठ मर्यादा पालन गर्ने गराउने क्षेत्रमा भने सङ्घ भित्रका सङ्घटक तत्त्व आफैं मर्यादित नभएका स्थितिमा पनि विश्वमानव मर्यादाको गति सर्वत्र सर्वथा अवरूद्ध नभए झैं हाम्रो "मर्यादा" पत्रिकाले पनि अनेकौं व्यवधान र अवधानका बीच दान र अनुदानका अपठेरा घुम्ती पार गर्दै आफ्नो अविच्छिन्नताको मर्यादा नीतिमा अठारौं ईटा थप्ने प्रयत्न गरिरहेको कुरा आदरणीय पाठक वर्गमा सादर अवगत गराउंदछौं ।

विगत वर्षहरूमा झैं सनातन धर्म (हिन्दूधर्म) दर्शनका मर्यादाहरूलाई पाठक सामु यथासम्भव प्रस्तुत गर्दै जाने क्रममा महेन्द्र संस्कृत विश्वविद्या-लयको उदय पछिको हाम्रो यो पहिलो प्रकाशकीय औपचारिकता नभएता-पनि संस्थागत रूपमा यसले अवदेखि निश्चित र स्पष्ट सकारात्मक अवधारणा अधिकारिक रूपले पाएकोमा श्रद्धेय पाठक वर्ग मार्फत म०सं०वि० प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछौं ।

साथै विश्वको एक मात्र स्वतन्त्र हिन्दू राष्ट्रका नाताले सनातन, (हिन्दू) धर्मको मूलस्रोत मानिएको संस्कृत वाङ्मय अथवा भनौं वेद-वेदाङ्ग धर्मशास्त्र मर्यादाको अध्ययन अनुसन्धान, संरक्षण, संवर्धन र प्रचार प्रसारका दृष्टिले पनि अपरिहार्य भएको र अनेकौं वर्षदेखि प्रतीक्षा गरिएको संस्कृत विश्वविद्यालय हिमवत्खण्ड नेपालमा जन्मेको र यसको चूडाकर्म समेत सम्पन्न भैरहेको स्थितिमा यसका ऋत्विक् र यजमानलाई क्षेत्र, व्यक्ति र शक्तिको परिवेश भन्दा उपल्लो मर्यादा गिरिमा बसेर राष्ट्रनायक श्री ५ बाट बक्स भएका नौ सूत्री निर्देशनको पालना गरी महेन्द्र संस्कृत विश्वविद्या-लयको लक्ष्य प्राप्तिमा उत्तरोत्तर उन्नति एवं सफलता प्राप्त गर्नेउ दार र उदात्तशक्ति भगवान् श्रीपशुपतिनाथले प्रदान गरून् भनी प्रार्थना गर्दछौं ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालिदासमा वेदव्यासको प्रभाव

प्रा० तोयनाथ पाण्डेय

एउटा कविको अर्को कविमा प्रभाव पर्छ । एउटा कविले अर्को कविको अनुकरण गर्छ । प्राकृतिक वर्णनमा रचना शैली फरक परे पनि विषयोपन्यास एकै जस्तो देखिन्छ । यी सबै साहित्यिक क्षेत्रका साधारण उपज मानिएका छन् । परन्तु साहित्यिक क्षेत्रमा एउटा कविको कुनै कुनै शब्दाङ्कुर, भावाङ्कुर वा रचनाङ्कुर अर्काको क्षेत्रमा यदा कदा टुसाउने गर्छ । यस्तोमा झिनो भएपनि पाठकको ध्वनि निस्कने गर्छ । तर विश्वमा अत्यन्त संमान पाएका कवि वा विद्वान्मा यस्तो अनुकरणात्मक शैली देखियो भने जनमानसमा उत्सुकता बढ्नु स्वाभाविकै मान्नु पर्छ ।

संस्कृत साहित्य क्षेत्रमा त्रेतायुगीय राजा श्रीरामका समकालिन आदिकवि वाल्मीकि, द्वापर युगीय पाण्डवका समकालिन वेदव्यास र विक्रमादित्यका समकालिन कालिदास यी विश्व प्रसिद्ध महाकविहरू हुन् । वाल्मीकि समग्र राष्ट्रका हितचिन्तक आदि कवि हुन् । राष्ट्रका केन्द्र हुन्छन् राजा । राजा प्रकृति रञ्जक हुन्छन् । सदा प्रजाको हितचिन्तक तथा राष्ट्रको उन्नायक हुन्छन् । अराजक जनपदको दुरवस्थाको वर्णन गरेर वाल्मीकिले आफ्नो मनोवृत्तिको परिचय दिएका छन् । "नाराजके जनपदे"को लोकगायन एक महनीय प्राचीन राजनैतिक सिद्धान्तको प्रकाशक वस्तु हो । राजा राष्ट्रको धर्म तथा सत्यको उद्भव स्थल हो । यसको अभावमा राष्ट्रको कुनै कल्याण हुन सक्तैन । यसरी वाल्मीकि प्राचीन साहित्यका अन्त:प्रकाशक मात्र होइनन् प्रत्युत प्राचीन संस्कृतिको संस्कारक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनीषी पनि हुन् । काव्यकलाको कमनीयता रामायणका पद्यहरूमा स्वतः तरंगित छन् ।

महाभारत हाम्रो जातीय इतिहास हो । आर्य सभ्यताको कमनीय तथा भव्यरूप जसरी यस ग्रन्थबाट प्रवाहित भएको छ, त्यस्तो अन्यत्र छैन । कौरव पाण्डवको इतिहास वर्णनमात्र यस ग्रन्थको उद्देश्य होइन अपितु हाम्रो संपूर्ण हिन्दूधर्मको विस्तृत वर्णन र चित्रण पनि यसको प्रयोजन हो । जीवनमा परि आउने अनेकौं समस्याको समाधान महाभारतको शान्तिपर्वले हजारौं वर्षदेखि गर्दै आइरहेको छ । यसैले इतिहास ग्रन्थलाई हामीले आफ्नो धर्मग्रन्थ मान्दै आएकाछौं । यस ग्रन्थको सांस्कृतिक मूल्य पनि अद्वितीय छ । साँचै भनौं भने केवल यस ग्रन्थको अध्ययनले हामी आफ्नो संस्कृतिको शुद्ध स्वरूपको परिचय पाउन सक्छौं । वाल्मीकि जस्तै व्यास पनि संस्कृत कविहरूको लागि उपजीव्य हुन् ।

कालिदास पनि पाश्चात्य तथा पौरस्त्य उभय दृष्टिकोणले संस्कृतका सर्वमान्य कवि हुन् । उनका कृतिहरूले जति मान्यता पाएका छन् त्यति अरू कृतिहरूले पाएका छैनन् । नाटचकलाको सौन्दर्यमा, काव्यको वर्णन छटामा, गीति काव्यको सरसतामा जताततै कालिदासको प्रतिभा चंकिएको छ । मेघदूत कालिदासको अनुपम प्रतिभाको द्योतक हो । यसको लोकप्रियता र व्यापकता पचासौं टीका सहित तिव्वती, सिंघली उर्दू, अंग्रेजी आदि सयौं भाषामा भएका अनुवादले वताएका छन् । महाकवि कालिदासको कविता देववाणीको शृङ्गार हो, माधुर्यको मधुर निवेश, प्रसादको स्निग्धता, पदहरूको सरसशैय्या, अर्थको सौष्ठव, अलङ्कारको मञ्जुल प्रयोग आदि कमनीय काव्यको समस्त लक्षणले कालिदासको कवितामा आफ्नो भव्य अस्तित्व धारण गरेका छन् । पूर्वमेघमा कविले रामगिरि देखि अलकालका सम्मको वर्णनमा प्राकृतिक सुषमा छरेका छन् र बाह्य प्राकृतिक सौन्दर्य तथा कमनीयताको प्रदर्शन गरेका छन् भने उत्तरमेघमा मानव हृदयको सौन्दर्य तथा कमनीयताको उज्ज्वल प्रदर्शन गरेका छन् ।

यसरी वाल्मीकि, व्यास र कालिदास जस्ता कवि ग्रन्थकारलाई कसैको अनुकरणको आवश्यकता पर्छ भन्न सकिदैन । उनीहरूको मानस

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पटलमा शब्दावलि तथा भावहरू उत्ताल तरंग मारीरहेका हुन्छन् । "तथापि वियोग-विधुरा प्रेयसी सीता समक्ष प्रणय-सन्देश वाहकको रूपमा वाल्मीकिले वानरलाई पठाए भने व्यासले पनि दमयन्ती समक्ष हाँसलाई प्रणय-दूत बनाए । यस्तै पटकथाको छहारीमा कालिदासले पनि प्रणय-दूतको रूपमा मेघलाई खडा गरे" भनेर कसैले भन्यो भने त्यसले अर्घेली नै बोल्यो भन्नत मिल्दैन होला । जेहोस ! मेघदूतले विश्वमा धेरै नै प्रसिद्धि पाएको छ । मेघदूतमा विषयोपन्यास कविको मौलिक सूज बूझकै परिणाम मानिएको छ । जे भए पनि जेठा कविको प्रभाव माहिला कान्छा कविहरूमा पर्दैन भन्न पनि सकिदैन । त्यस प्रभावलाई कसैले कृतज्ञताको रूपमा लिएका छन् भने कसैले सुटुक्क मौलिकताको घुंटी ओढाई नववधू वनाएका हुन्छन् । आउनुहोस् तलको उदाहरणमा विचार गरौं ।

रामायणमा हनुमान् र इन्द्रजीतका संवादको प्रसंगमा इन्द्रजीत भन्छन्—

न हन्तव्याः स्त्रिय इति यद् ब्रबीषि प्लवंगम ?
पीडाकरममित्राणां यच्च कर्तव्यमेव तत् ।। युद्धका. ८१।२८

यसैलाई व्याख्या समेत गरेर व्यासले कृतज्ञता पूर्वक यसरी लिएका छन् ।

अतिचायं पुरा गीतः श्लोको वाल्मीकिना भुवि ।
न हन्तव्याः स्त्रिय इति यद् ब्रबीषि प्लवंगम ?।।
सर्वकालं मनुष्येण व्यवसायवता सदा
पीडाकरममित्राणां यत् स्यात् कर्तव्यमेव तत् ।। म.भा.द्रो.प.

त्यस्तै अर्कोतिर स्कन्दपुराणको माहेश्वर खण्ड अन्तर्गत केदार खण्ड अध्याय ३५ श्लोक १३ मा व्यास लेख्दछन् । पार्वतीसंगको जुवामा सर्वस्व हारी रन्केर वन तिर हिडेका शिवजीलाई मनाउन पार्वतीलाई विजया अनुरोध गर्छिन् । विजयालाई संझाउँदै पार्वती 'यो सबै मेरै इच्छाबाट भएको हो धन्दा नमान' भनी शवरीको रूपलिएर शिवजी कहाँ जान्छिन् । शवरीको रूपको वर्णन व्यासले यसरी गरेका छन्—

श्यामा तन्वी शिखरदशना बिंबबिंबाधरोष्ठी,
सुग्रीवाढ्या कुचभरनता वर्द्धितस्निग्धकेशी ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मध्ये क्षामा पृथुकटितटा हेमरंभोरू गौरी,
पल्लीयुक्ता वरवलयिनी बर्हिवर्हावतंसा ॥

यस्तै शब्द र भाव बोकेको मेघदूतमा–

तन्वी श्यामा शिखरिदशना पक्वबिंबाधरोष्ठी,
मध्ये क्षामा चकितहरिणी प्रेक्षणा निम्ननाभिः।
श्रोणीभारादलसगमना स्तोकनम्रा स्तनाभ्याम्,
या तत्र स्याद्युवतिविषये सृष्टिराद्येव धातुः ॥ उ.मे १०श्लो.

यस्मा सुटुक्क घुंटी ओढाएर अझ राम्री नववधू वनाएका छन् कालिदासले। व्यासले वाल्मीकिको नाम लिन नर्विसिएर कृतज्ञता प्रकट गरेका छन् भने कालिदासले व्यासको नाम लिन विर्सिएकाछन्, त्यसैले को कृतज्ञ हुन् को कृतघ्न हुन् आफैले छुटयाउनु होस्। तर यति चाहिं भन्न सकिन्छ मेघदूतमा स्कन्दपुराणको प्रभाव परेकै छ। यस पटकलाई यो प्रसंग यत्तिमै टुंगो लाग्न दिउं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बूढानीलकण्ठ: एक जिज्ञासा

प्रा० चूडानाथ भट्टराय

हेर्दा शेषशायी नारायणको एउटा सुन्दर भव्य विशाल पाषाण-मूर्ति छ तर सबै त्यसलाई भन्छन् नीलकण्ठ, त्यो पनि बूढानीलकण्ठ। राजा विष्णुगुप्तले लिच्छवि सं. ६४ मा सो मूर्ति निर्माणगराई सदरमुकाम काठमाडौं भन्दा करीव तीन कोश पर यसलाई प्रतिष्ठापित गरेका हुन्। यसमा शिलापत्र र गोपाल वंशावली प्रमाण कोटिमा रहेकाले त्यसमा संदेह नगरी पूरा भरपत्यार गरे हुन्छ। यो तीसफीटको विशाल पाषाण प्रतिमा आफ्नो सौन्दर्य विन्यास बोकेर १३४९ वि. सं. अघि उत्तानो भएर योग-निद्रामा शेषमाथि शयन गरिरहेको छ। लिच्छवि सं. ६४ मा ६३३ जोड्दा ६९७ हुन्छ, यो ६९७ विक्रम संवत् भयो। आज २०४६ मा घटाएर मैले यो स्थापित भएको १३५९ वर्ष भनी किटान गरेको हुँ। विष्णुको आयुध शंख चक्र गदा पद्मको चारहातमा तलमाथि दाँया वाँया प्रस्तार गर्दा केशवादि चौवीस ध्यान खडा हुने क्रममा यो मूर्तिको आयुधको प्रस्तार हेर्दा नारायणको मूर्ति शेषशायी नारायण नै हुन्छ। यसमा कुनै शंका छैन।

तर शंका र जिज्ञासाको कुरो त यो पो भयो, यसरी स्पष्ट छर्लङ्ग देखिने नारायणलाई किन नीलकण्ठ भनियो ? शिवदेखि अरूलाई यो शब्द व्यवहृत हुंदैन। नीलकण्ठ नै शिवको महेश्वरत्वको परिचायक छ। समुद्र-मथनवाट निस्केको कालकूटविष पानगर्दा कण्ठ डढेर नीलो भएको महत्ता अमृतपायी देवताको भन्दा महत्त्वपूर्ण छ। संस्कृतमा वृद्धशब्द परिपक्वताको प्रतीक हुन्छ। वृद्ध प्रपितामह शब्दमा वृद्धशब्दबाट बूढो शब्द बन्छ र स्थूलबाट हुने ठूलोले आकार प्रकारलाई अर्थात् शारीरिक गुणसंग

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संबन्ध राख्छ भने वृद्धबाट हुने बूढोले बुद्धिको परिपक्कता र आन्तरिक गुणलाई बुझाउँछ । नेपालमा बूढा, वूढाथोकी आदि थर पनि छन् । तीसफीटको नारायणमूर्तिलाई ठूला नभनी वूढा भनेकोमा पुराण पुरुष भन्न खोजेको हुन सक्छ तर, नीलकण्ठ भने कसरी प्रयोगमा आयो यसमा म अन्योल भएं र म बूढा खरदार वाजे इतिहासशिरोमणि बाबुराम आचार्य-लाई जिज्ञासा पोख्न पुगें ।

इतिहासशिरोमणिज्यूले भन्नुभयो– यो मूर्तिको पुजारी बूढो-नीलकण्ठ नामको संन्यासीले घट्टमा थैली झुण्डाएर घट्टमा पिन्न ल्याउने कुरा मुठीदान उठाई पूजा चलाएको हो । त्यसैले त्यही बूढो नीलकण्ठे सन्यासी कै नामले यो नाम रहेको भनी मामुली ढङ्गले कुरा गर्नुभो । अलि वर्ष म त्यही धारणामा रहें । पछि त्यहाँका स्थानीय जनतासंग सोध खोज गर्दा नीलकण्ठ नामका ब्राह्मणको त्यहाँ खेत भएको र त्यहाँ वाली धेरै हुने कुरा किंवदन्ती रूपमा गरे । सम्भवत: त्यो मूर्ति पुरिन गई खेत हुन पुग्यो कि भन्ने कुरा पनि त्यति तर्क संगत लागेन । यसरी धेरै पटक बूढानीलकण्ठ गएर पनि मन यसबारे संतोषजनक उत्तरको खोजीं मै थियो ।

मलाई पर्यटन मन्त्रालयले यस विषयमा लेख मागेपछि म यसमा घुंडा धसेर खोजी पस्न थालें । यस्तो शेषशायी नारायणको प्रतिमा धेरै ठाउँमा छन् । हनुमान् ढोका प्रासादको भण्डारखालमा पनि यस्तै मूर्ति छ । बालाजुमा पनि छ । हुँदा हुँदा पशुपतिको पूर्व आर्यघाट जाने ढोका सामु सानो यस्तै मूर्ति छ । सबभन्दा पुरानो चाहिं बूढानीलकण्ठ कै हुँदा यो बूढा र सबभन्दा पछि तदनुरूप हुंदा वालाजीको बालो हुन गई त्यस ठाउँको नाम नै वालाजी भएको पनि हुन गएको होकि ? तर नीलकण्ठ यो त नाम मिलेन । बुद्ध नीलकण्ठ भएकोले बूढा भएको भनी भगवानको ललाटपट्टमा अङ्कित भैरवलाई बुद्धभन्न मिल्दैन जस्तो लाग्छ ।

शिव द्वैत, रूद्र द्वैताद्वैत र भैरव अद्वैतरूप हुन् भन्ने कुरा तन्त्रा-लोकमा प्रष्ट पारेको छ तर नारायणको ललाटमा भैरव कंले कसरी अङ्कित हुन पुगे यो पनि एउटा अन्वेषणीय विषय हो तर यत्तिमै नीलकण्ठ भन्न मिल्दैन । अर्को एक आश्चर्यमा पार्ने कुरा के छ भने भगवान्को केयूर लाइने

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाहुमा नागहरू विभूषण भएका छन् । नारायणको नागविभूषण हुँदैन । रत्न जडित केयूर नै हुन्छ । हरिहरको रूपमा भनी मान्ने पनि कुरो भएन ध्यान टम्म नारायण कै छ । यसरी हेर्दा त्यहाँ द्वारमा गरूड हनुमान्का साथै जोडी वसाहा पनि छन् नारायणको वाहन गरूड हुन्, वृषभ होइनन् हनुमान् चाँहि प्रायः मन्दिर परिसरमा राखिने गरिन्छ । नेपाल आदि-वराह उत्पत्ति क्षेत्र भन्ने शास्त्रीय प्रमाण पाइन्छ । वराहक्षेत्र नेपालको पुण्यक्षेत्र मध्ये एकक्षेत्र हो । वराहको मूर्ति पनि भित्तामा त्यहाँ स्थापित हुनु एक विष्णुधामको गौरवको द्योतक भन्न सकिन्छ । यहाँ नारायणको बाजु नाग हुनु र शिरमा भैरवको रूप अङ्कित हुनु, ढोकामा वसाह राखिनु इत्यादि कुराले म झन् अन्योल परें ।

भगवान्को मुहारमा छहारी दिन किनारमा एक पीपल वृक्ष थियो । हाल सुधारकहरूले त्यो रूख कटाए । तर त्यसको छवि अभूतपूर्वको थियो । त्यसका पात पतिङ्गरले जलाशय धमिलिदा स्वर्गीय श्री ५ महेन्द्र-बाट त्यो सफाइ र जीर्णोद्धार काम भएको थियो । संन्यासीले गुठी चलाउने भए पनि ब्राह्मण कुमार केटो पुजारी हुने चलन छ । त्यस वेला पुजारीमा कुमार केटो ध्रुव भण्डारी थिए । पानी सुकाएर सफाइ गरे पछि तिनले भित्र पसी त्यस मूर्तिको पिठ्यूंमा के रहेछ भनी छाम्न पुग्दा उनले हातमा त्रिशूल भएको भित्रपट्टि अर्को भव्य मूर्ति करस्पर्शबाट थाहा पाएछन् । उनले यो कुरा गर्दा त्यहाँका साहूहरू पनि गई पिठ्यूँमा शिर हात पाउ भएको मूर्ति र हातमा त्रिशूल फेला पारेछन् । यो कुरा मलाई पुराना तिनै पुजारीले मैले सोधनी गरे पछि बताए । उनी विवाहित भए पछि त्यो काम गर्न मिलेन । उनका पिता जीवनाथ त्यही पाटीमा बस्तथे गुठीले संन्यासी भर्ना गर्ने सिलसिलामा प्रधानाचार्य श्री पद्मप्रसाद भट्टराईले महाविद्यालयबाट विज्ञपठाइ दिने अनुरोधमा मलाई पठाइदिनु भयो । गुठीका अध्यक्ष बडागुरूज्यू खगेन्द्रराज पाण्डे हुनुहुन्थ्यो । उहाँको घरको काम गर्ने संन्यासीलाई भर्ना गर्ने नियतरहेछ । तर मैले निजलाई सोद्धा पूजामा गरिने इत्योडी सम्म पनि ज्ञान नभएको पाएँ । पहिले धूप बाल्ने कि नैवेद्य चढा-उने त्यसमा पनि ऊ अलमलियो । गुज्यूँ म सित नाराज हुनुभो । अन्तर्वार्ता स्थगित भयो । धेरै महीना गुठीले खर्च दिएन भनी जीवनाथ म कहाँ

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आए। पूजा चलाइ राख्न सहयोग गरें, पूजा रोक्न हुन्न भनें। त्यसैले पुजारी ध्रुवसंगको परिचय भएको हो ।

अब त्यो शिव मूर्ति घोप्टो परेर रहेको भन्ने कुरामा म विश्वस्त छु। यो किन यसो भयो, यो भने एक वडो गम्भीर अध्ययनको विषय छ। अब नाम नीलकण्ठ हुने कुराको शिव मूर्ति फेला परे पछि समाधान भयो। पानी सुकाएर हेर्न खोजे अहिले पनि सकिहालिन्छ। शिव मूर्ति देखिने भाग पछाडि परेकाले नीलकण्ठ नाम राखिएको हुन सक्तछ। विषले दाह हुंदा त्रिशूलले तीन धारा हिमजल वगाई गोसाइकुण्डमा शिव सुतेका र त्रिशूली नदी त्यहीले प्रसिद्ध छ। त्यस पोखरीमा शिव सुताउने इच्छाले निर्मित मूर्ति चोइटेर छिनो रङ्कन गई त्यो त्यसै छाडेर नारायण त्यही ढुङ्गामा थपेकि ? या दुवै रूपमा विष्णु भगवान्मा जीवन्त कला प्रस्फुटित भएर त्यो अगाडि पर्न गयो कि ? यी सबै सम्भाव्य तर्क हुन्। जेहोस् मेरो चिर कालको सन्देह समाप्त भयो। मेरो रेडियो संवाद सुनेर यस वारेमा श्री गोविन्द टण्डन पनि ती मानिस भेट्न जानु भएछ भन्ने थाहा पाएँ। द्विवंद्व सुबद्धम् भन्न लागेको छ। भएका व्यहोरा यथार्थमा राख्ता पनि कसैलाई आरोप पर्छ भने सत्य त भन्नै पऱ्यो। अस्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तान्त्रिक उपासनामा गुरुको स्थान

–प्रा. विद्यानाथ उपाध्याय

विश्वं दर्पण–दृश्यमान-नगरीतुल्यं निजान्तर्गतम्,
पश्यन्नात्मनि मायया बहिरिवोद्भूतं यथा निद्रया ।

यः साक्षात्कुरुते प्रबोधसमयं स्वात्मानमेवाद्वयं
तस्मै श्रीगुरुमूर्तये नम इदं श्रीदक्षिणामूर्तये ।।

यो विश्व हाम्रो आफ्नै आफुभित्र नै विद्यमान छ, हाम्रै आत्मामा अधिष्ठित छ । जस्तो निद्रामा हामी स्वप्न देख्तछौं, त्यसको आफ्नै यौटा वेग्लै संसार छ, तर ब्यूँझदा त्यसको अस्तित्व रहँदैन । त्यसै गरी हामी भित्रै आफ्नै आत्मामा यो चराचर विश्व, ऐनामा बाहिरी वस्तुको प्रतिबिम्ब झल्के जस्तै मायाले गर्दा देखिएको मात्र हो । जब आत्मतत्त्वको साक्षात्कार हुन्छ, अज्ञान हट्तछ, समस्त विश्वमा अद्वितीय आत्मतत्त्वकै दर्शन हुन्छ । यो ज्ञान, यो साक्षात्कार जसको कृपाले सम्भव हुन्छ, त्यस्ता गुरुरूप लिनुभएका श्री दक्षिणामूर्ति (भगवान् शिव, श्री पशुपतिनाथ) लाई मेरो नमस्कार छ ।

ईश्वरो गुरुरात्मेति मूर्तिभेदविभागिने ।।
व्योमवद्व्याप्त-देहाय दक्षिणामूर्तये नमः।।

ईश्वर, गुरु र आत्मा यिनीहरूमा केवल मूर्तिको मात्र भेद भए जस्तो लाग्दछ, वस्तुतः यिनीहरूमा कुनै भेद छैन, यी सबै यौटै तत्त्व हुन् । आकाशले समस्त विश्वलाई व्याप्त गरे झैं श्रीदक्षिणामूर्ति भगवान्ले सबैलाई व्याप्त गर्नुभएको छ । उहाँलाई नमस्कार छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

गुरुपूजनको महान् पर्व प्रतिवर्ष गुरुपूर्णिमा अर्थात् असारे पूर्णिमामा आउँछ र हिन्दु अधिराज्यका सरकारी कार्यालय पूरा दिन विदा हुन्छन् । यसकारण म यहाँ तान्त्रिक उपासनामा गुरुको स्थानको विषयमा केही चर्चा गर्ने आज्ञा माग्दछु ।

समस्त गुरुहरूको आविर्भाव स्वयं शिवका छ मुखहरूबाट भएको हो । त्यसकारण सबका गुरु त स्वयं शिव–पशुपतिनाथ नै हुन् । लोकमा पनि तान्त्रिक उपासनामा गुरुको स्थान र महत्त्व ज्यादै विशिष्ट मानिन्छ । अज्ञानको अंध्यारोलाई हटाएर जसले ज्ञानको उज्ज्वल प्रकाश छरिदिन्छ, त्यस्तो व्यक्ति गुरु हो । उसलाई ब्रह्मा, विष्णु, महेश्वर यति मात्र हैन साक्षात्परब्रह्म नै मान्नु समुचित हुन्छ । गुरुपद यस्तो पद हो जसले के स्थावर, के जङ्गम समस्त चराचर जगत्लाई व्याप्त गर्ने ब्रह्मतत्त्वको साक्षात्कार गराइदिन्छ । जुन ब्रह्मतत्त्वको ज्ञान भैसकेपछि कुनै अर्को जान्नु पर्ने तत्त्व बाँकी रहँदैन, त्यसको साक्षात्कार गराइदिने व्यक्तिभन्दा ठूलो, त्यसभन्दा महान् अर्को को हुन सक्तछ र !

गुरुतत्त्वको परिचय स्वयं 'गुरु' शब्दले पनि प्रदान गर्दछ । गुरु शब्दमा 'ग'–को अर्थ सिद्धिदाता, 'र'–को पापनाशक, 'उ'–को स्वयं कल्याणकारी शिव भएको गुरु स्वयं शङ्कर स्वरूप नै मानिन्छ । 'ग'–को उच्चारण गर्नाले मात्र पनि ब्रह्महत्याको पापनाश हुन्छ, 'उ'–को उच्चारणले जन्म–जन्मान्तरको पापबाट छुटकारा मिल्दछ र 'उ' एवं विसर्गको उच्चारणले करोडौं जन्मको कल्मष सफा पार्दछ । गुरुको शरीरमा ब्रह्मा, विष्णु, रुद्र, समस्त तीर्थ, गन्धर्व, सर्प, स्थावर जङ्गम सहित समस्त विश्वको निवास हुन्छ । गुरु खुशी भए समस्त देवता प्रसन्न हुन्छन्, समस्त विद्या खुल्दछ, अज्ञानको अन्धकार हट्तछ । गुरु रिसाए सर्वत्र अन्धकार फैलन्छ, सबै देवता क्रुद्ध हुन्छन् । देवता रिसाए गुरुले रक्षा गर्छन्, गुरु रिसाए समस्त ब्रह्माण्डमा रक्षा गर्ने कोही हुँदैन । पुराणहरूमा गुरु बृहस्पति रिसाउँदा देवता र गुरु शुक्राचार्य रिसाउँदा दैत्यमा विपत् परेको पाइन्छ । साधकले गुरु कस्तालाई थाप्ने ? गुरुको लक्षण के ? भन्ने प्रश्नका उत्तरले तन्त्रका अध्याय–अध्याय भरिएका छन् । गुरु– शुद्ध, जितेन्द्रिय, परोपकारी, अमोघ–वचन, शान्त, वेदवेदाङ्गादिशास्त्रनिपुण, योगमार्गका ज्ञाता, सधैं देवताको चिन्तन गर्ने हुनुपर्दछ । मन्त्र–तन्त्रका ज्ञाता, वर्ण, कला, पद, तत्त्व,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मन्त्र र भुवन यी छ अध्वालाई जान्ने, जाग्रत्, स्वप्न र सुषुप्ति तीनै अवस्थाको रहस्य बुझेका, आफ्नो शरीरमा रहेका छ चक्रहरू, सोह्र आधार, तीन लक्ष्य, पाँच आकाश यी तत्त्वहरूलाई साक्षात्कार गरेका, कुण्डलिनी तत्त्वका ज्ञाता, परा, पश्यन्ती, मध्यमा र वैखरी वाणीका यी चार अवस्था जान्ने आदि लक्षण जसमा छन् त्यस्ता गुरु पाउनु भाग्यमानी हो। तीन किसिमका भाव छन् पशु, वीर र दिव्य। गुरु पनि तीनै प्रकारका हुन्छन् र मन्त्र देवता पनि। कौल गुरुलाई सम्पूर्ण मन्त्रहरू दिने अधिकार प्राप्त छ; यसकारण कुलीन गुरु नै सद्गुरु भनिन्छन्। सूर्य, गणेश, शिव, विष्णु, शक्ति आदि देवताका मन्त्रहरूका उपदेश कौल (कुलको) गुरुबाट लिएमा सिद्धि प्राप्त हुन्छ।

यसमा पनि शान्त, कुलीन, मन्त्रतत्त्व जान्ने, सधवा स्त्री गुरुबाट लिएको दीक्षा शुभ हुन्छ। सिद्धमन्त्रको उपदेश भने विधवा स्त्रीबाट लिनुपरे पनि हानि हुँदैन। अरु मन्त्रहरू पिताबाट लिनु हुँदैन तर सिद्ध मन्त्र छ भने बाबुले आफ्नो ज्येठो छोरोलाई पहिले दिनुपर्दछ भन्ने वचन पाइन्छ। गुरु बनाउँदा निन्दित, रोगी, क्रूर, पापी, हिंस्रक, सुवर्ण बेच्ने, चोरी गर्ने, बुद्धिहीन, बाउन्ने, कालो दाँत भएका, कुलाचारविहीन, अशान्त, असंस्कारी, कपटी, धेरै बोल्ने, धेरै खाने, छुच्चो, झूठो आदि दोष भएकालाई त्याग गर्नुपर्दछ।

गुरुतत्त्व ईश्वर तत्त्व नै हो। गुरुमा मनुष्यको भावना कहिल्यै गर्नु हुँदैन। गुरुलाई मानिस त हो नि भन्ठान्यो र मन्त्रलाई अक्षरै त हो नि भन्ठान्यो भने त्यस्तालाई सिद्धि कदापि प्राप्त हुँदैन। गुरु नभै केवल सिद्धिका इच्छाले पुस्तकमा हेरेर उपासना आदि गर्‍यो भने सिद्धि प्राप्त हुँदैन। स्वप्नमा पाएको विद्या पनि पछि गुरु मुखबाट सुनेपछिमात्र अभ्यास गर्ने अधिकार प्राप्त हुन्छ। त्यति मात्र के गुरुका वंशको पनि मर्यादा र सम्मान गर्ने शिष्य सधैं सुखी र ज्ञानी बन्दछ। समस्त शास्त्रहरू, समस्त देवताहरू गुरुकै मुखारविन्दबाट प्राप्त हुन्छन्। गुरु विना ज्ञान हुँदैन, ज्ञान नभै मोक्ष हुँदैन। यसकारण गुरु नै परमतत्त्व र ब्रह्म हुन्।

तान्त्रिक साधनामा गुरुको स्थान, गुरुको महत्त्व ज्यादै उत्कृष्ट छ। जन्म दिने र ब्रह्म तत्त्वको साक्षात्कार गराइ-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दिने दुवै पिता नै हुन् । तर जन्म दिने पिताभन्दा भवबन्धनबाट छुट्ने बाटो देखाई दिने गुरु ज्यादै महान् हुन्छन् । त्यसैले गुरुलाई ईश्वरस्वरूप मात्र होइन, परब्रह्म स्वरूप नै मानिन्छ ।

गुरु दुई प्रकारका हुन्छन्– दीक्षा गुरु र शिक्षा गुरु । जसको मुखारविन्दबाट महान् मन्त्र प्राप्त गरेको छ, अभ्यास गरिन्छ ती दीक्षा गुरु हुन्, तिनै महान् हुन्छन्, समस्त सिद्धिहरू तिनैका पछि पछि लाग्दछन् । चेलो बनाएर पैसा ठग्ने गुरुहरू संसारमा धेरै पाइन्छन् तर भोग र मोक्षको बाटो देखाई दिने सद्गुरु दुर्लभ हुन्छन् । स्वयं तत्त्वको ज्ञाता भएपछि मात्र अर्कालाई यसको उपदेश गर्न सकिन्छ । स्वयं सिद्धि प्राप्त गरेको छैन भने त्यस्तो गुरुले अर्कालाई कसरी तार्ने । ढुङ्गाले फलामलाई तार्न सक्तैन, बरू यसको उल्टो फलामले नाउ भएर ढुङ्गालाई तार्दछ । यसकारण कुलगुरुको खोजी गर्नु पर्दछ, यिनैको उपदेशले साधनापूर्ण बन्न सक्तछ, ब्रह्मतत्त्वको साक्षात्कार हुन सक्तछ । कुलगुरु स्वयं महाकाल स्वरूप हुन्, समस्त शास्त्रका ज्ञाता, समस्त तन्त्रका उपदेशक साक्षात् शिव हुन् । यिनैले प्रदान गरेको दीक्षा ग्रहण गरेर दीक्षित व्यक्तिले परमसिद्धि प्राप्त गर्न सक्तछ ।

प्रथमतः दीक्षाकै प्रसङ्गलाई लिएर केही चर्चा प्रस्तुत गर्दछु ।

साक्षात् शिव स्वरूप बनाई दिने, सम्पूर्ण मल–कल्पषलाई नष्ट गराई दिने विद्या नै दीक्षा हो ।

दीयते परमं ज्ञानं क्षीयते पापपद्धतिः ।
तेन दीक्षोच्यते मन्त्रे स्वागमार्थबलाबलात् ॥
दीयते ज्ञानमत्यर्थं क्षीयते पाशबन्धनम् ।
अतो दीक्षेति देवेशि ! कथिता तत्त्वचित्तकैः ।

दिनदिनै हामीहरू जानि नजानिकन मन, वचन र कर्मले विभिन्न पापकर्ममा लिप्त रहन्छौं, यिनीहरूको विनाश केवल दीक्षाबाट मात्र सम्भवछ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दीक्षाबाट ज्ञान, ब्रह्मज्ञान प्राप्त हुन्छ, यो ज्ञान प्राप्त गरेपछि जन्म र मृत्युको चक्रबाट जीवन मुक्त हुन्छ, स्वयं शिवभावमा प्राप्त हुन्छ। यही दीक्षाको माहात्म्य हो।

दीक्षा प्राप्त नगरी कुनै साधनामा अधिकार प्राप्त हुँदैन। अदीक्षित व्यक्ति मऱ्यो भने पनि त्यसलाई सद्गति लाभ हुँदैन। दीक्षा नलिइकन गरेका जप, पूजा, पाठ सम्पूर्ण कर्म ढुङ्गामा छरेको बीज नउम्रे झैं निष्फल हुन्छन्। दीक्षाभन्दा ठूलो ज्ञान, यसभन्दा ठूलो तपस्या र यसभन्दा ठूलो काल हुँदै हुँदैन। दीक्षित व्यक्ति स्वयं शिव हुन्छ। उसको दर्शन मात्रले पनि अज्ञान घट्न शुरु हुन्छ।

गुरु तीन प्रकारका हुन्छन्– पशु, वीर र दिव्य। वीर र दिव्य गुरुलाई कुलगुरु भन्दछन्। दीक्षा लिंदा वीर र दिव्य गुरुबाटै लिनु श्रेयस्कर हुन्छ। गुरुबाट दीक्षा प्रदान नगरिकन पुस्तकमा लेखिएको छ भन्दैमा आफैं कुनै मन्त्रको साधना गर्नु उचित हुँदैन। यसबाट लाभ होइन, हानिको सम्भावना रहन्छ। आफ्नो स्वेच्छाले लुकेर अथवा छल गरेर लिएको दीक्षा निन्दित दीक्षा हो, यसबाट अभीष्टसिद्धि सम्भव छैन। दीक्षामा जति पनि क्रियाहरू हुन्छन्, सबैमा गुरुको ठूलो भूमिका रहन्छ, यसकारण सबै-थरी दीक्षा गुरुमुलक हुन्छ। दीक्षा तीन प्रकारको हुन्छ– शाक्ती, शाम्भवी र मान्त्री। शिष्यमा शक्तिको प्रवेश गराइदिने दीक्षा शाक्ती दीक्षा हो। शक्ति चिद्रूपिणी कुण्डलिनीलाई भन्दछन्। विभिन्न क्रियाहरूको माध्यमबाट कुल र अकुलको भेद सिकाएर ब्रह्मनाडीमा परम शिवसंग कुण्डलिनीको मिलन गराउने विद्या शाक्ती- दीक्षा हो। यसैबाट शक्ति प्रवेश हुन्छ। चरणविन्यास गराउने दीक्षा शाम्भवी–दीक्षा भनिन्छ। चरण चार प्रकारका हुन्छन्– शुक्ल चरण, रक्त चरण, मिश्र चरण (शुक्ल र रक्त दुवै) एवं परम चरण। वेदका विशेष प्रक्रियाहरू छन्। यसमा सत्त्व गुण प्रधान शुक्ल चरण, रजोगुण प्रधान रक्त चरण, तमोगुण प्रधान मिश्र चरण, गुणातीत निर्वाण परम चरण भनिन्छ। सहस्रदल कमलको बीचमा विराजमान चन्द्र मण्डल, त्यहाँबाट निस्कने पीयूषधारा, यसबाट निरन्तर भिजेको आफूलाई चिन्तन गर्नु, यसबाट परम सुख, आनन्द प्राप्त हुन्छ। यही शाम्भवी दीक्षाको परिणाम हो। कुनै खास महाविद्याको विशेष मन्त्र पाएर यसको साधनाबाट सिद्धि

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्राप्त गर्ने दीक्षा मान्त्री दीक्षा हो। यसैलाई आणवी पनि भनिन्छ। यसैले रुद्रयामलमा आणवी, शाम्भवी र शाक्ती तीन किसिमका दीक्षाको प्रावधान छ। वायवीय संहितामा पनि यही तथ्य प्रकारान्तरले प्रतिपादन गरिएको छ। सारांशमा दीक्षाका सम्वन्धमा जहाँ जे लेखिएको भए पनि गुरु विना कुनै पनि तन्त्रमन्त्र, व्रत, तप, दान, धर्म-कर्म सफल हुँदैन। विशेषत: तन्त्रशास्त्रमा त गुरुलाई नै सम्पूर्ण शक्ति(ऋद्धि-सिद्धि) का स्रोत भनिन्छ। अत: तन्त्रमा गुरुको स्थान सर्वोत्तम किंवा अनिर्वचनीय नै छ भनेमा अत्युक्ति हुनेछैन।

"व्रतेन दीक्षामाप्नोति,
दीक्षयाप्नोति दक्षिणाम् ।
दक्षिणा श्रद्धामाप्नोति,
श्रद्धया सत्यमाप्यते ॥"

– शुक्लयजुर्वेद ।

व्रत अर्थात् नियमपूर्वक कार्य गर्नाले दीक्षा प्राप्त हुन्छ। दीक्षाद्वारा विनम्रता, सरलता, कृतज्ञता आदि गुण प्राप्त हुन्छन्। विनम्रता आदि गुणहरूले श्रद्धा प्राप्त हुन्छ। श्रद्धाद्वारा सत्य प्राप्त हुन्छ।)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रीभगवती (कडेलचोक भगवती)

कुलचन्द्र कोइराला

ऐतिहासिकता

शिवपार्वती झ्यालमा बसेको आयताकार नवयोगिनी मन्दिरको पूर्व-भागमा सङकपूर्व दरबारकै बाहृय भवनको रूपमा रहेको घरको माथिल्लो तलामाथि मन्दिरको आकारमा उठाएको सानो मन्दिर छ। यो मन्दिर भएको भवनको लङभित्र चोक छ, जुन चोकलाई स्थानीय भाषामा कह्ले-होल चोक भन्दछन्। उक्त शब्दको अपभ्रंशरूप कह्लेल वा कडेंल चोकको नाउँले आजभोलि उक्त चोक प्रसिद्ध छ। यसै चोकको नाउँले चोकलाई भित्र पारेर बनेको घरमाथि बनेको उपर्युक्त सानो मन्दिर पनि आजकाल कडेलचोक भगवतीकै नाउँले प्रसिद्ध छ। यही कह्लेहोल चोक भित्रबाटै देगुलीतले, मन्दिरमा पनि जानु पर्छ। कडेलचोक भगवतीको पूजाआजालाई पनि पहिले भित्रकै चोकबाट जान हुने गरी यो मन्दिर बनेको थियो। पछि मात्र यस मन्दिरमा जान बाहिरी लङबाटै भरेङ राखी भित्रबाट बन्द गरिएको छ।

श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायणशाह विशेषरूपले भगवती-का उपासक भएको कुरा सल्यानकोटकी देवीले कन्यारूपमा दर्शन दिएको कुराबाट थाहा पाइन्छ।[1] यस मन्दिरमा स्थापना गरिएकी महिष-मर्दिनी भगवतीलाई नुवाकोट भगवती भन्ने पनि चलन छ र उक्त देवीको आजसम्म पनि वर्षमा एक पटक नुवाकोट यात्रा गराउने चलन छँदैछ।

---

१. श्री ५ पृथ्वी नारायण शाहको दिव्योपदेश—पन्त र अरू।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किम्वदन्ती अनुसार, नित्य उपासना गरिने उक्त महिषमर्दिनीको मूर्तिलाई श्री ५ पृथ्वीनारायण शाहको जहाँ सवारी हुँदा पनि साथै लाने चलन थियो। अर्थात् श्री ५ को खोकिलामा सधैं यो इष्टदेवीको सानो मूर्ति रहन्थ्यो।

नुवाकोट विजय भएपछि श्री ५ पृथ्वी नारायणको प्रमुख राजधानीकै रूपमा नुवाकोटले स्थान पायो। प्राचीन वास्तुशास्त्रअनुसार राजदरबार तथा विशिष्ट व्यक्तिका महलहरू विमान कहिन्थे। सात तला र त्यसभन्दा बढी ९, १० तला भएका राज–प्रासाद हुन्थे। यस्तै भवनलाई विमान-प्रासाद भनेको पाइन्छ।

राजधानीको दर्जा पाएपछिको नुवाकोट, निकै विकसित भयो। यहाँ साततलाको दरबार पनि बन्यो। १९९० सालको भूकम्पबाट भग्न भएपछि यसलाई तला होच्याई नव–निर्माण गरियो भनिन्छ। यो दरबार आज पनि स्मारक रूपमा छँदैछ।

नुवाकोटमा प्रसिद्ध भैरवीको मन्दिर छ। उपासना गर्दा तत्काल फल दिने भनेर मानिएकी देवी भैरवीप्रति पनि श्री ५ बडामहाराजाधिराजको असीम श्रद्धा र विश्वास थियो भन्ने कुरा त्यहाँका पुजारी धामीको परम्परा, र प्राचीन अभिलेखहरूद्वारा थाहा पाइन्छ। आज पनि धामीले वार्षिक फलाफल दरवारमा जाहेर गरी पठाउँछन्।

बाहिरका प्रसिद्ध देवताको पूजा दर्शनको दैनिक कार्यक्रम भए पनि घरमा इष्टदेवताको रूपमा साना प्रतिमाहरू राखी पूजा गरिने पुरानो परम्परा रहेको छ। अचल प्रतिमाहरू बोकेर बाहिर लान हुँदैन र सकिंदैन पनि। उनकै प्रतिरूप, साना मूर्तिहरू बनाएर घरमा पनि नित्य पुज्ने र बाहिर जाँदा पनि साथै लैजाने व्यवस्थाका लागि यस्ता मूर्ति बनाइन्थे।

यस्तै नित्य उपासना गरिने र जहाँ जाँदा पनि साथै लाने भगवतीको मूर्ति, काठमाडौं विजय भएपछि नित्य पूजा र दर्शन गर्न दरबार भित्रबाट जानु–आउनु हुने गरी स्थापना गरियो।

मल्ल राजाहरूकी इष्टदेवी तुलजा भवानी, कुलदेवीकै रूपमा उपासिता देगुलितले भगवती, पनि दरवार क्षेत्रभित्रै स्थापना गरिएर राजपरिवारले दैनिक पूजा–वन्दनामा सम्मिलित हुन सक्ने व्यवस्था गरिएको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पाइन्छ । त्यस्तै व्यवस्था मिलाएर कडेल चोकको भगवतीको पनि स्थापना गरियो ।

मन्दिरको निर्माणकाल सम्बन्धी इतिहास

यो मन्दिरको निर्माण भगवतीको मन्दिरको रूपमा नभएर महीपतीन्द्र नारायणको मन्दिर थियो भनेर अनुसन्धानकर्ताहरूले उल्लेख गरेका छन्[२] । यसो भनिनुको कारण यस देवलको छानाको किनारामा अङ्कित अभिलेख हो । १८१३ वि. सं. मा मल्लराजा जयप्रकाशले महीपतीन्द्र नारायणको उक्त मन्दिरमा सुनको छाना हालेको कुरा लेखिएको छ ।[३]

राजा प्रतापमल्लका कान्छा छोरा महीपतीन्द्र नाउँका थिए । मन परेका छोरा भएर होला उनले दाजुहरू नृपेन्द्र र पार्थिवेन्द्रभन्दा अगाडि राजा हुने क्रममा राखेका थिए ।

प्रतापमल्लको निधनपछि भक्तपुर पाटनका राजा सहित भारदारलाई जेठो क्रम छाडेको मन परेन । अतः बाँचेका छोराहरूमध्ये जेठा नृपेन्द्र राजगद्दीमा बसे ।

नृपेन्द्र पनि सन्तान नजन्मदै परलोकगामी भएकाले पुनः उनका भाइ पार्थिवेन्द्रले राज्य पाए । पार्थिवेन्द्रको पनि बिषद्वारा चाँडै मृत्यु भएकोले महीपतीन्द्र गद्दीको हक खोज्दथे किन्तु पार्थिवेन्द्रका छोरा भूपालेन्द्र मल्ल जन्मिएकाले केही बलिया भारदारहरू छोरापट्टि रोल दिने पक्षमा थिए । आखिर भूपालेन्द्रले नै गद्दी पाए, महीपतीन्द्र कैद गरिए । त्यहाँबाट उम्की उनी पाटनका राजाका शरणमा गए । वहाँ पनि महीपतीन्द्रमाथि हमला गरियो । त्यहाँबाट भागेर उनी पशुपतिको शरणमा पशुपतिका रावल (मूल पुजारी) स्वामी राघवानन्दको शरणमा लुकेर बसे ।[४]

---

२. हनुमानढोका राजदरबार – पृ. ५७, गौतमवज्र वज्राचार्य ।

३. ऐ. पृ. मा उद्धृत र ६९ संख्याको अभिलेख सम्वत् ८७६ ज्येष्ठमासे शुक्लपक्षे अष्टम्यान्तिथौ उत्तरफाल्गुनीनक्षत्रे शुद्धियोगे आदित्यवासरे यथा कर्ण्णमुहूर्ते वृषराशिगते सवितरि कन्याराशि ...... जयप्रकाश मल्लन थ्व कुन्हु श्री श्री महीपतीन्द्र नारायण प्रीतीन् थ्वलुया श्री श्री... ... देव मल्लन प्रभुठाकुलशन नारायण महीपते ... ... जयप्रकाश देवेन कृत हेम ...... (उद्धरण पृ. २६१ बाट)

४. भाषा वंशावली– लम्साल ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा भूपालेन्द्रका प्रधानकाजी हुन पुगेका लक्ष्मी नारायण प्रधानको[५] दृष्टिमा महीपतीन्द्र ठूलो काँडो ठहरिए। उनले मानिस पठाई पशुपतिबाट लछारपछार कुटपीट गरेर ल्याउँदै १७४४ साल भाद्रमा महीपतीन्द्रको ज्यान गयो।

राजा भूपालेन्द्र पनि तरुणावस्थामा नै मरे। उनका छोरा राजा भाष्कर मल्ल निःसन्तान थिए र उनका शेषपछि उत्तराधिकारी हुने अरू नभएकाले महीपतीन्द्रका छोरीपटिका सन्तान जगज्जय मल्लले काठमाडौंको गद्दी पाए।

सूर्यवंशी भनिने दोस्रो मल्ल राजवंश, जो आफूलाई कर्णाटकवंशी नान्यदेवका सन्ततिमा गणना गर्थ्यो, समाप्त भयो। अब राजवंशको उत्तराधिकार पुत्रिका पुत्र[६] (मावलीपट्टिको वंश चलाउने छोरीका छोरा) को रूपमा जगज्जय मल्लले काठमाडौंको राज्य पाए।

आफ्नो अधिकारमा विघ्न पार्न सक्ने शत्रु सम्झिएका महीपतीन्द्रलाई क्रूरतापूर्वक मारेर पनि सन्तोष नपाएका लक्ष्मी नारायण प्रधानले महीपतीन्द्रको लाशलाई अग्नि संस्कार गर्नसम्म पनि दिएनन्[७]। काजक्रियाको त कुरै हरायो। उनको मृत्यु भएको २५ वर्षपछि राजा भाष्कर मल्लको पालामा उनको जन्म पत्रिकाको अग्नि संस्कार गरी क्रिया गरियो। शायद अपुता राजा भाष्कर मल्लले उत्तराधिकारीको रूपमा जगज्जयलाई चयन गरेपछि नै यो कार्य भएको होला।

महीपतीन्द्र मल्लको सन्तान भएको नाताले गद्दीको हकदार हुँ भन्ने देखाउन राजा जगज्जय मल्लले आफ्नो टकमा एकापट्टि आफ्नो र अर्कोपट्टि महीपतीन्द्र मल्लको नाम उल्लेख गराए।

---

५. लक्ष्मी नारायण जोशी भन्ने वंशावलीमा लेखिएको भएता पनि उनी प्रधान थिए भन्ने कुरा मेरो संग्रहमा भएको भूपालेन्द्र मल्लको १७४५ को लालमोहरबाट जानिन्छ।

६. लेखकको तुलजा सम्बन्धी लेखमा पुत्रिका पुत्रको शास्त्रीय विवेचना गरिएको छ।

७. भाषा वंशावली र ठ्यासफूहरूको ऐतिहासिक व्याख्या पूर्णिमा ४ वर्ष अंक ४–३८०–८२ पृ.।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हुन त जगज्जय मल्ल महीपतीन्द्रका नाति नै हुन् भन्ने पुष्ट प्रमाण पाउन सकिएको छैन । तथापि उत्तराधिकारको निम्ति शुद्ध कुलको अपेक्षा गरिने त्यो वेलामा पनि परम्परा रहेको र पुत्रिका पुत्रले निर्विवाद रूपमा मातृकुलको गोत्र धारण गरी वंश चलाउने मान्यता शास्त्रद्वारा नै प्राप्त भएको हुँदा छोरीकै छोरा रहेछन् भन्न सकिने अवस्था छ । साथै प्रतापमल्लका रानीहरू मध्ये दुई रानी कुचविहारका राजाकी छोरी र एउटी कर्णाटकवंशकी क्षेत्रिय पुत्री थिइन् । शायद मन परेकी रानी कर्णाटक कुल पुत्रीकै सन्तान महीपतीन्द्र थिए कि ? उनका छोरीपट्टिका नाति राजा जगज्जय मल्लकी रानी कुमुदिनी पनि कर्णाटक कुलकै थिइन् ।

जसको नाताले जगज्जयले गद्दी पाए उनै मातामहको प्रति श्रद्धा राखेर मुक्ति मिलोस् भन्ने उद्देश्यले दरबारभित्रबाटै प्रतिदिन पूजा आजा गर्न पाइने गरी यो मन्दिर बनाई श्री महीपतीन्द्र नारायणको स्थापना गरेका रहेछन् भन्ने जानिन्छ । राजा जगज्जयका छोरा अन्तिम मल्ल राजा जयप्रकाशले उपर्युक्त मन्दिरमा सुनको छाना हाली आफ्नो श्रद्धा प्रकट गरेका थिए भन्ने कुरा थाहा हुन्छ ।

यस मन्दिरभित्र भगवतीका मूर्तिसँगै अगलबगलमा राजा प्रताप मल्ल र उनकी रानी इन्द्रमती, एवं अनन्त प्रिया देवीको संज्ञनामा स्थापना गरिएका तान्त्रिक देवदेवीका स्वर्ण प्रतिमाहरू अझ पनि त्यहाँ छन् । किन्तु नारायणको प्रतिमा भने त्यहाँ छैन । श्री गौतमवज्रले यो रहस्यको उद्घाटन गर्ने एउटा ठ्यासफुको पूर्णिमा (वि. सं. २०२५ कार्तिक पृ. १९५) मा उल्लेख गरेका छन् र आफ्नो हनुमानढोका राजदरबार भन्ने पुस्तकको पृ. ५८ को टिप्पणीमा ठ्यासफुको अंश उध्दृत गरेका छन् ।[८]

---

८. "सं. ८८६ वैशाख शु. ६ थ्व कुन्हु श्री ३ महीपतीन्द्र नारायण जुस्के खुयाओ यन थ्वया शान्ति याउन देवपूजा वरि पूत तया उगन्हु हुन्हु वेनका होम याङा समुद्र कलश ग्व ४ मूर्ति चोया शविभक्ति ताहा प्वँन तथा मृत्तिका जोरण तिर्थलख गंगाजल दंयकाओ प्रतिष्ठा कथनं शान्ति कथनं याङा दान तिलपात्र लु ८१ रति र पतिशतत्व सोधन याङा देवस्त"

—ऐतिहासिक घटनावलि, गौतम वज्र, पूर्णिमा
(वि.सं. २०२५ कार्तिकको पृ. १९५ बाट)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नारायणको मूर्ति हराएर खाली थियो, त्यो ठाउँमा भगवतीको मूर्ति स्थापना गरियो। मूर्ति चोरी भएको रहस्यात्मक कुरा राजा जयप्रकाश मल्लका पालामा लेखिएको एउटा ठ्यासफुमा लेखिएको छ। १८२३ वि. सं. को वैशाखमा महीपतीन्द्र नारायणको मूर्ति चोरले चोरी गरी लगेकोले त्यसको शान्ति स्वस्ति गरिएको वर्णन, उक्त ठ्यासफुमा उल्लेख भएको कुरा गौतम वज्रले उल्लेख गरेका छन्।[९]

नेपालका केही पश्चात्कालिन वंशावलीमा उक्त मन्दिर सम्बन्धमा, श्री ५ पृथ्वी नारायण शाहले वि. सं. १८२५ मा काठमाडौं विजय गर्दा खल्तीमा राखी ल्याएकी भगवतीलाई हनुमान् ढोका दरबारमा तीनछाना भएको मन्दिर बनाई स्थापना गरेको तथा प्रतिवर्ष काठमाडौंबाट नुवाकोट-सम्मको जात्रा गर्ने चलन चलाई गुठी राखेको कुरा उल्लेख गरेको पाइन्छ। परन्तु उपर्युक्त ठ्यासफुको प्रमाणबाट खाली ठाउँमा नै भगवतीको स्थापना गरेको कुरा सिद्ध छ। नुवाकोटसम्मको खटयात्रा भने अद्यावधि चलेकै छ र भगवतीको पूजा आजा र जात्रा पर्व चलाउन प्रशस्त गुठी राखिएकोले श्री ५ बडामहाराजाधिराजकी श्रद्धेय इष्टदेवी हुन् भन्ने कुरामा विवाद छैन।

ने. सं. ८८६ मा मूर्ति चोरी भएको कुरा लेखिएकोले भास्कर मल्लको निधनपछि जगज्जय मल्ल राजा हुने बित्तिकै नै मन्दिर निर्माण गरी श्री महीपतीन्द्र नारायणको स्थापना भएको मान्न सकिन्छ।

श्री ५ पृथ्वीनारायण शाहले काठमाडौंमा श्री नुवाकोट भगवतीलाई गुठी राखी दिएको कुरा इंगित गर्ने सं. १८५२ को कागजको गौतम वज्रले उल्लेख गरेका छन्। यस सम्बन्धमा गुठी सम्बन्धी लगत तथा लालमोहरहरू गुठी संस्थानमा पनि छन्, जुन यसैको परिशिष्टमा उल्लेख भएको छ।

हनुमान्ढोका राजदबारकै अङ्गको रूपमा गद्दी बैठक देखि श्वेत-भैरव सम्म दक्षिणबाट उत्तर हुँदै बनेको पुरानो नेपाली शैलीको लामो भवन–पंक्तिकै उपल्लो अङ्गको रूपमा बनेको यो मन्दिरको भुइँतलामा कला-त्मक मल्लकालिक ढोका छ। होचो किसिमले बनाइएको त्यस ढोकाको माथिल्लो भागमा गरुडासन विष्णुको मूर्ति कुंदिएको देखापर्छ। मल्ल-

---

९. उपर्युक्त लेख नै हुनुमानढोका राजदरबार पृ. ५८ मा उद्धृत

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

कालमा बाहिरबाट महीपतीन्द्र नारायणको मन्दिरमा पस्ने द्वार यही नै होला भन्ने कुरा श्री गौतमवज्रले उल्लेख गरेका छन्। किन्तु आज भोलि भने त्यो ढोकाबाट मन्दिरमा जान पाइदैन। बायाँतिरको अग्लो पेटी माथिको अर्को सानो ढोकाबाट भगवतीको मन्दिरमा जाने बाटो छ। ढोका-बाट भित्र पस्नासाथ काठको ठाडो भऱ्याङ छ।

यो मन्दिरको पहिलो तहको छानामुनि विधि झ्याल जडिएको छ। त्यही विधि झ्याल भएको तलाको सानो ठाउँमा श्री नुवाकोट भगवती र अरू देवताका स्वर्णिम मूर्तिहरू छन्। यस मन्दिरका माथिल्ला दुइ छाना चाहिं सुनको मोलम्बा लागेका छन् र बाहिरबाटै देखिने गजूर पनि स्वर्ण-मय नै छ।

यस मन्दिरको वि. सं. १८८८ तथा वि. सं. १९०४ मा मर्मत भएको थियो भन्ने कुरा उक्त मन्दिरको दोस्रो छानाको किनारामा अङ्कन गरिएको अभिलेखबाट थाहा हुन्छ।[१०]

मन्दिरमा स्थापना गरिएका दुई सुवर्णका प्रतिमा र भगवतीको विग्रह बाहेक, इन्द्रजात्रा पर्वमा प्रदर्शन गरिने धातुको भैरव मूर्ति पनि राखिएको छ। मन्दिरको बायाँतिर भऱ्याङसंगै रहेको सानो वेदिकामाथि त्यो मूर्ति देखिन्छ। इन्द्रजात्रामा त्यो मूर्ति त्यहाँबाट झिकी मैजुदेवलको मुनि दोबाटोमा राखेर (उक्त मूर्ति) प्रदर्शन गरिन्छ।

गौतम वज्रको कथन अनुसार कलाको दृष्टिले यो भैरव मूर्तिको निर्माणकाल अठारौं शती भनिन्छ। इन्द्रजात्रा पर्वमा इन्द्रचोकका आकाश-भैरव लगायतका भैरव मूर्तिको प्रदर्शन र पूजा आजा गर्ने परम्परा छ। मनोरञ्जनका आधुनिक साधन नभएका वेलामा विशेष चाडपर्वलाई आक-र्षक बनाउन, कलात्मक देतदेवीका मूर्ति प्रदर्शन गर्ने देवदेवीकै शास्त्रीय कथनका रूप अनुकूल बनाइएका मुकुण्डाहरू लगाएर नृत्य प्रदर्शन गर्ने चलन थियो। देवी–नृत्य, श्वेतकाली–नृत्य, दशावतार-नृत्य जस्ता नाचहरू यो इन्द्रजात्रा पर्वमा प्रदर्शन गर्दछन्।

इन्द्रजात्रा पर्वमा भगवतीका (नुवाकोट भगवतीका) मन्दिरमुनिको कोष्ठागार बाहिर अरू देवदेवताका मूर्तिहरू प्रदर्शन गरिन्छ। धातुका ती

१०. यो लेख साभार हनुमानढोका राजदरबारको आधारमा छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रदर्शन गरिने मूर्तिहरू, नुवाकोट भगवतीको मूल चोकमा रहेको भण्डार कोठाबाट झिकी सिंह ढोकाको बाटो गरी ल्याइन्छन् ।

ती प्रदर्शन गरिने मूर्तिहरू मध्ये एउटाका पादपीठको अभिलेखबाट आनन्द– भैरव, आनन्द भैरवी र कुमारका मूर्ति हुन् भन्ने कुरा जानिन्छ । मल्ल राजा भूपालेन्द्रकी रानी भुवन लक्ष्मीले राजाको देहावसान भएपछि वि. सं. १७५६ भाद्रमा आफ्ना पति आफू र बालक छोरा राजा भास्कर मल्लको प्रतीक रूपमा यी देव मूर्तिहरूको निर्माण गराएकी थिइन् । इन्द्र-जात्राको दिन बाहिर सबैले दर्शन पाउने ठाउँमा ल्याएर ती मूर्तिहरू प्रदर्शन गर्नुपर्ने कुरा पनि मूर्तिका अभिलेखमा नै उल्लेख भएको छ ।[११]

गौतम वज्रको उल्लेख अनुसार, एउटा कागजपत्रमा लेखिएको कुराबाट थाहा पाइन्छ कि, इन्द्रजात्राको दिन मूर्तिहरू प्रदर्शन गर्न लैजाँदा पूजा सामग्री आफ्नै बाहुलीबाट संकलन गरी ती मूर्तिहरूको श्री ५ बडामहा-राजाधिराज पृथ्वी नारायणबाट स्वयं पूजा सम्पादन भएको थियो ।

श्री नुवाकोट भगवतीका सांस्कृतिक जात्रा-पर्वहरू[१२]

साधारणतया भगवतीका पर्वहरू, बडादशैं, चैते दशैं र काठमाडौंको विशेष चाड इन्द्रजात्रा, साउने संक्रान्ति, माघे संक्रान्ति, प्रत्येक महीनाका अष्टमी, चतुर्दशी आदि पर्व छन् भने, इष्टदेवताको विशेष पूजाको व्यवस्था राजा, राजकुमारहरूका जन्मोत्सव पर्वहरूमा पनि गरिन्छ ।

नुवाकोट भगवतीको लागि पूजापर्व सम्पादन गर्न गुठीको व्यवस्था गर्दा उक्त गुठीकै आम्दानीबाट श्री मनकामना भगवती, तथा काठमाडौंका गणेश, भैरव आदिको विशेष पूजा हुने इन्द्रजात्रा पर्वका दिनहरूमा यहाँका देवताहरूमा पनि पूजा गर्ने दरबन्दी बनाइएको पाइन्छ ।

---

११. हनुमान्ढोका राजदरबार– गौतम वज्र पृ. ५६ र ५७ सं. अभिलेख–
   १. सम्वत् ८२८ आश्विनमासे शुक्लपक्षे महाष्टम्यान्तिथौं शुक्रवासरे थ्व महाष्टमी पर्व दिन
   २. कुन्हु श्री ३ तलेजुमाजु प्रीतिन श्री २ भुवन लक्ष्मी देवीन थ्व श्री मूर्तिह्नन्ता जुलो शुभ मूल चुक न्हुल दयकं ।
१२. गुठी खर्च अड्डामा रहेको दरबन्दी किताबबाट ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पर्वहरूको गणना गर्दा निम्नस्थ पर्वहरू देखिन्छन्–

(१) वैशाख कृष्ण चौंथी पर्व, (२) ऐ अष्टमी र द्वादशी पर्व, (३) शुक्ल चतुर्दशी र पूर्णिमा पर्व, (४) वैशाख पूर्णिमादेखि ज्येष्ठ कृष्ण पञ्चमीतक र ऐ को अष्टमी पर्व (गोरखाकी श्री मनकामना माईको पर्व काठमाडौंबाट तै गै चलाउनु पर्ने (५) ज्येष्ठ शुक्ल पूर्णिमा (वर्ष बन्धन पूजा) (६) श्रावण संक्रान्ति पर्व (७) भाद्र कृष्ण अष्टमी पर्व, (८) भाद्र शुक्ल तृतीया पर्व, भाद्र शुक्ल ११ देखि ऐ पूर्णिमा तक (इन्द्रजात्रा पर्व), (९) श्री कुमारी, गणेश, भैरव समेत (इन्द्रजात्रा पर्वमा), (१०) आश्विन कृष्ण परेवादेखि पञ्चमी तकको पर्व (११) आश्विन शुक्ल परेवा (घटस्थापनादेखि दशमी तकको पर्व, (१२) कार्तिक वदी ३० (औंशी) लक्ष्मी पूजाको दिनको पर्व (भगवती तथा लक्ष्मी पूजा पर्व (१३) कार्तिक शुक्ल चतुर्दशी र पूर्णिमा पर्व, (१४) कार्तिक चतुर्दशी तथा पूर्णिमादेखि मंसीर कृष्ण पञ्चमी सम्ममा र ऐ को अष्टमी पर्व (गोरखा मनकामनामा उहींबाट चलाउनु पर्ने), (१५) कर्णेल चोक(नुवाकोट भगवतीकै कार्तिक शुक्ल पूर्णिमाको पर्व), (१६) फाल्गुन १४ (शिवरात्री) पर्व (१७) चैत्र शुक्ल परेवादेखि अष्टमीतक (चैत्रदशैं) पर्व समेत गरी सत्र पर्वहरू पर्दछन् । पर्वपूजा गर्ने दरबन्दी मल्लकालको तलेजु, दिगुतलेजु को दरबन्दी मिल्दो जुल्दो देखिन्छ । यात्रा– वैशाख कृष्ण चतुर्थीका दिन काठमाडौंमा नुवाकोट भगवतीको विशेष पूजा गरी खटमा राखी नुवाकोटको लागि प्रस्थान हुन्छ । नुवाकोट पुर्याई वैशाख कृष्ण अष्टमीको पर्व नुवाकोटमा नै सम्पन्न हुन्छ । वैशाख कृष्ण चौथीदेखि ऐ द्वादशीसम्म नित्य पूजाको साथै प्रतिदिनको पर्वपूजा समेतको लागि दरबन्दी गरिएको छ । द्वादशीका दिन विशेष पूजा सम्पादन गरी रथ (खट) नुवाकोटबाट काठमाडौं फर्काइन्छ । खट बोकेर लाने रकमी, पुजारीको विवरण परिशिष्टमा उल्लेख भए बमोजिम छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भुवनकोश–विनोद

–शम्भुप्रसाद ढकाल

"उदाप्लुतं विश्वमिदं तदाऽसीत् यन्निद्रया मीलितदृङ न्यमीलयत् ।
अहीन्द्रतल्पेऽधिशयान एकः कृतक्षणः स्वात्मरतो निरीहः ।।" भा. ३।८।१०

अघि यो संसार जलमय छँदा शेषनागमाथि सुत्नु भएका आद्यपुरुषावतार भगवान् नारायणको नाभिस्थानबाट कमलको उत्पत्ति भयो । पानीको सतहमा फुलेको कमलको फूलको माझमा ब्रह्मा उत्पन्न हुनुभयो । तपस्याद्वारा प्रसन्न हुनुभएका भगवान् नारायणबाट वरदान पाएका ब्रह्मा चराचर जगत्को सृष्टि गर्ने काममा लाग्नुभयो । सृष्टि गर्ने काममा लाग्नुभएका ब्रह्माको मनबाट सबभन्दा पहिले सनक, सनन्दन, सनातन र सनत् कुमार नाम गरेका चार ऋषीश्वरहरू उत्पन्न भए । निवृत्ति परायण ऋषिश्वरहरूले प्रजा सृष्टि गर्ने किसिमको ब्रह्माको आज्ञा नमानेकोले रिसाउनु भएको ब्रह्माको दुई आखिभौं बीचबाट एउटा बालकको उत्पत्ति भयो । जन्मनासाथ रूँदै ब्रह्मासँग आफ्नो नाम र बस्ने ठाउँ सोध्न लाग्यो । ब्रह्माले त्यस बालकलाई सम्झाउँदै भन्नुभयो "बाबु ! तिमीले जन्मना साथ साधारण बालकले जस्तै गरेर रोएको हुनाले तिमीलाई प्रजाहरू रुद्र भनेर पुकारा गर्नेछन् । मैले तिमीलाई बस्नको लागि भनेर हृदय, इन्द्रिय, प्राण आदि ठाउँहरूको सृष्टि गरिसकेको छु । तिमीलाई प्रजाहरू शिव, काल, ईश, वामदेव, महादेव आदि नामद्वारा अर्चना बन्दना आदि गर्नेछन् । तिम्रा इला, उमा, अम्बिका आदि पत्नीहरू हुनेछन् । यी पत्नीहरूका साथ तिमीले घेरै प्रजाहरूको सृष्टि गर्नु ।"

भगवदध्यानपूतेन मनसान्यां ततोऽसृजत् । सनकश्च सनन्दं च सनातनमथात्मभूः ।।
सनत्कुमारं च मुनीन्निष्क्रियानूध्वरेतसः।तान् बभासे स्वभूःपुत्रान् प्रजाःसृजत पुयकाः।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सृजत पुत्रकाः । तत्रैच्छन्मोक्षधर्माणो वासुदेव परायणाः ।।५।। ..
क्रोधं दुर्विषहं जातं नियन्तुमुपक्रमे ।।६।।
धिया निगृह्यमाणोऽपि भ्रुवोर्मध्यात् प्रजापतेः ।
सद्यो जायत तन्मन्युः कुमारो नीललोहितः ।।८।।

स वैरुरोद देवानां पूर्वजो भगवान् भवः ।
नामानि कुरु मे धातः स्थानानि च जगद्गुरो ।।८–२०।।...

श्रीमद्भागवत् ३।१२

यस किसिमको ब्रह्माको आज्ञालाई शिरोपर गरेर भगवान् शिवले धेरै प्रजाहरूको सृष्टि गर्नुभयो । त्यसपछि ब्रह्माले मरिच्यादि दश ऋषिहरू-को सृष्टि गर्नुभयो । ब्रह्माको दशौं छोरा नारद ऋषि हुनुहुन्थ्यो । मरिच्यादि ऋषिहरूबाट पनि राम्रोसँग प्रजाको विस्तार हुन नसकेकोले चिन्तित हुनु भएका ब्रह्माको शरीरका एक भागबाट स्त्री र अर्कोबाट पुरुष उत्पन्न भए । "ताभ्यां रूपविभागाभ्यां मिथुनं समपद्यत ।।५२ .. ५६) पुरुषमा स्वायम्भू मनु र स्त्रीमा शतरूपा कन्या हुनु हुन्थ्यो । स्वायम्भुव मनुकी पत्नी शतरूपाका गर्भबाट प्रियव्रत र उत्तानपाद नाम गरेका दुई छोरा र आकूति देवहूति र प्रसूती नाम गरेका तीन छोरीहरू जन्मे । यिनै स्वायम्भुव मनुका सन्तानहरूले यस संसारलाई ढाकेका छन् । (यस पछिका सबै कुराहरू श्रीमद्भागवत् पञ्चमस्कन्धमा आश्रित छन्)

स्वायम्भुव मनुका जेठा छोरा प्रियव्रतले विश्वकर्माकी छोरी बर्हिष्मतीका साथ विवाह गरेर तिनै बर्हिष्मतीको गर्भबाट आग्निध्रादि दश छोराहरू जन्मे । ऊर्जस्वती नाम गरेकी एउटी छोरी पनि जन्मिन् । प्रियव्रतका दश छोराहरूमा महावीर, सवन र कवि यी तीन छोराहरू सानैदेखि भगवान्-का परमप्रिय भक्त भएकाले तपस्वी भएर जङ्गलतिर लागे । बाँकी सात-जना दाज्यू भाइहरूले गृहस्थाश्रमको मार्गलाई अंगाले ।

एक पटक प्रियव्रतले रातलाई दिन बनाउने इच्छा गरेर एउटा एक पाङ्ग्रे रथमा चढेर सात पटक यस ब्रह्माण्डको परिक्रमा गरेका थिए । त्यस समयमा प्रियव्रतको रथको पाङ्ग्रो गुडेको ठाउँमा भासिएर सात समुद्रहरू बने । पाङ्ग्रोले छोडेको ठाउँहरू सातद्वीपको नामले प्रसिद्ध भए । प्रियव्रतले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आफ्ना सातभाइ छोराहरूलाई एक एक द्वीपको अधिपति बनाएका थिए। यस अनुसार प्रियव्रतका छोरा आग्निध्र जम्बूद्वीपका अधिपति भए, इध्मजिह्व प्लक्षद्वीपका, यज्ञवाहु शाल्मलीद्वीपका, हिरण्यरेता कुशद्वीपका, घृतपृष्ठ क्रौञ्चद्वीपका, मेधातिथि शाकद्वीपका र वीतिहोत्र पुष्करद्वीपका अधिपति भएका थिए। (चित्र नं. १)



द्वीपहरू	अधिपतिहरू	समुद्रहरू
क – पुस्करद्वीप	वीतिहोत्र	७–१ क्षारोदादि
ख – शाकद्वीप	मेधातिथि	
ग – क्रौञ्चद्वीप	घृतपृष्ठ	
घ – कुशद्वीप	हिरण्यरेता	
ङ – शाल्मलीद्वीप	यज्ञबाहु	
च – प्लक्षद्वीप	इध्मजिह्व	
छ – जम्बूद्वीप	आग्नीध्र	

जम्बूद्वीपका अधिपति आग्निध्रले पूर्वचित्ती नाम गरेकी अप्सराका साथ विवाह गरे। पूर्वचित्तीका गर्भबाट नाभि, किंपुरुष, हरिवर्ष, इलावृत,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रम्यक, हिरण्मय, कुरु, भद्राश्व र केतुमाल नाम गरेका नौ भाइ छोराहरू जन्मे। आग्निध्रले जम्बूद्वीपलाई नौ भाग लगाएर प्रत्येक छोराहरूलाई एक एक भागको अधिपति बनाइदिए। जस अनुसार दक्षिणबाट उत्तरतिर क्रमशः नाभि आदि सात भाइहरूले एक एक खण्ड पाए। पूर्वको एक भाग भद्राश्वले र पश्चिमतिरको एक भाग केतुमालले पाए। पछि ती नौ खण्डहरूमध्ये दक्षिणको एक खण्ड बाहेक अरू आठ खण्डहरू नौ नौ खण्डका अधिपतिहरूको नामद्वारा प्रसिद्ध भए। दक्षिण भागका अधिपति नाभिले मेरुकी छोरी मेरुदेवीका साथ विवाह गरेर मेरुदेवीका गर्भबाट ऋषभदेव जन्मनुभयो। ऋषभदेवको इन्द्रकी छोरी जयन्तीका साथ विवाह भयो र जयन्तीका गर्भबाट भरतादि शय भाइ छोराहरू जन्मे। ऋषभदेवका ज्येष्ठ छोरा भरत ज्यादै पराक्रमी थिए। त्यसैले उनले राज्य गरेको भू–भागको नाम "भारत वर्ष" रहन गयो। अरू आठ खण्डहरूको नाम यथावत् रहिरह्यो।

प्रियव्रतको रथको पाङ्ग्रोद्वारा विभाजित भएर बनेका सात द्वीपहरू मध्ये सबैभन्दा भित्रको द्वीपको नाम जम्बूद्वीप हो। यो द्वीप सबैभन्दा राम्रो हुनुका साथै विचित्रको र अनौठो किसिमको पनि छ। यसै द्वीपको बारेमा पुराणहरूमा भने अनुसार यहाँ बयान गरिन्छ। वास्तवमा भन्ने हो भने पुराणहरूमा वर्णित जम्बूद्वीप पृथ्वीको उत्तरी गोलार्धको नाम हो। अहिले हाम्रो पृथ्वीको उत्तरी गोलार्धमा जति देशहरू छन् ती सबै देशहरू जम्बूद्वीपीय देशहरू हुन्। जम्बूद्वीप पौराणिक नाम हो। यस जम्बूद्वीपको बारेमा पुराणहरूमा निम्नानुसारको कुरा लेखिएको छः–

जम्बूद्वीप

"यो वायं द्वीपः कुवलयकमलकोशाभ्यन्तरकोशो नियुतयोजनविशालः समवर्तुला यथा पुष्करपत्रम् ॥५॥ यस्मिन्नव वर्षाणि नवयोजन सहस्रायामान्यष्टभिर्मर्यादागिरिभिः सुविभक्तानि भवन्ति ॥६॥ एषां मध्ये इलावृतं नामाभ्यन्तरवर्षं यस्य नाभ्यामवस्थितः सर्वतः सौवर्णः कुलगिरिराजो मेरुद्वीपायामसमुन्नाहः कर्णिकाभूतः कुवलयकमलस्य मूर्धनि द्वात्रिंशतसहस्रयोजनविततो मूले षोडशसहस्रं तावतान्तर्भूम्यां प्रविष्टः ॥७॥" – श्री मद्भागवत् ५।१६ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"...... । जम्बूद्वीपः प्रथमतः प्रमाणे लक्षयोजनः ॥२॥
विशालो वर्तुलाकारो यथाब्जस्य च कर्णिका । नव वर्षाणि यस्मिंश्च नवसाहस्रयोजनैः ॥३॥ आयामैः परिसख्यानि गिरिभिः परितःश्रितैः । अष्टभिर्दीर्घरूपैश्च सुविभक्तानि सर्वतः ॥४॥ धनुर्वत्संस्थिते ज्ञेये द्वे वर्षे दक्षिणोत्तरे दीर्घाणि तत्र चत्वारि चतुरस्त्रमिलावृतम् ॥५॥"- श्रीमद्देवी भागवत ८।५

"जम्बूद्वीपः समस्तानामेतेषां मध्यसंस्थितः । तस्यापि मेरुर्मैत्रेय मध्ये कनकपर्वतः ॥७॥ चतुरशितिसाहस्रो योजनैरस्य चोच्छ्रयः । प्रविष्टः षोडशाधस्ताद् द्वात्रिंशन् मूर्ध्नि विस्तृतः ॥८॥ मूले षोडशसाहस्रो विस्तारस्तस्य सर्वशः। भूपक्षस्यास्य शैलोऽसौ कर्णिकाकारसंस्थितः॥६॥"–श्री विष्णु–पुराण । "भूमेरर्धं क्षारसिन्धोरुदक्स्थं जम्बूद्वीपं प्राहुराचार्यवर्याः । अर्धेऽन्यस्मिन् द्वीपषट्कस्य याम्ये क्षारक्षीराद्यम्बुधीनां निवेशः ॥" – सिद्धान्त-शिरोमणि ।

एउटा भन्दा अर्को डवल ठूलो भएका वलय आकार भएका क्षारोदादि सात समुद्रहरूले र प्लाक्षादि द्वीपहरूले घेरिएको एक लाख योजन ठूलो, पानीको सतहमा अवस्थित वाटुलो र सम्म आकारको कमलको पात जस्तो जम्बू द्वीप छ। यस द्वीपमा दक्षिणबाट उत्तर क्रमशः भारत वर्ष, किंपुरुष वर्ष, हरि वर्ष, इलावृतवर्ष, रम्यक वर्ष, हिरण्मय वर्ष र कुरुवर्ष नाम गरेका सात वर्षहरू छन् । पूर्वतिर भद्राश्व वर्ष र पश्चिम तिर केतुमास वर्ष छ। यी वर्षहरूलाई हिमालय, हेमकूट, निषध, नील, श्वेत, श्रृङ्गवान्न्, गन्धमादन र माल्यवान् नामक मर्यादा पर्वतहरूले विभाजित गरेका छन् । यस द्वीपको माझमा इलावृत वर्ष छ। इलावृत वर्षको माझमा मेरु (सुमेरु) पर्वत छ। यो पर्वत ८४ हजार योजन (१३४४००० किलोमीटर) अग्लो छ । मेरु पर्वतको फेदको व्यास १६ हजार योजन (२५६००० किलोमीटर) छ र शिरको व्यास ३२ हजार योजन (५१२००० कि. मी.) छ। सबै पुराणहरूको भनाइ अनुसार ९–९ हजार योजन विस्तार भएका ९ ओटा जम्बूद्वीपका खण्डहरू छन् र २–२ हजार योजन विस्तार भएका छ ओटा पर्वतहरू पनि छन् । तर यस अनुसार हिसाब गदा वास्तविकतामा मेल खादैन । किन भने पुराणहरूको भनाइ अनुसार जम्बूद्वीपको विस्तार १ लाख योजन छ। जसमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिणबाट उत्तर क्रमशः ९–९ हजार योजन विस्तार भएका ७ ओटा वर्षहरू र २–२ हजार योजन विस्तार भएका छ ओटा पर्वतहरू छन् ।

जम्बूद्वीप



चि.नं. २

७ ओटा वर्षहरूको र छ ओटा पर्वतहरूको जम्मा विस्तार ७५ हजार योजन मात्र हुन आउँछ । किन्तु यी ७ वर्षहरूको र छ पर्वतहरूको जम्मा विस्तार १ लाख योजन हुनु पर्ने हो । अर्को कुरा जम्बूद्वीपको पूर्वबाट पश्चिम क्रमशः ९–९ हजार योजन विस्तार भएका ३ ओटा वर्षहरू र २–२ हजार योजन विस्तार भएका पर्वतहरू छन् भनी मान्ने हो भने ३ वर्षहरू र २ पर्वतहरूको जम्मा विस्तार ३१ हजार योजन मात्र हुन आउँछ । यी तीन वर्षहरूको र २ पर्वतहरूको जम्मा विस्तार पनि १ लाख योजन नै हुनु पर्ने हो । तर पुराणहरूका अनुसार सबै वर्षहरूलाई एउटै किसिमको मान्दा उसैको भनाइमा मेल खान आउँदैन । त्यस कारण जम्बूद्वीपका वर्षहरूको नाप बराबर छैन भन्ने कुरा स्पष्ट छ । अर्को कुरा इलावृत वर्षलाई वर्गाकारको (चार पाटे) छ भनिएको छ । यदि इलावृत वर्षको विस्तार ९ हजार योजन छ भनी मान्ने हो भने इलावृत वर्ष गन्धमादन पर्वत र माल्यवान् पर्वतहरूको जम्मा विस्तार १३ हजार योजन हुन्छ । यसलाई १ लाख योजनबाट घटाउँदा ८७ हजार योजन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

बाँकी रहन्छ। जम्बूद्वीपको पूर्वपश्चिम विस्तार पनि १ लाख योजन नै भएका हुनाले र त्यसमा जम्मा तीन ओटा वर्षहरू र २ ओटा पर्वतहरू मात्र रहेकोले यी सबै वर्षहरूको र पर्वतहरूको विस्तार योग १ लाख योजन हुनु पर्छ। तर माथि प्रस्तुत हिसाव अनुसार ३१ हजार योजन मात्र हुन्छ। यताबाट पनि जम्बूद्वीपका सबै वर्षहरू बराबर नापका छैनन् भन्ने कुरा स्पष्ट हुन्छ। अब म यी वर्षहरूको पृथक् पृथक् वास्तव नाप निकाल्ले प्रयास गर्दछु।

इलावृत वर्ष भित्र १६ हजार योजन विस्तार भएको एउटा मेरु पर्वत छ। यसको पूर्वतर्फ २–२ हजार योजन विस्तार भएमा मन्द-राचल, केशराचल, जठराचल र देवकूटाचल नाम गरेका पर्वतहरू छन्। त्यस्तै मेरुको पश्चिम तर्फ पनि सुपार्श्वाचल, केशराचल, पवनाचल र परियात्राचल नाम गरेका पर्वतहरू छन्। पूर्वपश्चिम रेखामा मेरु पर्वतको र माथि प्रस्तुत ८ ओटा पर्वतहरूको जम्मा विस्तार ३२ हजार योजन हुन्छ। त्यस्तै मेरुको उत्तर र दक्षिण दिशातिर एउटै उत्तर दक्षिण रेखामा जम्मा ८ ओटा पर्वतहरू छन्। मेरुको समेत ती ८ ओटा पर्वतहरूको जम्मा विस्तार पनि ३२ हजार योजन नै हुन्छ। यसबाट इलावृत वर्षको एक भुजा ३२ हजार योजनभन्दा ठूलो अथवा त्यति नै रहेछ भन्ने कुरा स्पष्ट हुन्छ।

इलावृत वर्षको उत्तर र दक्षिणतिर ३–३ वर्षहरू र ३–३ पर्वत-हरू छन्। यी जम्मा ६ वर्षहरूको र छ पर्वतहरूको विस्तार पुराणमा उल्लेख भए अनुसार मानेमा यिनीहरूको जम्मा विस्तार $\{(९ \times ६) + (२ \times ६)\} = ५४ + १२ = ६६$ हजार योजन हुन्छ। यसलाई जम्बू-द्वीपको विस्तार १ लाख योजनवाट घटाउदा इलावृत वर्षको विस्तार ३४ हजार योजन देखिन आउँछ। अब इलावृत्त वर्षको एक भुजा ३४ हजार योजन मानेर त्यसमा जम्बूद्वीपको पूर्वपश्चिम रेखामा रहेका माल्यवान् र गन्धमादन पर्वतको जम्मा विस्तार ४ हजार योजनलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इलावृत्त वर्षको पूर्वपश्चिम विस्तार ३४ हजार जोडदा ३८ हजार योजन हुन्छ। यसलाई जम्बूद्वीपको विस्तार १ लाख योजनबाट घटाउँदा ६२ हजार योजन बाँकी रहन्छ। तर जम्बूद्वीपको पूर्वपश्चिम रेखामा भद्राश्व वर्ष, गन्धमादन पर्वत, इलावृत वर्ष, माल्यवान् पर्वत र केतुमाल वर्षहरू छन्। यी जम्मै वर्षहरू र पर्वतहरूको जम्मा विस्तार १ लाख योजन हुन्छ। यसकारण १ लाख योजनबाट गन्धमादन पर्वत, इलावृत वर्ष र माल्यवान् पर्वतहरूको जम्मा विस्तार योगलाई घटाउँदा भद्राश्व वर्ष र केतुमाल वर्षको जम्मा विस्तार बाँकी रहन्छ। यसकारण माथि १ लाख योजनबाट ३८ हजार योजन घटाएर बाँकी रहेको ६२ हजार योजन भद्राश्व वर्ष र केतुमाल वर्षको हो। यसकारण यहाँ भद्राश्व वर्ष र केतुमाल वर्ष ३१–३१ हजार योजन विस्तार भएका रहेछन् भन्ने कुरा स्पष्ट हुन्छ। यस अनुसार इलावृत वर्षलाई पनि ३४ हजार योजन विस्तार भएका चार पाटे वर्गाकारको मान्दा कुनै किसिमको आपत्ति पर्ने देखिदैन। यस कुरालाई श्रीमद्भागवतका प्रसिद्ध विद्वान् टीकाकार श्रीधर स्वामीले यसरी व्यक्त गर्नु भएको छ–

"नचेवं सति पूर्वापररेखायामिलावृतवेष्टितो मेरुर्मध्ये ततः पूर्वापरतो गिरिद्वयं वर्षद्वयंच नातः किञ्चिदस्ति दक्षिणोत्तररेखायां तु तथैवेलावृतवेष्टितो मध्ये मेरुरुभयतस्त्रीणि वर्षाणि गिरयश्च षट् तत्कथं सर्वतो लक्षप्रमाणत्वं जम्बूद्वीपस्य उच्यते। मेरोः षोडशसहस्राणि सर्वत-स्थितत्वादिलावृतस्याष्टादश अन्येषां षण्णां चतु. पञ्चाशद् गिरीणां षण्णां द्वादशेत्येवं दक्षिणोत्तररेखायां तावल्लक्षम्। पूर्वापररेखायामपि सुमेरोरि-लावृतस्य चतुस्त्रिंशद् गिर्योश्चत्वारि शेषाणि द्विषष्टिसहस्राणि पूर्वापरवर्ष-योरासमुद्रं दैर्घ्यं द्रष्टव्यान्यतो न विरोधः ॥"

अर्थात् पुराणहरूको मूल अनुसार जम्बूद्वीपका वर्षहरूलाई जम्बूद्वीपभित्र मिलान गर्न न सकिने भएर नै श्रीधरस्वामीले पनि मिल्दो जुल्दो अर्थ गर्न खोज्नुभएको छ।

जम्बूद्वीप भित्रका ९ ओटा वर्षहरूमा छ ओटा वर्षहरूको विस्तार ९–९ हजार योजन भएकोले र इलावृत वर्षको विस्तार त्यस वर्ष भित्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रहेका पर्वतहरूको बिस्तारको योगद्वारा निर्धारण हुने भएकोले इलावृत वर्ष भद्राश्व वर्ष र केतुमाल वर्षहरूको विस्तारको बारेमा पुराणहरूमा उल्लेख न गरिएको हुन सक्छ । जे होस् जम्बूद्वीप भित्रका सबै वर्षहरू बराबर नापका छैनन् । यो कुरा पुराणहरूमा वर्णित पूर्वापर प्रसङ्गद्वारा पनि स्पष्ट हुन्छ ।

जस्तो कि पुराण अनुसार इलावृत वर्षको विस्तार पनि ९ हजार योजन मान्ने हो भने त्यस इलावृत वर्ष भित्र १६ हज्जार योजन विस्तार भएको एउटा सुमेरू पर्वत पनि अटाउँदैन । अझ त्यस भित्र अरू २–२ हज्जार योजन विस्तार भएका पर्वतहरू पनि छन् । त्यसकारण जम्बूद्वीपका सबै वर्षहरू बराबर नापका छैनन् ।

जम्बूद्वीपको पूर्वापर रेखामा भद्राश्व वर्ष, इलावृत वर्ष र केतुमाल वर्षहरू छन् । त्यस्तै गन्धमादन र माल्यवान् नाम गरेका दुइ पर्वतहरू पनि छन् । भद्राश्व वर्ष र इलावृत वर्षलाई गन्धमादन पर्वतले एवं केतुमाल वर्ष र इलावृत वर्षलाई माल्यवान् पर्वतले छुटचाएको छ । दक्षिणबाट उत्तर क्रमशः याम्योत्तर रेखामा भारत वर्ष, किंपुरुष वर्ष, हरि वर्ष, इलावृत वर्ष, रम्यक वर्ष, हिरण्मय वर्ष र कुरु वर्षहरू छन् । त्यस्तै हिमालय पर्वत, हेमकुट पर्वत, निषध पर्वत, नील पर्वत, श्वेत पर्वत र शृङ्गवान् पर्वतहरू छन् । यी जम्बूद्वीपीय वर्षहरूको र पर्वतहरूको नाप पृथक् पृथक् प्रस्तुत गर्नु उपयुक्त हुने भएकोले यहाँ त्यसको उल्लेख गरिन्छ ।

१) इलावृत वर्ष	३४००० योजन	५४४००० कि. मि.
२) भद्राश्व वर्ष	३१००० योजन	४९५००० कि. मि.
३) हरि वर्ष	९००० योजन	१४४००० कि. मि.
४) केतुमाल वर्ष	३१००० योजन	५४४००० कि. मि.
५) रम्यक वर्ष	९००० योजन	१४४००० कि. मि.
६) हिरण्मय वर्ष	९००० योजन	१४४००० कि. मि.
७) कुरु वर्ष	९००० योजन	१४४००० कि. मि.

Jayatu Sanskritam, Kathmandu, Nepal

८) किंपुरुष वर्ष	९००० योजन	१४४००० कि. मि.
९) भारत वर्ष	९००० योजन	१४४००० कि. मि.
१०) प्रति पर्वत	२००० योजन	३२००० कि. मि.

यस अनुसार जम्बूद्वीपको पूर्वापर रेखामा रहेका भद्राश्व वर्ष गन्ध-मादन पर्वत, इलावृत वर्ष, माल्यवान् पर्वत र केतुमाल वर्ष यिनीहरूको जम्मा विस्तार योग १ लाख योजन हुन्छ भने याम्योत्तर रेखामा रहेका भारतादि ७ वर्षहरूको र हिमालयादि छ पर्वतहरूको विस्तार योग पनि १ लाख योजन नै हुन्छ। यसरी जम्बूद्वीपीय वषहरू र पर्वतहरूलाई जम्बूद्वीप भित्र मिलान गर्न सकिन्छ। वास्तविक कुरा पनि यही नै हो।.

अब जम्बूद्वीप भित्र रहेका प्रत्येक वर्षको र प्रत्येक पर्वतको भिन्ना भिन्नै बयान गरिन्छ। जम्बूद्वीपीय ८ पर्वतहरू र ९ वर्षहरूमा सबभन्दा पहिले देवभूमि मानिएको इलावृत वर्षको बयान गर्नु उपयुक्त हुने हुनाले त्यसको बयान गरिन्छ।

१ इलावृत वर्षः—

पुराणहरूको भनाइ अनुसार ३४ हजार योजन विस्तार भएको वर्ग आकारको इलावृत वर्ष जम्बूद्वीपको माझमा छ। यसको पूर्वमा गन्ध-



CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मादन पर्वत, दक्षिणमा निषध पर्वत, पश्चिममा माल्यवान् पर्वत र उत्तरमा नील पर्वतहरू छन् । यसको माझमा १६ हजार योजन विस्तार भएको ८४ हजार योजन अग्लो एउटा मेरु पर्वत छ । मेरुको शिरको विस्तार ३२ हजार योजन छ । सुवर्णमय यस मेरु पर्वतको शिरमा ब्रह्माको निवास स्थान छ । १० हजार योजन विस्तार भएको मनोवती नामक ब्रह्माको सहर अति रमणीय छ । चारपाटे आकारको यस मनोवती नगरीमा बसेर ब्रह्मा संसारको सृष्टि गर्ने काम गर्नु हुन्छ । यस ठाउँबाट सूर्यलाई सधैं नै देख्न सकिन्छ ।

८४ हजार योजन अग्लो शिरको विस्तार ३२ हजार योजन र फेदको विस्तार १६ हजार योजन भएको मेरु पर्वतलाई चित्रमा उतारदा त्यसको चित्र पानी भरेर राखेको गिलासको आकारको हुन जान्छ । इलावृत वर्ष चारपाटे वर्ग आकारको छ भन्ने कुरा पूर्वापर प्रसङ्गद्वारा स्पष्ट छ । तर मेरुको आकार प्रकारको बारेमा कतै पनि स्पष्ट उल्लेख भएको मैले पाएको छैन । यसकारण मैले मेरु पर्वतलाई गिलासको आकारको परिकल्पना गरेको छु । मेरु पर्वतको आकार यस किसिमको मान्दा पौराणिक भूगोलको अध्ययनमा कतै पनि वाधा परेको अनुभव मैले गरेको छैन । त्यसैले म मेरु पर्वतलाई यस्तै आकार प्रकारको मान्दछु ।

मेरुको शिरको चित्र

चि. नं. ४



Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनोवती ब्रह्माको सहरको नाम हो । यस सहरको पूर्वमा इन्द्रको अमरावती, आग्नेयमा अग्निको तेजोवती, दक्षिण दिशामा यमको संयमनी, नैऋत्यमा निऋतिको कृष्णावती, पश्चिमको वरुणको श्रद्धावती, वायव्यमा वायुको गन्धवती, उत्तरमा कुवेरको महोदया र ईशानमा ईशानको यशोवती नाम गरेका सहरहरू छन् । यिनै सहरहरूमा अष्ट दिक्पालहरू बस्तछन् । यो अष्ट दिक्पालहरूको प्रत्येक सहरहरूको विस्तार २५००–२५०० योजन छ । यस कुरालाई पुराणहरूले आ–आफ्नो ढङ्गमा विभिन्न तरीकाले पुष्टि गरेका छन् । जस्तै श्रीमद्‌देवीभागवतको अस्टम स्कन्धको सातौं अध्यायका यस सम्बन्धी केही श्लोकहरू यहाँ उद्‌धृत गरिन्छ ।

"मेरोर्मूर्धनि धातुर्हि पुरी पङ्कजजन्मनः । मध्यतश्चोपक्लृप्तेयं दशसाहस्रयोजनैः ।।६। समानचतुरस्रांच शातकौम्भमयीं पुरीम् । वर्णयन्ति महात्मानः परावरविदो बुधाः ।।७।। तां पुरीमनुलोकानामष्टानांमाशिषां पराः । पुर्यः प्रख्यातसौवर्णरूपाश्च यथादिशम् । यथा रूपं सार्धनेत्रसहस्रप्रमिताः कृताः । मेरोर्नव पुराणि स्युर्मनोवत्यमरावती ।।९।। तेजोवती संयमनी तथा कृष्णाङ्गनाऽपरा । श्रद्धावती गन्धवती तथा चान्या महोदया ।।१०।। यशोवती च ब्रह्मेन्द्रवह्न्यादिनां यथाक्रमम् तत्रैव ... .. "

उपर्युक्त श्लोकहरूमा मेरुको शिरमा रहेको ब्रह्मपुरी मनोवतीको मात्र आकारको उल्लेख भएको छ । अरु अष्टदिक्पालहरूको सहरहरूको आकार प्रकारको बारेमा भने कतै केही पनि उल्लेख भएको पाइदैन । देवी भागवतमा मात्र होइन अरू पुराणहरूमा पनि यस सम्बन्धी कुराको उल्लेख भएको कुरा मैले पढ्न पाएको छैन । केवल नामोल्लेख भएको मात्र पाइएको छ ।

ब्रह्माको सहर मेरुको शिरमा छ यो कुरा पक्का हो । तर अरू अष्टदिग्पालहरूका सहरहरू मेरुको शिरमा छन् या मेरुको तल वरिपरि छन् यो कुरा स्पष्ट छैन । किन भने पूराणहरूको मूल अनुसार अष्ट दिग्पालहरूका सहरहरू पनि मेरुको शिरमा नै छन् भने जस्तो भान हुन्छ । जस्तै–श्रीमद्भागवतका अनुसार ... समान चतुरस्त्रीं शातकौम्भीं वदन्ति

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

।।२८।। तामनु परितो लोकपालानामष्टानां ...... ।।२५।। अर्थात् "मेरुको शिरमा १० हज्जार योजन विस्तार भएको समान चारपाटे (वर्गाकारको) सुनै सुनले बनेको ब्रह्माको सहर छ।" तामनु परित:" त्यस पछि वरिपरि ब्रह्मपुरीको एक चौथाइ (२५००) योजन विस्तार भएका उस्तै उस्ता अष्टदिक्पालहरूको सहरहरू छन्" यस किसिमको भनाइ श्रीमद्भागवतको मात्र होइन। यस कुरामा पुराणहरूमा त्यही वाक्य प्रयोग भएको पाइन्छ। तर समयको परिभाषा अनुसार यस कुरामा मेल खाँदैन। किन भने हाम्रो एक सौरवर्षको देवताहरूको एक अहोरात्र हुन्छ। मेरुको फेदमा बस्नेहरूको लागि छ महिनाको दिन र छ महिनाको रात हुन्छ। मेरुको शिरबाट भने सधैं सूर्य देखिन्छन्। त्यसैले देवताहरूका सहरहरू मेरुको तल वरिपरि छन् भनी मानेमा समयको परिभाषा अनुसार ठीक मिल्न आउँछ। अब यस कुराको स्पष्टताको लागि विभिन्न तरीकाले अध्ययन गरिन्छ।

सब भन्दा पहिले २५०० योजन विस्तम भएका ८ ओटा सहरहरू र १० हजार योजन विस्तार भएको ब्रह्माको एउटा सहर समेत जम्मा ९ ओटा सहरहरू मेरुको शिरमा परिकल्पना गर्न सकिन्छ कि सकिंदैन ? यस बारेमा गणितको आधारमा अध्ययन गरिन्छ–

चतुरस्त्र ब्रह्मपुरीको एक भुजा १० हजार योजन छ। यसको क्षेत्रफल $=१००००^2=१००००००००$ वर्गयोजन हुन्छ। यसै गरी ३२ हजार योजन व्यास भएको वृत्तको क्षेत्रफल $=\frac{\text{व्या}\times ३९२७\times \text{व्या}}{१२५०\times ४}$

$$=\frac{\text{व्या}^2\times ३९२७}{५०००}=\frac{(३२०००)^2\times ३९२७}{५०००}=८०४२४९६०० \text{ व.}$$ यो हुन्छ।

मेरुको शिरको क्षेत्रफल र ब्रह्मपुरीको क्षेत्रफलको अन्तर $=७०४२४९६००$ वर्गयोजन हुन्छ। यो क्षेत्रफल ब्रह्मपुरी वरिपरि रहेको ठाउँको क्षेत्रफल हो। यसको अष्टमांश ८८०३१२०० वर्ग योजन हुन्छ। यसको मूल लिंदा ९३८२. ४९४३८ योजन हुन्छ। यो मान अष्ट दिक्पालहरूको कुनै पनि एउटा सहरको मोटामोटी विस्तार हो भनी भन्न सकिन्छ। (क) यसै गरी ब्रह्मपुरीको कर्ण रेखा $=\sqrt{१००००^2+१००००^2}$

Jayatu Sanskritam, Kathmandu, Nepal

चि.नं: ५



अर्थात् चित्र नं. ५ मा– क ख =मेरुको शिरको विस्तार । =३२ हजार योजन । प ग =प घ= ब्रह्मपुरीको विस्तार =१०००० योजन गघ= पत= ब्रह्मपुरीको कर्णरेखा । यहाँ $गघ=\sqrt{पघ^{2}+पग^{2}}=\sqrt{१००००^{2}+१००००^{2}}=\sqrt{१००००००००+१००००००००}=\sqrt{२००००००००}$ =१४१४२. १३५६२ क ख—ग घ= कग+ खघ= २ क ग वा २ क ग =३२०००–१४१४२.१३५६२ =१७८५७. ८६४३८। ∴ क ग=१७८५७. ८६८३८÷२=८९२८.९३२१९। यसरी आएको वर्गको मान ब्रह्मपुरी वरिपरि रहेको ठाउँको न्यूनतम विस्तार हो ।

क्रमशः

CC-0. Digitized by eGangotri and MIDF- Delhi
Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वागीशाद्याः सुमनसः सर्वार्थानामुपक्रमे ।
यं नत्वा कृतकृत्याः स्युस्तं नमामो गजाननम् ।।

वैद र धर्म

–दुर्गाप्रसाद दवाडी

हाम्रो धर्म वैदिक सनातन वर्णाश्रम-धर्म हो। त्यसको आधुनिक कालमा आएर व्यावहारिक नाम सनातन धर्म वा हिन्दु धर्म भन्ने पनि गरिन्छ। वैदिक भनेको (वेदमधीते, वेदं वेद वा) वेदलाई पढ्ने वा वेदलाई जान्ने वैदिक हो र उनीहरूको सनातन वर्णाश्रम धर्म वैदिक सनातन वर्णाश्रम धर्म हो। वेदमा विहित (वेदेषु विहितः) पनि वैदिक भनिन्छ, त्यसो हुँदा वेद विहित, वेद प्रतिपादित सनातन, सदा रहने वर्णाश्रम धर्म नै वैदिक सनातन वर्णाश्रम धर्म हो। ब्राह्मण, क्षत्रिय, वैश्य, शूद्र यी चार वर्ण हुन् र ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ, संन्यास यी चार आश्रम हुन्। यी वर्ण र आश्रमको संघटनलाई वर्णाश्रम भनिन्छ। जसले धारण गर्दछ त्यो (धारणाद् धर्ममित्याहुर्धर्मो धारयति प्रजाः) अर्थात् उत्पन्न हुने र उत्पन्न भएका सम्पूर्ण प्राणि मात्रको जसले धारण गरेको छ त्यो धर्म हो, यो धर्मको व्युत्पत्तिलक्ष्य लक्षण (अर्थ) हो। पारिभाषिक रूपमा धर्मको (यतोऽभ्युदय निःश्रेयसः सिद्धिः स धर्मः) जुनबाट अभ्युदय (तत्त्वज्ञान) र निःश्रेयस (मोक्ष) रूप अर्थको सिद्धि हुन्छ त्यो धर्म हो अथवा अभ्युदयले ऐहिक र पारलौकिक सुख पनि बुझ्न सकिन्छ, जुनबाट ऐहिक र पारलौकिक सुख र मोक्षरूप परम पुरुषार्थको सिद्धि हुन्छ त्यो धर्म हो। यो धर्मको तटस्थ लक्षण हो। (अनुपस्थितं सद्व्यावर्तकं तटस्थ लक्षणम्) वेद प्रतिपाद्य (वेदविहित) प्रयोजनवान् अर्थ धर्म हो (वेदप्रतिपाद्यः प्रयोजनवदर्थो धर्मः) यो

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

धर्मको स्वरूप लक्षण हो। (उपस्थितं सद्व्यावर्तकं स्वरूपं लक्षणम्।) अब यी तीन लक्षणहरूमा नै विचार गरौं। हाम्रो धर्म वेदविहित हुनाले वैदिक र सदैव रही रहनाले सनातन तथा वर्ण र आश्रममूलक हुनाले वर्णाश्रमधर्म मानिएको हो। यस धर्मले उत्पन्न प्राणिमात्रको धारण गरेको छ। प्रत्येक प्राणिको उत्पत्ति कर्म (धर्म) अनुसार नै हुन्छ र कर्म (धर्म) अनुसार नै त्यस प्राणीले फल पनि प्राप्त गर्छ। यो धर्मको मूल सिद्धान्त हो। यसो नमानेको खण्डमा गरेको कर्म निष्फल हुनेछ, कर्मानुसार फल प्राप्त नहुने स्थिति आउनेछ। प्रतिवन्धक (रोक्ने, विघ्न गर्ने) कुनै नभएमा कर्मको फल अवश्य प्राप्त हुन्छ। अन्यथा यवार्थी (जौ चाहने) को यवरोपण (जौ रोप्न) मा प्रवृत्ति र व्रीह्यर्थी (धान चाहने) को व्रीहिरोपण (धान रोप्न) मा प्रवृत्ति हुने थिएन। संसारका प्राणिमात्र धर्म (कर्म) अनुसार नै फल भोग्ने हुनाले र धर्म (कर्म) ले नै तिनीहरू विविध योनिमा जन्मिने हुनाले र त्यस अनुसार नै फल पनि तत्तद्योनिमा पाउने हुनाले धर्म धारण गर्ने वाला हो भन्ने स्वतः बुझिन्छ। यो व्युत्पत्तिलभ्य धर्मको लक्षणको अर्थको विवेचना भयो।

जसबाट अभ्युदय र निःश्रेयसरूप अर्थको सिद्धि हुन्छ त्यो धर्म हो। यो धर्मको तटस्थलक्षण पनि युक्तियुक्त नै छ। प्रवृत्तारूप, धर्म (कर्म) ले यस लोकमा पनि सुख प्राप्त हुन्छ र परलोकमा पनि स्वर्गलोक, ब्रह्मलोक आदिमा सुख प्राप्त हुन्छ तथा (निवृत्तारूप) धर्म (कर्म) ले निःश्रेयस (मोक्ष) प्राप्त हुन्छ[१]।

धर्मको स्वरूप लक्षण वेद प्रतिपाद्य प्रयोजनवान् अर्थ धर्म हो यस्तो गरिएको छ[२]। यद्यपि जैमिनि सूत्रानुसार "चोदना (क्रियामा प्रेरकवचन) द्वारा लक्षित अर्थ धर्म हो" यस्तो गरिएको छ[३] र चोदना (क्रियामा प्रेरकवचन) त वेदको एक भाग (ब्राह्मण) मा मात्र छ तथाऽपि त्यहाँ चोदना शब्दको वेद मात्र अर्थ गर्नुपर्छ, वेदको एक भाग (ब्राह्मण मात्र)

---

१. सुखाभ्युदयिकञ्चैव नैःश्रेयसिकमेव च।
प्रवृत्तञ्च निवृत्तञ्च द्विविधं कर्मवैदिकम्॥ (मनुस्मृतिः १२।८८)

२. वेदप्रतिपाद्यः प्रयोजनवदर्थो धर्मः। (अर्थसंग्रहः)

३. चोदनालक्षणोऽर्थो धर्मः। (जैमिनीय–मीमांसा–सूत्र १।१।२)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

छैन । सम्पूर्ण वदको धर्ममा मात्रै तात्पर्य हुनाले वेदले धर्मको नै प्रतिपादन गरेको छ[1] । त्यसो हुँदा धर्म र कर्मको विचिकित्सा (सन्देह) हुँदा वेदले नै निर्णय गर्दछ–"यो धर्म हो यो अधर्म हो" भनेर । धर्ममा जिज्ञासा गर्ने-हरूको निमित्त परम प्रमाण वेद (श्रुति) नै हो ।[2] अतः यहाँ संक्षेपमा वेदको परिचय उपस्थित गर्नु आवश्यक देखिन्छ ।

वेद स्वरूप विमर्श

वेदको मुख्यतः दुई भाग मानिएको छ–मन्त्र र ब्राह्मण[3] । ब्राह्मण भागमा विधि (चोदना=क्रियामा प्रवर्तन) हुन्छ त्यसो हुँदा ब्राह्मणलाई विधि पनि भन्न सकिन्छ । विधि र मन्त्र यी दुवै एउटै अर्थको (योगादिको) विधायक हुनाले यी दुवै एक शब्दले (वेद शब्दले) अभिहित हुन्छन्[4] । अथवा यसो भनौं विधि र मन्त्र दुवै एकै शब्द (वेद शब्दले) अभिहित हुनाले दुवैको ऐक्यार्थ (यौटै यागादिरूप धर्म प्रतिपादनरूप प्रयोजन) छ । यस रीतिले मन्त्र र ब्राह्मण यी दुवै वेद हुन् भन्ने कुरा स्पष्ट हुन्छ । त्यसमा मन्त्रको स्वरूप यस्तो बताइएको छ–त्यो अभिधान (मन्त्र नामकथन–यस मन्त्रले यो काम गर्नु यस्तो विधि वाक्य जसको छ, (अर्थात् विधिबाक्यमा

---

१. न च चोदनालक्षणोऽर्थो धर्म इति सौत्रतल्लक्षणे विरोधस्चोदनापदस्य विधिरूपवेदैकदेशपरत्वादिति वाच्यम् ? तत्राऽपि चोदनापदस्य वेदमात्रपरत्वात् । वेदस्य च सर्वस्य धर्मतात्पर्यवत्त्वेन धर्मप्रतिपादकत्वात् ।

२ (क) धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः (मनु २।१३)
(ख) वेदो धर्ममूलम् । (गौतम–धर्म–सूत्र १।१।१)
चत्वारो वेदा ऋग्यजुः सामात्मकास्त एव धर्मे प्रमाणम् ।
(तत्रैव मिताक्षरा वृत्तिः)
(ग) वेदाश्च । (आपस्तम्ब धर्मसूत्र १।१।३) धारणे । वेदा एव मूल-प्रमाणं धर्माधर्मयोः (तत्रैवोज्वला वृत्तिः)

३. (क) मन्त्रब्राह्मणयोर्वेदनामधेयम् । (आपस्तम्बश्रौतसूत्र)
(ख) मन्त्रब्राह्मणयोर्वेदशब्दः (कौषीतकिगृह्यसूत्र ३।१२।२३)

४. विधिमन्त्रयोरैक्यार्थमैक्यशब्दात् । (जैमिनीय–मीमांसा–सूत्र २।१।३०)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

व्यापृत भएर विधिलाई चोदक – प्रेरक वाक्य नै) मन्त्र हो[1]। मन्त्र न भएको खण्डमा विधि प्रवृत्त नै हुन सक्दैन । दर्श पूर्णमासाभ्यां यजेत इत्यादि विधिवाक्य मन्त्र भएमा नै प्रवृत्त हुन्छन् । यसपछि ब्राह्मणको लक्षण यस्तो गरिएको छ–मन्त्रको लक्षण गरिसकेपछि वेदको दुई विभागमा मन्त्र भिन्न भाग परिशेष सिद्धान्तानुसार ब्राह्मण भन्ने जानिन्छ। त्यसो हुँदा त्यसको लक्षण भनी रहन पर्दैन । किनभने मन्त्र र ब्राह्मण वेद[2] हो । यद्यपि त्यसको द्विविधत्व प्रतिपादन गरियो किन्तु त्यो द्विविध वेद पुनः अनेक प्रकारको छ । यस विविधवेदको ४ संज्ञाविशेष गरिएकोले ४ प्रकारको मानिएको छ– १ ऋग्वेद, २ यजुर्वेद, ३ सामवेद, ४ अथर्ववेद[3]। यी चारै विधि र मन्त्र भेदले विविध हुने नै भए । विधि भाग नै ब्राह्मण भाग हो । ब्राह्मण भाग पनि ३ प्रकारको मानिएको छ– १ ब्राह्मण २ आरण्यक ३ उपनिषद् । ब्राह्मण ग्रन्थहरू ताण्ड्य ब्राह्मण, ऐतरेय ब्राह्मण, शतपथ ब्राह्मण, गोपथ ब्राह्मण आदि प्राप्त छन् । आरण्यक ग्रन्थ ऐतरेय आरण्यक, सांख्यायन आरण्यक, तैत्तिरीय आरण्यक आदि प्राप्त छन् । उपनिषद्हरु ईश, केन, कठ छान्दोग्य आदि धेरै उपलब्ध छन् । यी जम्मै उल्लिखित ग्रन्थहरू मन्त्र (संहिता) भागमा नपर्ने हुनाले ब्राह्मण भागान्तर्गत मान्न, पर्ने हुन्छ र ब्राह्मण भागको तीन भाग गरिन्छ । वेदको मन्त्र भाग भएको ग्रन्थलाई संहिता भनिन्छ । वेद २ प्रकारको मन्त्र र ब्राह्मण र प्रकारान्तरले ४ प्रकारको ऋग यजुः, साम र अथर्व भनियो । प्रायः ऋचाहरूको (छन्दोबद्ध मन्त्रहरूको) संग्रह ऋक् अर्थात् ऋग्वेद हो । प्रायः यजुहरूको (गद्यमय मन्त्रहरूको)

---

१. तच्चोदकेषु मन्त्राख्या । (जैमिनीय–मीमांसा–सूत्र २।१।३२)

२. शेषे ब्राह्मणशब्दः । (जैमिनीय–मीमांसा–सूत्र २।१।३३) अथ किं लक्षणं ब्राह्मणम् ? मन्त्राश्च ब्राह्मणश्च वेदः । तत्र मन्त्रलक्षणे उक्ते परिशेषसिद्धत्वाद् ब्राह्मणलक्षणमवचनीयम्, मन्त्रलक्षणवचनेनैव सिद्धम् ।

३. (क) ऋक् स्त्री साम यजुश्चेति वेदास्ते तु त्रयस्त्रयी ।। आथर्वणं पौरोहित वेदाश्चत्वार एवंते (वैजयन्ती कोष ३।६।२६,२७)

(ख) स्वाध्यायः श्रुतिराम्नायश्छन्दो वेद स्त्रयी पुनः। ऋग्यजुः साम वेदाः स्युरथर्वा तु तदुद्धृतिः ।। (अभिधान-चिन्तामणि २।१६३)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संग्रह यजुर्वेद हो, प्रायः सामहरूको (गीतिमय मन्त्रहरूको) संग्रह सामवेद हो। ऋक् (पद्य) यजुः (गद्य) साम (गीति) यी तीनै प्रकारको संग्रह अथर्ववेद हो।

ऋग्यजुः सामको लक्षण

"ऋक्को लक्षण" ती मन्त्रहरूको जहाँ अर्थको अनुरोधले (अर्थवश) पाद (चरण) हरूको व्यवस्था होस् त्यो ऋक् हो। यसमा "अर्थको अनुरोधले" यस अंशको अविवक्षा गरेर पाद व्यवस्था (छन्दको व्यवस्था) भएको ऋक् हो भने हुन्छ। पाद व्यवस्था अक्षरको इयत्ता (यतिनै अक्षर हुनु भन्ने। व्यवस्था (नियम) पाद भनिन्छ र त्यो पाद व्यवस्था जसमा छ त्यो ऋक्[1] हो। यहाँ प्रत्येक पादमा अर्थैकत्व व्यवस्था पनि हुन सक्ने हुनाले अर्थैकत्व प्रयुक्त पादव्यवस्था भएको ऋक् हो भन्न पनि सकिन्छ। त्यसो हुँदा विशिष्ट एकार्थको प्रतिपादक पादवद्ध मन्त्र ऋक् हो। यो ऋक् लक्षण हुन सक्छ[2]; किन भने जहाँ क्रियापद पाइन्छ त्यहाँसम्म यौटै पाद भने हुन्छ। सामको लक्षण "विशिष्ट कुनै गीति साम[3] हो र त्यो साम मन्त्रको संग्रह भएको ग्रन्थ (संहिता) सामवेद हो। यजुः को लक्षण चाहीं ऋक् र साम संज्ञक मन्त्रबाट शेष (बाँकी) रहेका मन्त्रमा यजुः शब्द व्यवहृत हुन्छ[4]।

---

१. तेषामृग्यत्रार्थवशेन पादव्यवस्था। (जैमिनीयमीमांसासूत्र २।१।३२) यत्र पादकृता व्यवस्था स मन्त्र ऋग्नामा। (तत्रैव शाबर-भाष्यम्)

२. विशिष्टैः कार्यप्रतिपादकत्वे सति पादबद्धमन्त्रत्वमृचो लक्षणमिति स्थितम्। (तेषाम्) यत्रार्थवशेन पादव्यवस्था। (मीमांसा–सूत्रे २।१३२ सूत्रे कुतूहलवृत्तिः)

३. गीतिषु सामाख्या। (जैमिनीय–मीमांसा–सूत्र २।१।३३ अथ साम्नः किं लक्षणम्? विशिष्टा काचिद् गीतिः सामेत्युच्यते। (तत्रैव शाबर-भाष्यम्)

४. (क) शेषे यजुः शब्दः। (जैमिनीय मीमांसा सूत्र २।१।३४) या न गीति नैव पादबद्धम् तत् प्रश्लिष्टपठितम् यजुरिति। (तत्रैव शाबर-भाष्यम्)

(ख) ऋक्सामावशिष्ट–मन्त्रभागे वाचकतया यजुः शब्दो वर्तते। (मीमांसा–सूत्र २।१।३४ मा कुतूहलवृत्तिः)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

जुन गीति पनि हैन र पादबद्ध पनि हैंन त्यो प्रश्लिष्ट (मिश्रित गद्य) पठित मन्त्र यजुः हो र त्यस्ता मन्त्रको संग्रह भएको ग्रन्थ (संहिता) यजुर्वेद हो। यतः वेद पादवद्ध गीतिबद्ध अथवा गद्यबद्ध नै हुन्छन् त्यसै हुनाले वेदलाई त्रयी पनि भनिन्छ, तीन (गीति पाद गद्य रूप) अवयव भएकोले (त्रयो ऽवयवा अस्य) यी तीनैको उद्धृति भएको अथर्ववेद हो यो पूर्व नै भनियो। जस्तै वेद भन्नाले ऋग्वेद यजुर्वेद सामवेद अथर्ववेद यी चारै वेद (संहिता) बुझिन्छ; वेद ऋग्वेदादि भन्दा बेग्लै कुनै ग्रन्थ छैन; त्यस्तै ऋग्वेद आदि पनि संहिता र ब्राह्मण भन्दा बेग्लै छैनन्। त्यसमा ऋग्वेदका संहिता २१ छन्, यजुर्वेदका संहिता १०१ छन्, सामवेदका संहिता १००० छन्, अथर्ववेदका संहिता ९ (नौ) छन्[१]। अर्थात् यजुर्वेद भन्नाले जस्तै वाजसनेय माध्यन्दिन शुक्लयजुः संहिता वाजसनेय शुक्लयजुः काण्व संहिता र कृष्ण यजुः संहिता (तैत्तिरीय संहिता) पनि बुझिन्छ (यसै गरी यस कृष्ण यजुर्वेदका जम्मा ८५ (शाखा) छन्। कृष्ण यजुर्वेदका तैत्तिरीय संहिता जस्तै मैत्रायणी संहिता, कठकपिष्ठलसंहिता, काठकसंहिताहरू पनि बुझिन्छ। आज यजुर्वेद १०१ संहिताहरू मध्ये केवल ६ संहिता प्राप्त छन् र यी जम्मै यजुर्वेद हुन्। यसै गरी ऋग्वेदका २१ संहिताहरूमा केवल शाकल संहिता मात्रै पाइन्छ र त्यो ऋग्वेद नै भनिन्छ। सामवेदका १००० संहितामा कौथुमसंहिता र जैमिनीयसंहिता पूर्ण र राणायनीयसंहिता अंशतः पाइन्छन्। यी तीनै सामवेद हुन्। अथर्ववेदका पनि ९ संहिता मध्ये शौनकसंहिता र पैप्पलाद संहिता यी दुइ संहिता पाइन्छन् र यी दुवै अथर्ववेद हुन्। आधुनिक आर्य समाज मतानुयायी (दयानन्दी) हरूले ऋग्वेदको शाकलसंहिता, यजुर्वेदको माध्यन्दिनसंहिता सामवेदको कौथुमसंहिता र अथर्ववेदको शौनकसंहिता यी ४ संहितालाई मात्रै चार वेद मान्दछन् अरू संहिता र ब्राह्मणलाई वेद मान्दैनन्। उनीहरूको कथन महाभाष्यकार पतञ्जि, मीमांसादर्शनकार जैमिनि र भाष्यकार शबर

---

१. चत्वारो वेदाः साङ्गाः सरहस्या बहुधा भिन्ना एकशतमध्वर्युशाखाः सहस्रवर्त्मा सामवेदः एकविंशतिधा बाह्वृच्यम्, नवधाऽथर्वणो वेदः। (व्याकरण–महाभाष्य पस्पशाह्निक)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मुनिको विरुद्ध छ र मान्य हुन सक्दैन । समस्त वेद भाष्यकारहरूको र आचार्य शङ्करको पनि विरुद्ध त्यो मत सर्वथा हेय हो र त्यसको विवेचना लेखान्तरको विषय हुन सक्छ । हामीं तत्काल वेदको विषयमा नै विचार गरौं । ऋग्वेदका २१ संहिता, यजुर्वेदका १०१ संहिता, सामवेदका १००० संहिता र अथर्ववेदका ९ (नौ) संहिता मिलाएर वेदका ११३१ संहिता हुन्छन् र यी ११३१ संहिताहरूलाई वेदको मन्त्र भाग भनिन्छ । वेदको द्वितीय भाग ब्राह्मंण हो । ब्राह्मण भागमा वेद (को संहिता भाग) को अर्थ र विनियोग (कुन कार्यमा कुन मन्त्रको कसरी प्रयोग गर्ने यो कुरो) बताइएको हुन्छ ।

शब्द र अर्थको सम्बन्ध नित्य छ भन्ने कुरा मीमांसाशास्त्रमा बताइएको छ । कविकुलगुरु कालिदासले पनि शब्दार्थ—सम्बन्ध नित्य हो भन्ने कुरा स्वीकार गर्नु भएको छ ।

वागर्थाविव संपृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ।।

शिवपार्वती"वागर्थाविव"शब्द र अर्थको जस्तो"सम्पृक्तौ"नित्य सम्बद्ध हुनु हुन्छ भन्ने उनको भनाई छ । "सम्पृक्तौ" को व्याख्यामा मल्लीनाथ कविले "सम्पृक्तौ नित्य सम्बद्धावित्यर्थः नित्यसम्बद्धयोरुपमानत्वेनोपादानात् नित्यः शब्दार्थसम्बन्ध इति मीमांसकाः" लेखेर त्यस भावलाई स्पष्ट पार्नु भएको छ । त्यसो हुँदा मन्त्र भागको अर्थ प्रतिपादक ब्राह्मणभाग मन्त्र संहिता जति छन् उति नै भए अर्थात्११३१ भए। वेदको यो ब्रह्मणभाग पनि पुनः तीन प्रकारको मानिएको छ । यी तीन प्रकारका ब्राह्मण प्राप्त भएकोले स्वतः सिद्ध छ । किन्तु जस्तै वेदको संहिता भाग (मन्त्र भाग) पूर्ण प्राप्त छैन त्यस्तै वेदको ब्राह्मण भागका यी तीन विधा (प्रकार) हरू पनि पूर्ण प्राप्त छैनन् । त्यसो हुँदा वेदको संहिता भाग ११३१ शाखा भए जस्तै ब्राह्मण भागका तीनै प्रकार ब्राह्मण, आरण्यक र उपनिषद् प्रत्येक विधा ११३१+११३१+११३१ हुने भयो । किन्तु यहाँ यौटा कुरो विशेष ध्येय छ – उपनिषद्हरू मन्त्रभागका, ब्राह्मणभागका र आरण्यकभागका पनि प्राप्त छन् । यजुर्वेदको मन्त्रभाग वाजसनेय–माध्यन्दिन शाखाको अन्तिम अध्याय ईशापनिषद् मन्त्रोपनिषद्को रूपमा पाइन्छ भने त्यसै शाखाको ब्राह्मण भाग शतपथ ब्राह्मण चतुर्दशकाण्ड

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अन्तिम काण्ड) बृहदारण्यकोपनिषद्को रूपमा प्राप्त छ। त्यसो हुँदा उपनिषद्हरू ११३१ मन्त्रोपनिषद ११३१ ब्राह्मणोपनिषद् र ११३१ आरण्यकोपनिषद् हुने भए। यसै गरी आरण्यक पनि मन्त्रारण्यक ११३१ ब्राह्मणारण्यक ११३१ भन्ने हो भने वेदको अनन्तता सिद्ध हुन्छ र "अनन्ता वै वेदा:" कथन सर्वथा युक्तियुक्त सिद्धहुन्छ। यो पूर्व कथित सम्पूर्ण वैदिक वाङमयको अङ्ग छ ओटा छन्– १. शिक्षा २. कल्प ३. व्याकरण ४. निरुक्त ५. छन्द ६. ज्योतिष[1]।

१. शिक्षाशास्त्रले वेदोच्चारण गर्ने शैली ज्ञात हुन्छ। मन्त्र पाठमा स्वरको विशेष महत्त्व छ। उदात्त, अनुदात्त, स्वरितादि स्वरोच्चारणमा अशुद्धि भएमा अर्थको अनर्थ हुन सक्छ: प्रत्येक वेदका भिन्न शिक्षा ग्रन्थ छन्। "याज्ञवल्क्य शिक्षा" शुक्ल यजुर्वेद माध्यन्दिन शाखाको हो भने नारदीय शिक्षा सामवेदको हो। यसै गरी पाणिनीय शिक्षा पनि प्राप्त छ। २. छन्दको ज्ञान पनि वेदोच्चारणमा आवश्यक मानिएको छ। छन्द वेदको पाद (पाउ चरण) मानिएको छ। पाउ नभै हिड्न सकिदैन। ऋक् प्रतिशाख्यको अन्तमा छन्दहरूको विवेचन पाइन्छ। छन्दको प्राप्त प्रामाणिक ग्रन्थ पिङ्गलच्छन्द: शास्त्र अथवा पिङ्गलच्छन्द: सूत्र हो। ३. निरुक्त ग्रन्थमा वेदका शब्दको व्युत्पत्ति गरिएको हुन्छ। यास्कप्रणीत निरुक्त प्राप्त छ। यास्क भन्दा पूर्व धेरै निरुक्तकार थिए। तिनका१३नाम यास्कले लेखेका छन्,किन्तु उनका ग्रन्थ प्राप्य छैनन्।४.व्याकरणले शब्दको सिद्धिको प्रकार बताउँदछ। प्रत्येक वेदको शिक्षाङ्ग व्याकरण हुन्छ। वेदका व्याकरण शिक्षा ग्रन्थहरू प्रातिशाख्य नामले प्रसिद्ध छन्। हिजो आज प्राप्य वैदिक व्याकरण ऋग्वेदको "शौनक प्रातिशाख्य तथा शुक्ल यजुर्वेदको"कात्यायन प्रातिशाख्य"प्रसिद्ध छन् र यीशिक्षाङ्ग भनिन्छन् अन्य वेदका पनि प्रातिशाख्य छन् तर पाणिनीय व्याकरण सबै वेदको उपकारक मा सर्व सुलभ सर्वमान्य रूपमा प्रतिष्ठित छ। ५. ज्यौतिषले कर्म–(धर्मकर्म) को कालको विवेचन गर्छ। वेदले धर्म–(यज्ञ) को विवेचन गरेकोले ज्योतिषशास्त्र जान्नु पनि आवश्यक छ। किनभने यज्ञ कालानुसार गरिन्छन्। त्यस कालको विधान ज्योतिषशास्त्रले गर्छ। वेदाङ्ग ज्योतिषको निर्माण लगध नामक

---

१. शिक्षा कल्पो व्याकरणं निरुक्तं छन्दसां चय:।
ज्योतिषामयनञ्चेति वेदाङ्गान्यङ्गिभि: सह।। (वैजयन्ती कोष ३।६।२८

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्वान् द्वारा भएको छ र त्यो ऋग्वेदसंग सम्बन्धित आर्च ज्योतिष र यजुर्वेदसंग सम्बन्धित याजुष ज्योतिष छ । ६. कल्पसूत्रहरू श्रौतसूत्र र स्मार्तसूत्रका रूपमा विभक्त छन् र स्मार्तसूत्र पुनः दुइ प्रकारका छन् गृह्यसूत्र र धर्मसूत्र । त्यसमा श्रौतसूत्रमा त्रिविध अग्निको आधान दर्शपूर्णमास यागको विधान पशुयाग तथा सोमयाग आदिको विधान हुन्छ भने गृह्यसूत्रहरूमा अग्न्याधान, विवाहादिसंस्कारहरू र पञ्चमहायज्ञहरूको विधान, उपाकर्मादि श्रवणादिकर्महरूको विधान, वृषोत्सर्ग, अध्ययन पछिका अनध्याय आदिको विवेचन पाइन्छ । धर्मसूत्र ग्रन्थहरूमा धार्मिक नियम राजधर्म, वर्णाश्रमधर्म आदिको विवेचन पाइन्छ । शुल्वसूत्र पनि कल्पसूत्रान्तर्गत नै पर्छन् र शुल्बसूत्रको साक्षात्सम्बन्ध श्रौतसूत्रसित छ । शुल्वको अर्थ हो मापसूत्र अर्थात् नापने धागो । शुल्वसूत्रमा यज्ञकुण्ड यज्ञवेदिहरूको नापने प्रक्रिया बताइएको छ,कस्ता ठाउँमा कस्तो यज्ञवेदिका र कस्तो कुण्ड निर्माण गर्नु इत्यादि कुरोको ज्ञान शुल्वसूत्रद्वारा हुन्छ । यी जम्मै कुरा वेदको अङ्ग कल्पसूत्रमा आउँछन् र प्रत्येक वेदका प्रत्येक शाखाका कल्पसूत्र पृथक्-पृथक् छन् । (१) सामवेदको जैमिनि शाखाको जैमिनीय श्रौतसूत्र र जैमिनीय गृह्यसूत्र उपलब्ध छन् । सामवेदका नै लाटचायन तथा डाड्यायण श्रौतसूत्र पनि उपलब्ध छन् र गोभिलगृह्यसूत्र र खादिर गृह्यसूत्र पनि उपलब्ध छन् । सामवेदान्तर्गत ब्राह्मण ग्रन्थ पर्ञ्चविंशब्राह्मणसित सम्बद्ध "आर्षेय कल्प" नामक ग्रन्थ मशककल्प सूत्र नामले प्रसिद्ध छ र यसमा सामगानको विभिन्न रागहरू र लयहरूको वर्णन छ । (२) ऋग्वेदका कल्पसूत्र आश्वलायन र शांख्यायन (सांख्यायन) प्राप्त छन् । यी दुइमा श्रौतसूत्र गृह्यसूत्र दुबै सम्मिलित छन् । (३) शुक्लयजुर्वेदका कल्पसूत्रहरू- कात्यायन-श्रौतसूत्र, पारस्कर-गृह्यसूत्र र कात्यायन-शुल्बसूत्र प्राप्त छन् । कृष्ण यजुर्वेदको बौधायन र आपस्तम्ब शाखामा कल्पसूत्र प्राप्त छन् तिनीमा श्रौत, गृह्य, धर्म र शुल्ब चारै प्रकारका सूत्र प्राप्त छन् । (४) अथर्ववेदका कल्पसूत्रको दुइ ग्रन्थ उपलब्ध छन्- वैतानश्रौतसूत्र र कौशिक (गृह्य) सूत्र । यस अतिरिक्त हिरण्यकेशिगृह्यसूत्र, मानवगृह्यसूत्र, काठकगृह्यसूत्र, वैखानसगृह्यसूत्र, वाराहगृह्यसूत्र आदि पनि प्राप्त छन् ।

यी वेदका अङ्गसूत्रहरू अपौरूषेय हैनन् । धार्मिक विषयलाई लिएर सूत्र रचनाको निमित्त सूत्रकारहरूले शाखानुसार श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

रूपले तीन प्रकारका सूत्रहरूको रचना गरे । त्यसमा वेदोक्त त्रेताग्नि साध्य कर्महरूको अनुष्ठानको बोध श्रौतसूत्रले गराउँन । जातकर्मादि संस्कार कर्महरू जुन एकाग्नि साध्य छन् त्यस्ता कर्मको प्रतिपादन गृह्यसूत्रले गर्छन् । साधारण वर्णाश्रम धर्मको प्रतिपादन धर्मसूत्रले गर्छन् । बौधायन आपस्तम्ब र मानवले श्रौतसूत्र, गृह्यसूत्र र धर्मसूत्र तीनै प्रकारका ग्रन्थ लेखेका छन् । आश्वलायन शाङ्खायन हिरण्यकेशिले गृह्यसूत्र र श्रौतसूत्र दुइ प्रकारका ग्रन्थ लेखेका छन । कात्यायनले केवल श्रौतसूत्र मात्रै लेखेका छन् । पारस्करले केवल गृह्यसूत्र मात्रै लेखेका छन ।

वैदिक वाङमयमा अनुक्रमणी ग्रन्थ पनि वेदको रक्षा र वेदार्थ मीमांसाको निमित्त अपरिहार्य छन् । किनभने मन्त्रको प्रयोगमा ऋषि, छन्द, देवतादिको ज्ञान नभएमा फल प्राप्त हुँदैन भन्ने सिद्धान्त मान्य छ । त्यसमा "आर्षानुक्रमणी" मा ऋग्वेदको मन्त्र द्रष्टा ऋषिहरूको नाम मन्त्रक्रमले बताइएको छ । छन्दोनुक्रमणीमा सोही संहितामा प्रयुक्त छन्द-हरूको वर्णन क्रमशः गरिएको छ । देवतानुक्रमणीमा ऋग्वेदका देवताहरूको नाम बताएकोछ । शौनकको बृहद्देवतामा ऋग्वेदका मन्त्रका देवताहरू बताउनाको साथै तत्तद् देवता सम्बद्ध आख्यायिका पनि बताइएको छ । कात्यायनले यी जम्मै बताइएको "सर्वानुक्रमणी" ग्रन्थ लेखेका छन् जसमा षड्गुरुशिष्यको भाष्य अत्यन्त उपयोगी र प्रसिद्ध ।

माथी केही मन्त्र भागमा प्राप्य शाखा (संहिता) ग्रन्थहरूको उल्लेख गरियो किन्तु, ब्राह्मण भागका प्राप्य ग्रन्थहरूको उल्लेख भएको छैन । ऋग्वेदको मन्त्रभागको प्राप्य शाकलशाखाको ब्रह्मण पाइएको छैन किन्तु ऐरेय, कौषीतकी र शाङ्खायन शाखाका ब्राह्मण प्राप्त छन् । यसै गरी अथर्ववेदको पैप्पलाद संहिताको गोपथ ब्राह्मण पनि प्राप्त छ किन्तु त्यसै वेदको शौनक संहिताको ब्राह्मण प्राप्त छैन । सामवेदका ताण्ड्य, षड्विंश, मन्त्र, दैवत, आर्षेय, सामविधान, संहितोपनिषद् वंश, जैमिनीय यी आठ ब्राह्मण प्राप्य छन् । ऋग्वेदका दुइ आरण्यक ऐतरेय आरण्यक र साङ्खायन आरण्यक प्राप्त छन् भने कृष्णयजुर्वेद तैत्तिरीय आरण्यक प्राप्त छ । वेदको ब्राह्मण भागान्तर्गत उपनिषद् भागका ग्रन्थ धेरै नै प्राप्त छन् यद्यपि सम्पूर्ण रूपमा (सबै संहिता, ब्राह्मण, आरण्यकका) उपनिषद् प्राप्य छैनन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"ईशाद्यष्टाविंशदुपनिषदः" भनेर ३८ उपनिषद बम्बईका खेमराज श्रीकृष्णदासले प्रकाशित गरेका छन् । भारतको गोरखपुरबाट प्रकाशित हुने कल्याण मासिक पत्रिकाले 'उपनिषद् अङ्क' भनेर ईशादि नौ उपनिषद्को मूल पदच्छेद, अन्वय हिन्दीमा व्याख्या सहित तथा छान्दोग्य, बृहदारण्यक, कौषितकी ब्राह्मण आदि ४५ उपनिषद्हरूको केवल हिन्दी अनुवाद मात्र गरेर ५४ उपनिषद् प्रकाशित गरेको छ । संस्कृति संस्थान बरेलीबाट १०८ उपनिषद् भनेरे मूल र अनुवाद सहित छापेको छ किन्तु त्यो त्यति प्रामाणिक मान्न नसकिने जस्तो छ । मोतीलाल बनारसीदासले "उपनिष–संग्रहः" भनेर १८८ उपनिषद्हरू मूलमात्रै छापेको छ । कल्याणको उपनिषद् अङ्कमा नै "उपलब्ध उपनिषद् ग्रन्थों की सूची" भनेर अकारादिक्रमले २२० उपनिषद्को नाम दिइएको छ । त्यसै लेखमा यी उपनिषद्हरू वेद (मन्त्रभाग), ब्राह्मण र आरण्यका अन्तर्गत छन् भनिएको[1] । त्यसकथनको पनि वेदको चतुर्थ प्रकार उपनिषद् वेदका तीन प्रकार (विद्या) मन्त्र, ब्राह्मग, आरण्यक अनुसार नै छन् भन्ने कुरा विदित हुन्छ । स्वयं उपनिषद्ले पनि वेद चतुष्टयत्व र शाखाभेदेन अनेकविधत्व छ भन्ने कुरा बताएको छ[2] । यी जम्मै वेदमा (वेदको शाखाहरूमा, अङ्गहरूमा) धर्मको नै विवेचना गरिएको छ र मनुको कथना-

---

१. वैदिककाल सेही उपनिषदों के स्वाध्यायकी परम्परा प्रचलित हुई है । अतः कुछ उपनिषद् तो वेद के ही अंश विशेष हैं । कुछ ब्राह्मण भाग और आरण्यकों के अन्तर्गत हैं ।(कल्याण उपनिषद् अङ्कवर्ष २३ संख्या१ संवत् २००५ पृष्ठ १५३)

२. ऋग्वेदादिविभेदेन वेदाचत्वार ईरिताः ।
तासां शाखा ह्यनेकाः स्युस्तासूपनिषदतथा ।।
ऋग्वेदस्य तु शाखा स्यु रेकविंशतिसंख्यकाः ।
नवाधिकं शतं शाखा याजुषो मारुतात्मज ! ।।
सहस्रसंख्यया जाताः शाखाः साम्नः परन्तप ! ।
अथर्वणश्च शाखाः स्युः पञ्चाशद् भेदतो हरे ! ।।
एकैकस्यास्तु शाखाया एकैकोपनिषन्मता ।
तासामेकामृचम् यश्च पठते भक्तितो मयि ।।
(मुक्तिकोपनिषद् १।११–१४)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

नुसार धर्मको जिज्ञासा भएमा परम प्रमाण वेद नै हुनाले जुन अपौरुषेय छैनन् त्यस्ता श्रौतसूत्र, गृह्यसूत्र, धर्मसूत्र, स्मृति, पुराण आदिको धर्ममा प्रामाण्य छ वा छैन यो संशय स्वाभाविक नै छ। साथै धर्मको स्वरूपलक्षण वेद प्रतिपादित अर्थ धर्म भन्ने लक्षण यी सूत्र स्मृति पुराण प्रतिपादित अर्थमा अव्याप्तिरूप दोषले पनि मुक्त हुने नै भयो।

"वेदोऽखिलो धर्ममूलं
स्मृतिशीले च तद्विदाम् ।"

—मनुः—

अर्थः— सबै धर्महरूको मूलस्रोत वेद हो र वेद जान्नेका निम्ति धर्मशास्त्र र शील—स्वभाव (सदाचार) मूल स्रोत हुन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदाचारबाट नै सबैको सार्वत्रिक समुन्नति दिगो

डा० रामचन्द्र गौतम

देश र जनताको सार्वत्रिक समुन्नतिमा सदाचार कतिसम्म सहायक हुन सक्छ भन्ने विषयमा मर्यादित, नियन्त्रित एवं आदर्शमय जनसमाजको निर्माणमा निरन्तर चिन्तनशील हाम्रा पूर्वज- मन्त्रद्रष्टा ऋषिमहर्षिहरूले के कस्तो विचार राखेका छन् र जनसमाजलाई नैतिकगुणसम्पन्न, आचरणशील र कर्तव्यनिष्ठ बनाउन उनीहरूले सदाचारको कुन किसिमको भूमिका देखाएका छन् भन्ने कुरा वर्तमान जनसमुदायले पनि जान्नु बुझ्नु नितान्त अपेक्षित हुन गएको छ ।

लोकको कर्तव्य निर्देश गर्ने शास्त्र अगाध एवं अथाह छन्, त्यस्तै शास्त्र प्रतिपादित नियम–विनियम अनन्त छन्, तिनै मध्येको सदाचार पनि एक हो, जसको पालन लोकले अवश्य गर्नुपर्छ, तर त्यस विषयमा विभिन्न मतमतान्तर पाइन्छन्, त्यसो हुँदा कुन मत मान्ने कुन नमान्ने कसको मत कुन समयको लागि र कस्ता मानिसको लागि हो भन्ने कुरामा र सदाचारको स्वरूप नै कस्तो हो भन्ने विषयमा पनि अहिलेको जनसमाज निकै अलमलिएको देखिन्छ, त्यस कारण यस्तो रूपमा रहेको जनसमुदायलाई सदाचार सम्बन्धी सबै कुरा यथार्थरूपमा बुझाउनुपर्ने भएको छ ।

सत् शब्दले सत्य, शुभ, शिव, पवित्र, मङ्गल, सुन्दर, उत्तम, सम्ममाननीय आदि कार्यलाई जनाउँछ । यस्ता कार्यको आरम्भ आचरण

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निष्पादन अभ्यास वा अनुष्ठानलाई नै सदाचार भनिन्छ। यस्ता उच्चतम आचार वा कार्यमा मात्र सदा संलग्न रही जीवन यापन गर्नु मानव मात्रको परम कर्तव्य हो भन्ने शास्त्रको उद्‌घोष रहेको छ। त्यसैले शास्त्रको मर्ग बुझ्ने साधु सन्त शिष्ट महात्माहरू यस्ता विशुद्ध आचरणबाट कहिल्यै पनि विचलित हुँदैनन्। त्यसै कारणले नै धर्ममर्मज्ञ विपश्चित्‌हरूले शिष्ट-जनद्वारा आचरित आचरणलाई सदाचार मानेका हुन्। भनिएको पनि छ– "शिष्टानामाचारः सदाचारः" शिष्ट भन्नाले जितेन्द्रिय, शास्त्रोक्त कर्मनिष्ठ वेदधर्मशास्त्रज्ञ र विद्वानहरू नै लिइन्छन्। यस्ता दोषज्ञहरूको पवित्र आचरण धर्ममा पनि मूलप्रमाण मानिन्छ, तर धर्मशासक ज्ञानमूर्ति सुधीजनद्वारा स्वीकृत र आचरित आचरण पनि सबै युग सबै वर्ण र सबै देशको लागि मान्य हुँदैनन्। युग, वर्ण, वर्ग र देशविशेषलाई हेरेर मात्र उनीहरूले धर्माचरणको उपदेश गरेकाछन्। यो उपदेश पनि मनु, याज्ञवल्क्य आदि शास्त्र प्रवर्तकहरूद्वारा प्रतिपादित, वेदमूलक, स्मृतिशास्त्रको र गौतम, आपस्तम्व आदि लोकमर्मज्ञ विशिष्ट ऋषिमहर्षिहरूद्वारा निर्मित धर्मसूत्र ग्रन्थहरूको आधारमा नै गरिएको हो। यी शास्त्रद्वारा प्रदर्शित सबै नियम सर्वत्र सधैं र सबैको लागि मान्य छैनन्। कसैको कुनै नियम कुनै युगको लागि प्रदर्शित छ भने कसैको कुनै नियम कुनै वर्ण, वर्ग र देशको लागि विधान गरिएको हुन्छ। जस्तै सत्ययुगमा मानवधर्म (मनुद्वारा प्रतिपादित धर्म वा नियम), त्रेतामा गौतमद्वारा प्रतिपादित, द्वापरमा शङ्खलिखितद्वारा प्रतिपादित धर्म मान्य थियो भने कलियुगमा महामुनि पराशरद्वारा प्रतिपादित धर्मले मान्यता प्राप्त गरेको देखिन्छः -

कृते तु मानवा धर्मास्त्रेतायां गौतमाः स्मृताः।
द्वापरे शङ्खलिखिताः कलौ पाराशराः स्मृताः॥

मनु, गौतम र शङ्खलिखितद्वारा प्रदर्शित सबै नियम कलियुगमा अमान्य हुने होइनन्। उनीहरूले प्रस्तुत गरेको केही नियम कलियुगको लागि ग्राह्य छन् भने केही युगान्तरको लागि। अश्वमेध यज्ञ, गोमेधयज्ञ, पितृकार्यमा मासुको व्यवहार, नियोगविधि (सन्तानको चाहना भएकी विधवा भाउजुमा देवरबाट सन्तान पैदा गर्नु) इत्यादि कुराको विधान मनु आदि धेरै शास्त्रकर्ताले गरेका छन्, कुनै युगविशेषको लागि भनेर छुट्‌ट्याएका छैनन्, तर पराशरले भने माथि उल्लेख गरिएका अश्वमेध

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

आदिको कलियुगको लागि सर्वथा निषेध गरेका छन् । कलियुगका मानिसको आयु, स्वभाव र सामर्थ्यलाई हेरेर मात्र युगसुहाउँदो नियम बनाएका छन् । त्यसैले "कलौ पाराशराः" भनिएको हो । कलिमा पराशरस्मृति-को आधारमा नै सबै धर्म, कर्म, आचार, व्यवहार, प्रायश्चित्त आदि गर्नुपर्छ ।

तपस्या, ज्ञान, यज्ञ आदि कर्मको विधान धेरै ऋषिहरूले गरेका छन्, तर कुन युगमा कुन कर्म गर्न मानिसलाई सजिलो र व्यावहारिक हुन्छ र सफलता पनि प्राप्त गर्न सक्छन् भन्ने कुराको विचार भने त्यति गरेका छैनन् । यस्ता कुरामा त पराशर नै बढी व्यावहारिक र लोक-मर्मज्ञ पनि देखिन्छन् ।

तपः परं कृतयुगे त्रेतायां ज्ञानमुच्यते ।
द्वापरे यज्ञमेवाहुर्दानमेव कलौ युगे ।।

कलियुगका मानिसको आयु थोरै, धनसम्पत्तिको कमी, स्वभाव चञ्चल र बुद्धि पनि अस्थिर हुन्छ । यस्ता मानिसको लागि दीर्घकालसाध्य तपस्या, अति कठिन प्रयास साध्य ज्ञान, प्रचुर धनादि साध्य यज्ञ आदिको निर्देश गर्नु व्यावहारिक हुँदैन, किन भने यस्ता कठिन कर्म गर्दा युगान्तरका मानिसले जे जस्तो फल प्राप्त गर्दथे, त्यस्तै नै फल कलियुगका मानिसले अल्पकाल, अल्पधन र अल्पप्रयास साध्य परोपकार, दया, दान आदिबाट पनि प्राप्त गर्न सक्दछन् । अब यहाँ शङ्का उठ्न पनि सक्छ– त्यस्तो सजिलोसँग प्राप्त गरेको फलमा त्यति स्थायित्व नहुन पनि सक्ला, जति कठिन प्रयासबाट सिद्ध हुने तपस्या आदिबाट प्राप्त फलमा हुन्छ, तर यसमा पराशरले ठोकुवा नै गरेका छन्, सारा पर्वतहरू नाश होलान्, समुद्रहरू सुकेर अन्त्य होलान्, तर कलिमा श्रद्धाका साथ गरिएको दान परोपकार कर्तव्यपालन आदि धर्मको अन्त्य हुने छैन ।

विद्यते सागरस्यान्तो दानस्यान्तो न विद्यते ।

त्यसैले कलिमा सबै वर्ण, सबै वर्ग र सबै देशको लागि दान आदि नै सर्वोत्तम धर्म मानिएका छन् । तिनै धर्मको आचरण गर्नु कलिमा मानिसको परम कर्तव्य हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शास्त्रप्रयोजकहरू वर्ण विशेषलाई विचार गरेर पनि, आचारको निर्देश गर्दछन् । "स्वर्गकामो यजेत" भनिएको हुँदा, स्वर्गको इच्छा गर्नेले अग्नि होमादि दैनिक कर्म गर्नुपर्छ तर यस्ता कर्म द्विज जातिको लागि मात्र प्रदिष्ट छन्, स्वर्ग चाहने सबैको लागि छैनन् । त्यस्तै राजसूय यज्ञ वेदविहित हो वेदोक्त कर्म उक्त विधान अनुसार द्विज जाति सबैले गर्न पाउनु पर्ने तर "राजा राजसूयेन यजेत" भनेर विशेष विधान गरिएको हुँदा यो यज्ञ गर्ने अधिकार क्षत्रिय राजाको मात्र देखिन्छ । यस्ता यज्ञ वहुधन, बहुजन र वहुप्रयासबाट मात्र सिद्ध गर्न सकिने हुन्छन्, त्यसैले कर्मशक्ति भएका सर्वसाधारणलाई यसमा अधिकार नदिई मर्मज्ञ विद्वान्-हरूले सर्वशक्ति सम्पन्न जो छ त्यसैलाई दिएको पाइन्छ । यसरी वर्ण-हरूमा पनि बुद्धि र क्षमता आदिको आधारमा अलग अलग आचार निर्दिष्ट छन् ।

त्यस्तै देशविशेषको लागि पनि पृथक् पृथक् आचार देखाइएका छन् । केही आचार मात्र यहाँ प्रस्तुत गरिन्छन्– होलिकोत्सव प्राच्यहरूमा, अर्कपूजोत्सव दाक्षिणात्यहरूमा, वृषभयज्ञ उदीच्यहरूमा प्रचलित छन् । यी आचरण शास्त्रोक्त हुन् तापनि उक्त देशविशेषमा मात्र आचरित हुन्छन् भन्ने कुरा हारीतादि स्मृतिमा लेखिएको देखिन्छ । यस्ता अरू पनि विभिन्न आचरणहरू विभिन्न देशविशेषमा प्रचलित भैरहेका पाइन्छन् ।

शास्त्र पनि त्यस्तै छन्, सबै शास्त्रमा लेखिएका सबै नियम सबैको लागि मान्य छैनन् । शास्त्र मध्येमा पनि सबै सूत्रग्रन्थहरू सबैलाई मान्य नभएको कुरा तन्त्रवार्तिकमा लेखिएको पाइन्छ । गौतम धर्मसूत्र र गोभिल गृह्यसूत्र सामवेदानुयायीहरूको लागि, वसिष्ठ धर्मसूत्र ऋग्वेदा-नुयायीको लागि, शङ्खलिखित धर्मसूत्र यजुर्वेदानुयायीको लागि, आपस्तम्ब र बौधायन धर्मसूत्र तैत्तिरीय शाखानुयायीहरूको लागि प्रामाणिक छन् । यसरी सूत्रग्रन्थहरू सबैको लागि मान्य नहुने हुँदा यी ग्रन्थमा लेखिएका सबै नियम वा आचार पनि सबैले मान्नु परेन ।

आचार पनि सूक्ष्म र स्थूल भेदले दुई किसिमको मानिएको छ । द्रौपदी विवाह जस्तो आचार सूक्ष्म र दान, जप, व्रत, उपवास, पूजा, भजन, कीर्तन, कथाश्रवण, सेवा, परोपकार, कर्तव्यपालन जस्ता आचार

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्थूल हुन् । पाण्डवहरू पाँच भाइले एउटी द्रौपदीलाई पत्नीको रूपमा स्वीकार गरेका थिए । यस्तो आचरण शास्त्रविरुद्ध र लोकविरुद्ध पनि हुन्छ । लोकमा एउटा पुरुषको बहुपत्नी भएको पाइन्छ, बहुपत्नी हुनु अहिलेको जनसमाजमा त्यति प्रशस्त मानिदैंन तापनि अशास्त्रीय भने हुँदैन, तर एउटी नारीको बहुपति भने कदापि हुनसक्दैनन् । लोक वेद विरुद्ध यस किसिमको आचरणलाई सूक्ष्म धर्म मानिएको छ । यस्तो धर्मको गति के कस्तो हुन्छ भन्ने कुरा धर्मराज युधिष्ठिर जस्ता धर्म-मर्मज्ञले मात्र बुझ्न सक्दछन्, सर्वसाधारणले सक्दैनन् भन्ने कुरा पराशर-स्मृतिको विद्वन्मनोहराटीकामा लेखिएको छ । सूक्ष्म आचार गर्न विशेष शक्ति भएका योगी शङ्कराचार्य जस्ताले मात्रै सुहाउँछ, शङ्करा-चार्यले वाणाको घरको पगालेको सुन अनि भांडका घरका जाँड दुवै कुरा पिइदिएथे भनिन्छ ।

सूक्ष्मो धर्मो महाराज नास्य विद्मो गतिं वयम् ।

यस्ता अरु पनि सूक्ष्म आचरण अरु नै विद्वान्हरूबाट पनि आचरित देखिन्छन्, तर उनीहरू आफ्नो तेज विशेषले र धर्मको अत्यधिक प्रभावले गर्दा दुराचरण जनित कलुष विनाश गर्न स्वयं नै सर्वथा समर्थ हुन्थे, दोषभागी हुँदैनथे । श्रीमद्भागवत्मा स्पष्ट भनिएको छ ।

तेजीयसां न दोषाय वह्नेः सर्वभुजो यथा ।

अग्निले जसरी जुनसुकै वस्तुलाई पनि भस्म गरिदिन्छन्, त्यसै गरी धार्मिक बलसम्पन्न मानिसले यस्ता सूक्ष्म आचरण जस्ता दोषलाई पचाइदिन्छन् । धार्मिक प्रभाव कम हुने सूक्ष्म आचरणको गति बुझ्न नसक्ने साधारण मानिस त्यस किसिमको आचरणमा लागे भने शास्त्रीय वचनअनुसार निश्चय नै दण्डभागी अर्थात् प्रत्यवायी हुन्छन् । आध्या-त्मिक शक्ति कम भएका साधारण मानिसले त माथि उल्लिखित दया, दान, जप, कर्तव्य पालन आदि स्थूल धर्मको मात्र अनुसरण गर्नुपर्ने हुन्छ, जसको गति शास्त्रमा स्पष्ट उल्लिखित छ ।

यसरी युग, वर्ण, वर्ग, व्यक्ति, शक्ति र देश आदिलाई विचार गरेर मात्र विधिशास्त्रका निर्माताहरूले आचारको निर्देश गरेका छन् । आचार सम्बन्धी नियम प्रायः निश्चित छन्, तर अल्पज्ञताले वा शास्त्र

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अभ्यासको कमीले गर्दा कतिपय ठाउँमा सन्देह हुने र स्पष्ट नियम नै नपाइने हुन पनि सक्छ। यस्तो परिस्थिति भएमा आदिराज मनुले आफ्नु स्मृतिको आठौं अध्यायमा स्पष्ट उल्लेख गरेका छन्–

तद्देशकुलजातिनामविरुद्धं प्रकल्पयेत् ।

तसर्थ धर्म बारे विवाद परे वा शंका लागेमा देश, जाति र कुलमा विरोध नपर्ने खालको धर्मज्ञ विद्वान्हरूद्वारा अनुमोदन गरिएको आचार र व्यवहारको पनि कल्पना गर्नू। आचारको कल्पना वा व्यवस्था गर्दा परम्पराको अनुसरण अवश्य गर्नुपर्ने शास्त्र प्रवर्तकहरूको दृढ आशय देखिन्छ। परम्परागत भन्नाले अति प्राचीन कालदेखि चल्दै आएको र श्रुतिसम्मत पनि हुनुपर्ने बुझिन्छ। यस्तो भैकन पनि आचरणशील, अलोलुप, सच्चरित्र र स्वार्थ रहित साधुजनद्वारा सर्वात्मना समर्थित पनि हुनुपर्छ। त्यस्तो आचरण भएमा मात्र सदाचार मान्न सकिन्छ।

साधवः क्षीणदोषाः स्युः स्वच्छन्दाः साधुवाचकाः ।
तेषामाचरणं यत्तु स सदाचार उच्यते ।।

यसरी परम्परागत रूपमा अनादि कालदेखि आचरित हुँदै आएको आचरण नै सनातन एवं शाश्वत मानिन्छ। यसमा वर्ण, वर्ग, कुल, जाति, देश र युगको भेदले गर्दा धेरै किसिमका आचरणहरू पर्दछन्। तीमध्ये केही माथि पनि प्रस्तुत गरिए, तर तिनका अतिरिक्त वर्तमान युग, सबै वर्ण, सबै वर्ग, सबै जाति र सबै देशको लागि सर्वथा उपयुक्त, विशेष समय, विशेष व्यय र विशेष प्रयत्नको आवश्यकता नपर्ने सनातन तथा शाश्वत मानिएका धर्मद्योतक स्थूल आचार दान, जप, व्रत, पूजा, उपवास, भजन, कीर्तन, कथाश्रवण, सेवा, परोपकार, कर्तव्यपालन आदि र सूक्ष्म धर्म चाहिं धैर्य, क्षमा, दम, अस्तेय, शौच, इन्द्रियनिरोध आदि नै हुन्। यिनीहरूकै आचरण अभ्यास वा अनुष्ठानबाट नै मानव मात्रको सार्वत्रिक समुन्नति दिगो हुन्छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सुलोचनामा प्रकृति–प्रयोग

नीलमणि ढुङ्गाना

नेपाली साहित्यमा प्रकृतिको प्रयोग गर्ने कविमध्ये उल्लेखनीय कवि हुन् महाकवि लक्ष्मीप्रसाद देवकोटा। उनले व्यापक तथा विविध अर्थमा प्रकृतिको प्रयोग गरेका छन्। प्रकृति प्रकृतिकै निमित्त, प्रकृति उद्दीपनको निमित्त, प्रकृति भावाभिव्यक्तिका लागि, प्रकृति अलङ्कार-विधानका लागि, मानवीकृत प्रकृति आदि विविध अर्थमा प्रकृतिको प्रयोग गर्दछन् देवकोटा आफ्ना रचनाहरूमा। उनको प्रकृति कतै शान्त, कतै भीषण, कतै सामान्य र कतै असामान्य रूपमा रहेको छ। उनको प्रकृति रूप, रस, गन्ध, स्पर्श र ध्वनिमत्व छ।

प्राकृतिक जीवन ज्यादै मन पराउने देवकोटा प्रकृति र मानव बीच तादाम्यको अनुभव गर्दछन्। उनको दृष्टिकोणमा प्रकृति र मानव जीवनको सम्बन्ध भएन भने त्यो जीवन दुर्घटित बन्न सक्छ।

करीव ६० घण्टामा तयार पारिएको प्रस्तुत महाकाव्य सामाजिक महाकाव्य हो। त्यसैले यस महाकाव्यमा देवकोटा प्रकृतिको चित्रणमा भन्दा सामाजिक तथ्यको विश्लेषणतर्फ वढी उन्मुक्त बनेका छन् तापनि विभिन्न स्थलहरूमा सन्दर्भको रूपमा आएका प्राकृतिक चित्रहरू निकै सुन्दर छन्।

सुलोचनाको पहिलो सर्ग कवितादेवीको आराधना एवं महाकाव्यको विषय र शैलीको सम्बन्धमा आएको छ। यसभित्र प्रकृतिका चित्रहरू पनि पर्याप्त मात्रामा पाइन्छन्। भनौं, देवकोटाको कविभाव र प्रकृतिभाव–दुवैको सुन्दर समन्वय अङ्कित छ यहाँ। दोस्रो सर्ग सुलोचनाको वशवर्णनमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

केन्द्रित छ। वंशवर्णनको प्रसङ्गमा देवकोटाले त्यस सर्गमा प्रकृतिलाई विविध अर्थमा चित्रण गरेका छन्। प्रकृति प्रकृतिकै निम्ति प्रयोग भएको एउटा उदाहरण हेरौं–

'फूल घाँस बडा वृक्ष अन्नपात रमाइलो।'

गङ्गाजीका किनारमा देखा पर्ने प्रकृतिको सुन्दर चित्रलाई देवकोटाले यहाँ प्रस्तुत गरेका छन्। यो प्रकृतिको चित्र प्रकृति जस्तो छ, त्यस्तै रूपमा चित्रित छ। यहाँ प्रकृतिले न अलङ्कार विधान पाएको छ न त मानवीकृत व्यक्तित्व नै। यसै सर्गमा देखाउने मानवीकृत प्रकृतिको उदाहरण–

'शैलकी दुहिता भज्थिन् पारावार अगोचर
शिशुको चञ्चले नाच सिध्याई गिरिफेदमा
अलि वयै सरमाएकी छरितो गान गाउन
गम्भीर तरुणी जस्ती मख्ख पर्दी लुकाउँदी
छातीका छालभित्रै नै तरङ्गहरू वैंशका
लिएकी हरियो बाटो फलको फलिफापको'

यसमा नदीलाई भर्खर बाल्यावस्था सिध्याएर (पहाडबाट झरेर) युवावस्थामा (समतल भूभागमा) झरेकी तरुणी युवतीको जुन व्यक्तित्व दिइएको छ, त्यो ज्यादै कलात्मक र सुन्दर छ।

यस्तै तेस्रो सर्गमा शत्रुमर्दन र वासुदेवको बीचको वादविवाद वर्णनको प्रसङ्गमा पनि देवकोटाको प्रकृति निकै छम्छमाएर नाचेकी हुन्छे। यहाँ वर्णित स्थलहरू प्राकृतिक सौन्दर्यले निकै परिपूर्ण हुन्छन्। अलङ्कार विधानको निमित्त आएको प्रकृतिको एउटा सुन्दर दृश्य–

'पल्लवाधरका मीठा सुकिला मसिना स्वर
कहिले जुन झैं चम्की कहिले वायु झैं चली
कहिले कम्प झैं मानौं पालुवा झैं बतासमा'

यसमा सुलोचनाका मुखबाट निस्केको सुरिलो मसिनो स्वरको उपमा कविले जुन वायु, पालुवा, शीतका थोपा आदिसँग दिएका छन्, त्यो निकै सुन्दर छ। वास्तवमा मान्छे प्रकृतिकै प्रतिच्छाया हो। मान्छेका मनस्थिति अनुसार प्रकृति पनि आफ्नो रूप र रङगलाई बदल्छ। जीवन

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

स्वच्छ, र सुखमय छ भने प्रकृति पनि सुन्दर र आह्लादमय वन्छ, परन्तु जीवन दुःखका काला बादलले ढाकिएको छ भने प्रकृति पनि भीषण र कडा बन्न पुग्दछ ।२००७ साल अगाडिका देवकोटा प्रकृतिका सुन्दर पक्षलाई नियाल्दछन् । त्यसैले २००३ सालतिर प्रकाशनमा आएको सुलोचनामा पनि प्रकृतिको भीषण रूपभन्दा सुन्दररूपको चित्रणमा देवकोटा बढी सफल पाइन्छन् । त्यसैले सुलोचनामा कतिपय ठाउँमा सुलोचना र अनङ्गको जीवन दुर्घटित भएका क्षेत्रहरूमा पनि देवकोटाको प्रकृति त्यत्ति भीषण बन्न सकेको छैन: पापिनी आमामा जसरी घिमिरे मानवमन स्थिति अनुसार प्रकृतिको स्वरूपलाई सशक्त रूपमा प्रस्तुत गर्न सफल छन्, त्यस किसिमको सशक्तता विराट् र व्यापक क्षेत्र ओगट्ने देवकोटाले पाउन सकेका छैनन् ।

सुलोचनाका अन्य सर्गमा पनि प्रकृतिका चित्रहरू विभिन्न रूप लिएर कुँदिएका छन् । सुलोचनाको बिहापछि घरमा उनले के कस्तो जीवनको अनुभव गरिन्, त्यसको चित्रण गर्दै देवकोटा भन्दछन्–

'बरू ढुक्कुरका कुनै संगीहरू वन्छन् खुशले रमाइला
बरू कुक्कुर भुक्दथे त्यहाँ उसका शब्द बनी सदा खुला

सुलोचनाको दयनीय हालतलाई उद्दीपन तुल्याउनको निमित्त चित्रण गरिएका ढुक्कुर र कुक्कुरका जोडीका चित्र यी पंक्तिमा ज्यादै सुन्दर र कलात्मक छन् ।

प्रतीकात्मक ढङ्गबाट आफ्ना भावनाहरू व्यक्त गर्न प्रकृतिको आश्रय लिने परम्परा रोमाण्टिक कविहरूमा प्रशस्त पाइन्छ । रोमाण्टिक कवि देवकोटाले यस्तै एउटा सुन्दर प्रकृतिको चित्र प्रस्तुत गरेका छन्–

'एक नै पटक फुल्छ गुलाब
पाउँदा किरणको मृदु राप
कोपिला कुसुम हुन्न पछाडि
काल झार्छ बरु विश्व अगाडि'

एउटाको एउटै मात्र प्रेमी अथवा प्रेमिका हुन्छ र जोसित प्रेम गरिन्छ त्यो एकपटक मात्र गरिन्छ भन्ने तथ्यलाई कोपिला एक पटक फुलेपछि फेरि कोपिला हुन नसक्ने अथवा कोपिला भएर फुल्न नसक्ने प्रकृतिको जुन चित्र प्रस्तुत गरिएको छ त्यो निकै कलात्मक छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रस्तुत महाकाव्यमा मानव र प्रकृतिको तादात्म्य नभएमा जीवन बर्बाद हुने कुराको पनि यथार्थ चित्रण छ। **सुलोचना र अनङ्ग प्रकृति र मानवका प्रतीक हुन्।** दुवैको एक अर्कासँग सम्बन्ध नहुँदा उनीहरूको जीवन बर्बाद भएको छ। यसबाट के भन्न सकिन्छ भने देवकोटा प्रकृति चित्रणका दृष्टिले ज्यादै व्यापक, विशाल र बहुमुखी छन्। उनका अन्य रचना जस्तै सुलोचना महाकाव्य सामाजिक भएर पनि प्राकृतिक चित्रणको दृष्टिकोणले समेत धनी छ।

६

किं कवेस्तस्य काव्येन,
किं काण्डेन धनुष्मतः।
परस्य हृदये लग्नं,
नाघूर्णयति यच्छिरः ॥

– सुभाषित

अर्थ:– कविको त्यो काव्य र धनुर्धारीको त्यो वाणको के महत्त्व छ जुन काव्य वा वाणले पराई (पाठक वा शत्रु)को मुटुमा लागेर टाउको हल्लाइदिँदैन अर्थात् जुन काव्य पढ्दा वा वाण लाग्दा हृदय पग्लोस् शिर हल्लियोस् (र य्या ? या अहा ?... भनियोस्) त्यही उत्तम हो)।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सत्यहरिश्चन्द्र महाकाव्यमा अलंकार--योजना

–डा० माधव भट्टराई

साहित्यिक–दार्शनिक र सामाजिक–सांस्कृतिक क्षेत्रमा सुपरिचित प्रतिभा श्री पूर्णप्रसाद ब्राह्मण (१९७९—२०४६) संस्कृत महाकाव्यका सफल शिल्पी हुन् । उनको सत्यहरिश्चन्द्र महाकाव्यले सिंगै संस्कृत महाकाव्य परम्परामा नेपालको योगदान दिनाको साथै श्री ब्राह्मणको महाकाव्यकारितालाई उच्च शिखरमा पुऱ्याएको छ ।

'सत्यहरिश्चन्द्र' महाकाव्यमा परम्परागत मान्यता र मर्यादाको यथेष्ट परिपालन भएको छ । महाकाव्यमा आवश्यक पर्ने कथावस्तु, पात्र-योजना, छन्दप्रयोग, अलङ्कार – विन्यास, रसपरिपाक, प्रकृति–चित्रण, सामाजिक विषयवस्तुको प्रस्तुति जस्ता महत्त्वपूर्ण पक्षमाथि लेखकको यथोचित ध्यान पुगेको छ । त्यसैले महाकाव्यको कसीमा घोट्दा 'सत्यहरिश्चन्द्र' एउटा विशिष्ट संस्कृत महाकाव्य बन्न पुगेको छ । यसमा कुनै सन्देह छैन ।

महाकाव्यको वैशिष्ट्यलाई लिएर छलफल गर्दा सत्यहरिश्चन्द्रमा उनका उल्लेखनीय र विवेचनीय पक्ष छन्, जसले साहित्यका जिज्ञासु पाठकलाई आफूतिर खिच्दछन् । कथावस्तुको स्वरूप, त्यसको ग्राह्यता–अग्राह्यता, उपजीव्य वा आधार ग्रन्थसँगको तुलना, सामाजिक परिवेशको मेल–बेमेल, घटनाक्रम जस्ता विविध पक्ष केलाउनुपर्ने हुन्छ । त्यस्तै रस, छन्द, अलङ्कार समसामयिकता, प्रकृति–चित्रण, शैली आदि अनेक पक्षमा विचार गर्नुपर्ने देखिन्छ । यस प्रसंगमा चाहिं उक्त अनेक कोणमध्ये अलङ्कार प्रयोगलाई लिएर केही चर्चा गरिन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काव्यमा अलङ्कारको महिमा पहिल्यैदेखि रहिआएको छ। पौरस्त्य काव्यशास्त्रमा प्रायः सबै समीक्षक–समालोचकहरूले अलङ्कारलाई महत्त्वपूर्ण स्थान दिएका छन्। भामह, रुद्रट, रुय्यक, जयदेव जस्ता आचार्य अलङ्कारलाई काव्यको सर्वस्व मान्दछन् भने रस, ध्वनि, रीति, वक्रोक्ति आदिलाई काव्यको प्राण ठान्ने वामन, आनन्दवर्धन, कुन्तक, मम्मट, विश्वनाथ, जगन्नाथ लगायतका अरू विद्वान्हरू पनि प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा काव्यमा अलङ्कारको आवश्यकता औंल्याउँछन्।

अलङ्कार भनेको गहना हो। त्यो गहना युवतीको शरीरमा जति–जसरी लगाउंदा सौन्दर्य बढ्दछ, कविता-सुन्दरीको शब्द र अर्थले बनेको शरीरमा पनि त्यति - त्यसरी नै लगाउँदा काव्य - सौन्दर्यमा अभिवृद्धि हुन्छ, सौन्दर्यका पारखी रसिकहरूलाई आनन्द आउँछ। यही व्यावहारिक उदाहरणबाट केही हदसम्म काव्यमा अलङ्कारको औचित्य र उपादेयता सिद्ध गर्न सकिन्छ। अलङ्कारबाट कसरी सौन्दर्य बढ्छ भन्ने कुरामा विचार गर्दा के देखिन्छ भने नितान्त स्वाभाविक रूपमा प्रवेश गर्दा मात्र अलङ्कारले शोभा दिन्छ। कविले ''अलङ्कारको लागि अलङ्कार'' को प्रयोग नगरी वर्णनीय विषयको प्रभावकारी प्रकाशन वा अनुभवगम्य रसको तीव्र अनुभूति गराउने उद्देश्यले खास प्रयत्न नगरी अलङ्कार पार्न सके अलङ्कारले काव्यको शोभा बढाउंछ। ध्वनिकार आनन्दवर्धनको अलङ्कार प्रयोग सम्बन्धी दृष्टिकोण यही रहेको छ र यो दृष्टिकोण अत्यन्त मार्मिक र तार्किक छ।[१]

विश्वविख्यात महाकवि कालिदासका कृतिमा कहीं पनि अलङ्कारको जबरजस्ती प्रयोग गरिएको छैन तर उनकै ठूलो नाम चलेको छ–''उपमा कालिदासस्य'' भनेर। अझ शब्दालङ्कारको सम्बन्धमा त काव्यकारले बढी सावधान हुनुपर्दछ। प्रतिभाशाली सिद्धहस्त कविहरू पनि शब्दचमत्कारको लोभमा परे भने चिप्लन्छन्। त्यसैले महान् समालोचक आनन्दवर्धनले यमक आदि शब्दालङ्कारको प्रयोग गर्दा शक्तिशाली कविले पनि बढी

---

१. रसाक्षिप्ततया यस्य बन्धः शक्यक्रियो भवेत्।
अपृथग्यत्ननिर्वर्त्यः सोऽलङ्कारो ध्वनौ मतः॥
–ध्वन्यालोक का. ३९ (द्वितीय उद्योत)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मेहनत गर्नुपर्ने हुनाले रसप्रधान काव्यमा शब्दालङ्कारबाट सौन्दर्य वृद्धिमा सघाउ पुग्दैन भन्ने स्पष्ट उल्लेख गरेका छन् ।[१]

सत्यहरिश्चन्द्रमा महाकाव्यकार पूर्णप्रसाद ब्राह्मणले अलङ्कारको योजना स्वाभाविक ढंगले गरेका छन् । काव्यरचनाको उद्देश्य नै पाण्डित्य प्रदर्शन, सौन्दर्य प्रकाशन वा व्यक्ति विशेषको सन्तुष्टीकरणका लागि नभएर त्यसको पूजन र विश्वबन्धुताको अभिव्यञ्जनका लागि भएको हुनाले काव्य सौन्दर्यतर्फ ध्यान दिइएको छैन भन्ने विचार पटक-पटक लेखकले व्यक्त गरेका छन् ।[२] यस महाकाव्यको रचना शैलीतर्फ दृष्टि दिँदा पनि बलजफ्ती-सित अलङ्कार पार्ने कोसिस नगरिएको पुष्टि हुन्छ । यसो भए तापनि सत्य-हरिश्चन्द्र महाकाव्यमा अलङ्कार--योजनाको कमी अनुभव हुँदैन र प्रासंगिक वर्णन स्वाभाविक चित्रण, मानसिक–शारीरिक भावको प्रकाशन गर्ने सन्दर्भमा काव्यकारले विशेष परिश्रम बिना नै आलङ्कारिक सौन्दर्य उत्पन्न गर्न सफलता पाएका छन् । अलङ्कार योजनाको सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिबाट हेर्दा महाकाव्यकार पूर्णप्रसाद ब्राह्मणको यो महत्त्वपूर्ण उपलब्धि मानिन्छ ।

सत्यहरिश्चन्द्र काव्यमा शब्दालङ्कारहरू शून्यप्राय नै छन् र अर्था-लङ्कारहरूमा मुख्य रूपले उपमा, उत्प्रेक्षा, रूपक, अप्रस्तुतप्रशंसा, स्वाभावोक्ति र अर्थान्तरन्यासको प्रयोग सार्थक र सही ढंगले गरिएको छ । एकातिर राजा जलोदार रोगले ग्रस्त हुन्छन्, अर्कातिर छोरा पनि भागेर वन जान्छन्, त्यस बेला रानी शैव्याको अवस्था वर्णन गर्ने सिलसिलामा सामान्य बयानबाट भावको पुष्टि नहुने देखी रानीलाई हिउं र हुरीले सताएको कोमल लतासंग तुलना गर्दै कवि उपमाको सुन्दर नमूना पेश गर्दछन्—

शोकद्वयेन प्रहृता महिषी भर्तृ-पुत्रयोः ।
हिमवाताहता मृद्वी लतेव कृशतां गता ।।[३]

वर्णनीय विषयको प्रतिपादन गर्ने सन्दर्भमा कविहरू विभिन्न

---

१. यमकादिनिबन्धे तु पृथग् यत्नोऽस्य जायते ।
शक्तस्यापि, रसे ऽङ्गत्वं तस्मादेषां न विद्यते ।।

२. सत्यहरिश्चन्द्र (भूमिका भाग) ऐ. ऐ. (संग्रह लोक)

३. स. ह ५।१२

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

किसिमको बाटो लिन्छन् । कोही पुराना कविले प्रयोग गरेको विषयका साथै तिनै विम्ब, प्रतिविम्ब र प्रतीकहरू ग्रहण गर्दछन् भने कोही बिल्कुल नयाँ । महाकाव्यकार पूर्णप्रसाद प्रायः पुरानै प्रचलित विम्ब--प्रतिबिम्ब र प्रतीक-उपमानहरूको र कतै-कतै नयाँ किसिमका विम्ब-प्रतीकहरूको अनुसरण गरी भाव प्रकाशन गर्दछन् । सत्यहरिश्चन्द्र महाकाव्यको विस्तृत अध्ययनबाट यस कुराको पुष्टि हुन्छ ।

यस महाकाव्यमा उत्प्रेक्षाको प्रयोग पनि विविध किसिमबाट भएको छ । लामो समयको प्रतीक्षापछि राजकुमारको जन्म हुन लागेको बेलामा प्रकृतिमा उत्सुकता, चञ्चलता र खुसियालीको सम्भावना यसरी व्यक्त गरिएको छः-

दिक्सुन्दरीभिरमितैर्हसितप्रकाशैः
धौतेव, वामरवधूभिरधीरवृत्या ।
क्षिप्तैर्विलासकलहे मणिरत्नचूर्णैः
व्याप्तान्तरेव रजनी मधुरं जहास ।।[१]

महाकाव्यकारले उपमा र उत्प्रेक्षा दुवैमा विविधता देखाएका छन् । त्यसैले कतै उपमान र उपमानवाचक जस्ता तत्त्वको अध्याहार मात्र गरी बयान गरिएको छ भने कतै उत्प्रेक्षाको हेतु वा क्रियाको संभावना प्रकट गरिएको छ ।

रूपक अलङ्कारको प्रयोग पनि सत्यहरिश्चन्द्र महाकाव्यमा अति स्वाभाविक र रोचक ढंगले भएको छ । तल उद्धृत पद्यमा रूपकको शोभा सफलतासाथ झल्किएको छः-

यदि मयि तुष्टो देव :
पुत्राभावात् अहं परं खिद्ये ।
चन्द्रेण पुत्रमयेन,
जीवन–रात्रि मम प्रकाशयतु ।।
भ्राम्यन् अपि लोकेषु
पितृऋणपंजरे सदा निबद्धोऽहम् ।
नानन्दमनुभवामि
पंजरशुकवत् परैर्जगत् भ्रमित : ।।[२]

---

१. ऐ. २।१
२. ऐ. १।६५— ६६

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

राजा हरिश्चन्द्र गुरु वसिष्ठसंग बिलौना पोख्ने क्रममा जीवनमा रात्रीको, पुत्रमा चन्द्रमाको र पितृऋणमा पिंजराको आरोप गर्दै आफ्नो भाव स्पष्टरूपमा अभिव्यक्त गर्दछन् । अप्रस्तुत वस्तुको बयानद्वारा व्यंजनाको माध्यमले प्रस्तुत विषयको ज्ञान गराउँदा 'अप्रस्तुत प्रशंसा' अलङ्कार पर्दछ । यसको प्रयोग पनि सत्यहरिश्चन्द्र महाकाव्यमा यथोचित ढङ्गले भएको छ । जस्तै:-

नीडे सुधांशुधवले प्रियशावमेकम्
पक्षान्तरे मृदु निधाय सुखं स्वपन्तौ ।
व्याधः कृपाणहृदयो द्विजदम्पती तौ
हा हन्त लक्षयति तीक्ष्णशरेण रात्रौ ।।[1]

यहाँ अप्रस्तुत चराको जोडी र तिनका बच्चाको बयानद्वारा प्रस्तुत राजदम्पती र राजकुमारको प्रासिङ्गक विषय बुझाइएको छ ।

स्वभावोक्ति अलङ्कारले पनि यस महाकाव्यमा राम्रो स्थान पाएको छ । मुख्यतया तपोवनको वर्णन, बालक्रीडाको चित्रण र राजपुत्र रोहितको वनगमनको प्रसङ्गमा यस अलङ्कारलाई विशेष स्थान दिइएको छ । तपोवनको बयानमा पशुपक्षीको स्वाभाविक चित्रणको प्रसङ्गमा स्वभावोक्तिको एक नमुना हेरौं:-

स्नेहेन नूत्नानि तृणानि दित्सूः
तपस्विकन्याः सगलाभिभङ्गम् ।
अर्धप्ररूढैः अभिहत्य शृङ्गैः
उत्प्लुत्य खेलन्ति कुरङ्गशावाः ।।[2]

सत्यहरिश्चन्द्र महाकाव्यमा प्रशस्त प्रयोगमा आएको अर्को अलङ्कार हो- अर्थान्तरन्यास । साधर्म्य अथवा वैधर्म्यले सामान्यलाई विशेषले र विशेषलाई सामान्यले समर्थन गर्दा यो अलङ्कार पर्दछ । यस महाकाव्यमा विशेषलाई सामान्यले समर्थन गरेका उदाहरण बढी पाइन्छन् । जस्तै एउटा नमुना:-

---

१. ऐ. २।१५
२. ऐ. १।३४

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

ससर्वसस्मत्यपि तस्य वाक्यम्
नैवानुमेने कुशिकात्मजस्तु ।
सेर्ष्यो हि साध्वीमपि पूर्ववैरात्
सम्मन्यते नैव विपक्षवाचम् ॥[१]

उपर्युक्त अलङ्कारहरूका साथै अरू अलङ्कारहरूको पनि यस महाकाव्यमा यदा-कदा प्रयोग गरिएको छ । ती अन्य अलङ्कारहरूमा भ्रान्तिमान्, अपह्नुति, दृष्टान्त, समासोक्ति, सहोक्ति, व्यतिरेक आदि विशेष उल्लेखनीय छन् । तलको उदाहरणमा भ्रान्तिमान्को राम्रो छनक पाइन्छः–

सौम्ये स्वर्णोषसि, मृदुतरे मारुते स्वर्झरिण्याः
भुग्ना भुग्नास्तरलतरलाः स्वर्णवीचीर्विलोक्य ।
हैमा नागाः कुत इति परं विस्मिताः पक्षिणोऽपि
गङ्गातोयोपरि कलरवा मन्थरा निष्पतन्ति ॥[२]

व्यतिरेक अलङ्कारको नमुनाका लागि यस पद्यलाई अघि सार्न सकिन्छः
हर्म्ये गृहे संसदि पक्वणे वा समं प्रसादं ददतं हिमांशुम् ।
जिगाय पक्षद्वितयेऽप्यखण्डं तावत् प्रदानात् नृपमौलिरेषः ॥[३]

माथि प्रस्तुत विभिन्न उदाहरणबाट सत्यहरिश्चन्द्र महाकाव्यको अलङ्कार योजनाको झलक पाइन्छ । प्रयत्नपूर्वक नपारी रचना प्रवाहमा प्रायः नैसर्गिक प्रयासले पर्न गएका यी अलङ्कारले यस महाकाव्यमा निश्चय नै शोभा बढाएका छन् र यथास्थान सबैको महत्त्व देखिन्छ । महाकाव्यको सूक्ष्म निरीक्षणबाट के स्पष्ट हुन्छ भने उपमा र अर्थान्तरन्यास अलङ्कार महाकाव्यकारका लागि बढी प्रिय छन् । उपमालाई मात्र लिएर अध्ययन गर्ने हो भने यसका अनेकता र विविधताका सुन्दर स्वरूप देखा पर्दछन् । त्यसैले सारांशमा भन्नुपर्दा महाकवि पूर्णप्रसाद ब्राह्मण सत्यहरिश्चन्द्र महाकाव्यमा अलङ्कारहरूका सफल प्रयोक्ता ठहरिन्छन् ।

---

१. ऐ. ६।२८
२. ऐ. १०।४
३. ऐ. १।५

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

निबन्धकार रामकृष्ण शर्मा : प्यारो सपना र अन्य लेखहरूभित्र

– राधेश्याम भट्टराई

रामकृष्ण शर्मा नेपाली साहित्यका सुप्रसिद्ध समालोचकको नाम हो। रामकृष्ण शर्मा नेपाली साहित्यका उत्कृष्ट कवि र निबन्धकारको नाम हो। रामकृष्ण शर्मा पश्चिम बंगालका प्रख्यात न्यायमूर्तिको नाम हो। रामकृष्ण शर्माको प्रसिद्धि नेपाली समालोचनाको क्षेत्रमा चुलिएको छ, कविताको क्षेत्रमा झाङ्गिएको छ र निबन्धको क्षेत्रमा पाँजिएको छ। समीक्षा गर्दा उनको राय ठहर ठीक ठाउँमा प्रयोग हुन्छ, न्यायको तराजु ढल्पलाउन पाउंदैन। दूधको दूध, पानीको पानी छुट्टिन्छ। उनी निधक्क, निष्पक्ष र निर्भीक बनेर कृतिको मूल्याङ्कन गर्छन्।

'सप्तशारदीय' उनको समीक्षात्मक चुली हो भने 'बलिदान' कवित्व शक्तिको प्रस्फुटन। बलिदान पढेपछि कवि रामकृष्ण शर्माको कविता प्रति मुग्ध भइन्छ भने 'प्यारो सपना र अन्य लेखहरू' भन्ने निबन्ध संग्रहको अध्ययनबाट निबन्धकार रामकृष्णको बौद्धिक प्रतिभा अझ प्रखर भएको अनुभव हुन्छ।

समालोचक रामकृष्ण शर्मा नेपाली साहित्यमा चिरपरिचित नाम भएकोले उनको समालोचक सधैं सशक्त र जागा छ, जसको जति चर्चा गरे पनि थोरै हुने हुँदा त्यस दिशातिर हात नहालौं।

कवि रामकृष्ण शर्मा 'बलिदान' मा स्पष्ट अभिव्यक्तिका साथ अवतरित भएका छन्। प्रसंग अर्कै हुंदा कवितातिर पनि कलम नलम्काऔं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विषय र प्रसंग निबन्धको समातेकाले उनको निबन्ध संग्रहको संक्षिप्त चर्चा नै मूलभूत विषय बन्न गएको छ ।

निबन्धकार रामकृष्ण शर्माको 'प्यारो सपना र अन्य लेखहरू' भन्ने निबन्ध संग्रह वि. सं. २०१७ सालमा पहिलो पल्ट छापिएर पाठकका सामु देखा पऱ्यो । विभिन्न विषयवस्तुमा प्रकाश पार्ने सत्र वटा निबन्ध-हरूको संगालो हो 'प्यारो सपना र अन्य लेखहरू ।' संख्या सत्र भए जस्तै यी निबन्धको रचनाले सुप्रसिद्ध समालोचक शर्मालाई निबन्ध विधामा पनि सत्र पारेको छ, उनको ख्याति उचालेर । संग्रहित निबन्धमध्ये कति-पय ज्यादै सफल र उच्च कोटिका छन् । यस संग्रहमा शर्माले तीन शैली अपनाएका छन् आत्मपरक, वस्तुपरक र संवादपरक । जुन शैलीमा हात चलाए पनि सरसता, सरलता र भाषिक निखरता हुनुलाई उनको वैशिष्टच नै मान्नुपर्छ । कतै कतै 'वासना घ्राण गर्ने' र 'स्वीय कमजोरी' जस्ता वाक्यांश देखिन्छन् भने तिनलाई अपवादका रूपमा लिनुपर्छ । यस संगालोमा संगालिएका मूर्तिपूजा, धामीको पक्षमा, वीर गतिको धोको र गोर्खाली जस्ता निबन्धले निबन्धकार शर्माको प्रखर व्यक्तित्वलाई तिखा-रेका छन् । यसै परिवेशमा 'प्यारो सपना र अन्य लेखहरू' भित्र चाहारौं ।

संगालोको पहिलो निबन्ध 'प्यारो सपना' हो । यहाँ स्वप्न संसार स्वर्गीय आनन्दको द्योतकका रूपमा झल्काउँदै अनेक उपमा र घटनाको उल्लेखबाट पुष्टि गर्न खोजिएको छ, तापनि वेदान्तको मिथ्यावादको समर्थन गर्नु मूल अभिप्राय देखिन्छ ।

"प्रौढाको प्रश्न"मा नारीको बैंशमा सबै झुम्मिने र बैंस ढल्केपछि अर्थात् प्रौढा बनेपछि मुन्टो बटार्ने स्वाभाविक मानव चरित्रको चित्रण गरिएको छ भने "अर्को दाज्यूको प्रत्युत्तर"ले साइनो नलाग्ने तर सामा-जिक व्यवहारले दाजु-बहिनी बनेका बीच सम्बन्ध गाँस्नुहुन्छ भन्ने कुरा दर्शाएको छ ।

दोहोरो पैसा तिर्ने ज्ञानी हो कि मूर्ख ? यसकै अन्तर्द्वन्द्वमा "फुटबल खेलेको हेर्न जाँदा तुरिएको छ त "रामायणका काण्ड"मा नामकरणको विचित्र मौलिकता पाइन्छ । सात काण्डे रामायणका सातै मौलिक अर्थ दिइएको छ यहाँ । छोरा नहुने दशरथका चार छोरा जन्मनु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मूल कारण भएकाले रामायणको पहिलो काण्ड "जन्मकाण्ड" भयो। चार बालक भएपछि दिनँ पिच्छे काण्डँकाण्ड हुने हुँदा दोस्रो "बालककाण्ड"। कैकेयीले रामलाई जङ्गल पठाएकोले तेस्रो "जङ्गल काण्ड"। जङ्गलमा राम र लक्ष्मण सुर्पणखासांग र रावण सीतासांग जिस्केकाले र जङ्गलमा कामँ जिस्कने हुँदा चौथो "जिस्किन्दाकाण्ड", जसलाई जङ्गलकाण्डको उपशाखा भनिएको छ। सीताको सौन्दर्य, अशोक बाटिकाको सौन्दर्य र लङ्काको सौन्दर्य आदिले गर्दा पाचौं "सुन्दर काण्ड"। बाँदरको ठूलो पल्टनले समुद्रमा सांघु हाली लङ्का समेत डढाएकाले छैठौं "बन्दर-काण्ड"। सातौं युद्धकाण्ड स्पष्टै छ भने उत्तरकाण्डका रूपमा द्रव्यमेघ-काण्ड बनाइ रोचकताका साथ अध्याइएको छ।

"दार्जिलिगका आदिवासीको खोजमा" आदिवासी किटान गरेर तोक्न नसकिने कुरा स्वीकारिएको छ भने "राजनैतिक क्षेत्रको कर्मचारी" मा उच्च त्याग र नैतिक मनोबलले काम गर्ने राजनैतिक क्षेत्रको कर्म-चारीको कदर ऊ मरेपछि मात्र "बडा असल र खूब काम गर्ने मान्छे थियो" भनेर गरिन्छ भन्ने देखाइएको छ।

"मूर्तिपूजा"मा मूर्तिपूजा नमान्नेको दोहोलो काढेका छन्। उनका दृष्टिमा लाटोकोसेरोले मात्र मूर्तिलाई माटो देख्छ अरूले ईश्वर अथवा ब्रह्म। ईश्वर अथवा ब्रह्म शब्दमा सम्पूर्ण वस्तुको तत्त्व समावेश छ। हाम्रा सम्पूर्ण शब्द समूह नै मूर्ति हुन् र हाम्रा भावनालाई शब्दरूपी मूर्तिका बन्धनमा राख्छौं भन्ने शर्माको प्रखर पाण्डित्य यस निबन्धमा छचल्किएको छ।

"मेलाटारमा आउँछ सम्झना"ले फुटबल खेल हेरेको स्मृति र "गुरुङ्ज्यूसंगको बुधबारे यात्रा"ले बुधबारे यात्राको छोटो प्रसंग मात्र समेटेको छ। यसै गरी डम्बरसिंह गुरुङ्को स्वाभिमानी व्यक्तित्वको केही झलक "म निहुरिन्न"मा पाइन्छ भने "सगरमाथामा तेन्जिङ"ले स्वदेशी मान्छे तेन्जिङलाई यात्रादलका सदस्य बनाएर लगेपछिमात्र सगरमाथा आरोहण अभियान उनले सफल पारे भनी तेन्जिङको प्रशंसा गरिएको छ। यस्तै "डाक्टर विनय कुमार सर्कार" र "श्यामाप्रसाद मुकर्जी" भन्ने दुई निबन्ध बङ्गाली विद्वान्को निधनमा श्रद्धाञ्जलि प्रकट गर्दछन्।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

"वीरगतिको धोको"ले कलंगा दुर्गमा वीर बलभद्रको रणकुशलता-को परिचय दिन्छ र उनको दुर्गत्याग देशको स्वातन्त्र्य र उत्थानका निम्ति रहेको पुष्टिन्छ "सर्वनाशे समुत्पन्ने अर्धं त्यजति पण्डितः"का रूपमा ।

"धामीको पक्षमा" भन्ने निबन्धमा चिकित्साप्रणालीको इतिहासमा पाँचौं खुडकिलो मानिने ईथरको दोलायमान चिकित्सा विधिमा धामी अवतीर्ण भएको र मन्त्र पढेर ईथर दोलायमान गरी फूः फूः गर्दा रोगका कीटाणु मर्छन् भन्ने कुरा खण्डित नभएकाले "झारफूके" प्रणालीद्वारा मान्छेको रोग कुखुरा आदिमा सार्न सकिएको हो । चिकित्साप्रणालीको इतिहासमा धामीको विधि डाक्टरको भन्दा अग्रतर भएकोले धामी–चिकित्साको विकास गर्न "धामी–चिकित्सालय," "धामी–कलेज" र "धामी–विश्वविद्यालय" खुल्नुपर्छ, अन्धविश्वास मानेर धामीलाई हेप्नु-हुँदैन भनी निबन्धकार धामीको पक्षमा वकालत गर्छन् ।

"गोर्खाली" भन्ने निबन्धमा निबन्धकारले अनेकौं तर्क, व्याख्या र उदाहरण दिएर गोर्खाली र नेपाली यी दुइ पर्यायवाची शब्द हुन्, सम्बोधित विषयमा नाउँ बाहेक अरू कुराको परिवर्तन आएको छैन र रत्तिभर भिन्नता पनि छैन भन्ने तर्क पेश गरेका छन् ।

संक्षेपमा भन्नुपर्दा यत्ति भनौं आलोच्य संग्रहका मूर्तिपूजा, धामीको पक्षमा, वीरगतिको धोको र गोर्खाली जस्ता निबन्धले रामकृष्ण शर्मा उत्कृष्ट निबन्धकारका रूपमा प्रतिष्ठित गरिएका छन् ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मनुस्मृति सर्वोत्तम धर्म-ग्रन्थ हो

प्रा. छविलाल पोखरेल

पृथिवीभर धर्मग्रन्थ कहाँ कति थिए, धर्म ग्रन्थै नभै परम्परा-बाटै चलेका धार्मिक काम कुरा कति र कस्ता थिए ? ती सबै लेखी साध्यै छैन। कैयौं जातमा धामी-झाँक्रीबाट मात्र चलेका धर्म-कर्म पनि चालू छन्। उनले धर्मग्रन्थ मानेका कुरान र बाइबल ता हिन्दीमा र नेपालीमा पनि अनुवाद भएकाले परिचय पाइँदैछ।

सबैतिरको उत्तम कुरा लिनु, हानि गर्ने त्याग गर्नु बुद्धिमानी हो। ०४४।६।६ को नेपाली आवाजमा मोदनाथ प्रश्रितज्यूले मनुस्मृतिका शूद्रबारेका नराम्रा कुरा देखाउदै त्यस्ता कुरा मान्नेलाई नरहरि भन्ने र रामले निर्दोष शम्बूक शूद्र मारेको देखाएकोले समेत केही लेखिदैछ। तपस्वी शम्बूक मारेको कथा रामचरित्रसंग नमिल्ने, पछि थपेको हो सो कुरा अन्तप्रकाशित गरियो। योगी नरहरिजी त्यागी सुधारवादी विद्वान् हुनाले मनुका शूद्रबारेका विधानको कडा बिरोधी भए पनि त्यहाँका उत्तम कुराको समर्थन वहाँजस्ता सदसद्‌विवेकीले गर्ने पर्छ र गर्नुहुन्छ र यहाँ अस्पृश्यताको पनि विरोधी भनी चिनिनहुन्न। स्मृति (धर्मग्रन्थ) नामबाट प्रकाशित ग्रन्थ ४३ सम्म देखिए। तर याज्ञवल्क्य स्मृतिले मनु आदि २० स्मृतिको मात्र नाम लिएको छ। ती सबै स्मृतिभन्दा पुरानु र अहिले पनि सम्मार्ग देखाउन सक्ने मनुस्मृति नै देखिन्छ।

पृथिवीभरका कुनै धर्म-ग्रन्थले पनि धर्मका नामबाट अनेक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विधि-निषेधका व्यवहार बताएर ती व्यवहारबाट हानि हुने ठहरेमा त्यागिदिनू भनेको देखिदैंन। मनुस्मृतिले चाहिं धार्मिक व्यवहार पनि हानि गर्ने छ भने त्यागिदिनू भनेको छ– जस्तै–परित्यजेदर्थकामौ यौ स्यातां धर्मवर्जितौ। धर्मं चाप्यसुखोदर्कं लोकविक्रुष्टमेव च (मनु, ४।१७६) अर्थात् धन कमाउने र अरू गृहस्थका कामहरू धर्म विरुद्ध छन् भने त्यागिदिनू। धार्मिक व्यवहार पनि भविष्यमा हानि गर्ने बुझियो भने त्यागिदिनू, भनेको छ। यसबाट मनुस्मृति ढुंगो जस्तो अचल शास्त्र होइन भन्ने कुरा स्पष्ट भयो।

त्यस्तै सतीप्रथा व्यास स्मृति (२।५३), दक्ष स्मृति (४।१३), षराशार स्मृति (४।४३) र अन्यत्र पनि देखिन्छ। तर मनुस्मृतिमा गन्धै छैन, वरू– मृते भर्तरि साध्वी स्त्री ब्रह्मचर्ये व्यवस्थिता। स्वर्गं गच्छत्यपुत्रापि यथा ये ब्रह्मचारिणः (५।१६०) कडाइका साथ स्मृतिहरूद्वारा चालू गरेको सतीप्रथा संवत् १९७७ सालमा मात्र कडा ऐनबाट छुटचो। वेदमा र वाल्मीकि रामायणमा सती प्रथाको नामसम्म पनि देखिदैंन। दशरथराजा मरेपनि कौशल्या आदि रानीहरू बाँचेकै छन्। त्यस्तै तप बारेमा पनि "ब्राह्मणस्य तपो ज्ञानं तपः क्षत्रस्य रक्षणम्। वैश्यस्य तु तपो वार्ता तपः शूद्रस्य सेवनम्" मनुमा छ। (११।२३५) जीविकाका निम्ति इमान्दारिले गरिने काम नै तप भनेको छ। हाम्रा सबै शास्त्रमा अनेक तप बताएका छन्। वानप्रस्थाश्रमको तप स्मृति र पुराणहरूमा देखिन्छ, (जस्तै–ग्रीष्मे पञ्चतपास्तु स्याद्वर्षास्वभ्रावकाशिकः) आर्द्रवासास्तु हेमन्ते क्रमशो वर्धयँस्तपः (मनु. (६।३३) भागवतमा चाहिं आकण्ठमग्नः शिशिरे, पनि भनेको छ। जेठ असारमा वरिपरि चारपट्टि आगो बाल्नू, बीचमा सूर्यको ताप हुँदा पञ्चाग्नि ताप्नू, वर्षामा पानी खपेर बस्नू, जाडो महिनामा भिजेका लुगा लाउनू अथवा घांटीसम्म पानीमा बस्नू इत्यादि उग्र तप गर्नू भनेको छ, र ९.५ श्लोक– "संन्यस्य सर्वकर्माणि कर्मदोषानपानुदन्। नियतो वेदमभ्यस्य पुत्रैश्वर्ये सुखं वसेत्"ले चाहिं गृहस्थले गरिने जीविका निम्ति कमाउने आदि सबै काम त्यागेर आफुले जानेर वा न जानेरै गरिएका कर्म दोष जीव–हिंसा आदिलाई ईश्वरको भजन भक्ति आदिबाट हटाउँदै वेदको अभ्यास गर्दै सन्तानको जीविका साधनबाट सुखैले बसोस्. यो व्यावहारिक कुरा देखिन्छ। माथिको गीष्मे पञ्चतपाः, आर्द्रवासास्तु हेमन्ते, इत्यादि तप गर्दा ता कुनै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१।२ मान्छे बाँच्न सक्लान्, बहुसंख्यक मान्छे अवश्य नै चाँडै मर्ने छन् । गीतामा 'मूढग्राहेणात्मनो यत् पीडया क्रियते तपः । परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम्'– (गीता १७।१९) शरीरलाई अति कष्ट दिएर गरिने तप चाहिं तमोगुणी हो भनेर शरीर मन वचनले गरिने ब्रह्मचर्य अहिंसा, मान्य जनको सत्कार, शुद्ध रहनु आदि शरीरको तप हो । हित, सत्य र प्रिय बोल्नु तथा सद्ग्रन्थको अभ्यास गर्नु आदि बोलीको तप हो । (गीता १७।१४-१६) यसै गरी काम, क्रोध, लोभ, घमण्ड मनमा रहन नदिनु र मन सफा राख्नु मनको तप बताएको छ । (गीता १७।१३)

वेदमन्त्रानुसारी मनुस्मृति

ऋग्वेदकाले मन्त्र धेरै दुर्व्यसन नत्यागी सन्मार्गमा लाग्न सक्तैन भन्दै असत्य बाटोतर्फ लगाउने दुर्व्यसन बताएको छ । जस्तै– न सः स्वो दक्षो वरुण; ध्रुतिः सासुरा मन्युर्विभदीको अचितिः । अस्ति ज्यायान् कनीयस उपारे स्वप्नश्च नेदन् तस्य प्रयोता (ऋक्. ७।८६।६)। ए वरुण ! हामीलाई बिगार्ने मनको चञ्चलता, मद्यपान, जुवा, क्रोध अज्ञान आदि दुर्व्यसन हुन् । ठूला मानिस त्यस्ता हुँदा साना बिग्रन्छन्, प्रमाद गर्दै कर्तव्यमा दृढ नभएर अनृत (असत्)मा लाग्दछन् । सप्त मर्यादाः कवयस्ततक्षुस्तासामेकामिद हुदीरी गात् (ऋक्. १०।५।६) ऋषिहरूले सात दुर्व्यसन बताएका छन् । ती मध्ये एकै बटामा मात्र लागे पनि पापी ठहर्छ भनेकोमा मनु. (अ. ७ श्लो. ४५) मा अठार दुर्व्यसन बताई श्लोक ५०।५१ ने मद्यपान, जुवा, व्यभिचार, शिकार, रिसले कुट्नु, गाली गर्नु र आर्थिक भ्रष्टाचार समेत सात दुर्व्यसन छोड्नु नै मर्यादा बताएको छ ।

मनुस्मृति व्यावहारिक शास्त्र हुनाले सबैभन्दा ठूलो धर्म के हो भन्दा मन, वचन, शरीर घर–परिवार आदिको शुद्धिका निम्ति ज्ञान तपस्या आदि १२ वटा (५।१०५) उपाय बताएर मनुले भनेको छ कि "सर्वेषामेव शौचानामर्थशौचं परं स्मृतम् । योऽर्थे शुचिसहि शुचिर्न मृद्वारि शुचिः शुचिः (मनु. अ. ५।१०६) अर्थात् मन वचन शरीर शुद्ध गर्ने जति पाठ पूजा स्नान तप आदि बताएका छन्, ती सबैभन्दा धनमा चोखो हुनु नै श्रेष्ठ हो, ज्ञान र तप आदि ता गर्छ तर धनमा चोखो छैन, आर्थिक भ्रष्टाचार गर्दछ भने ता अशुद्ध नै ठहर्छ । राम्रो कामबाट जीविका गर्नु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

उत्तम हो । गीताले 'ईहन्ते काम-भोगार्थमन्यायेनार्थसञ्चयान्' (१६।१३) भोग निम्ति अन्यायले धन थुपार्ने नै असुर वा राक्षस हुन् भन्दछ । साच्चै नै आर्थिक भ्रष्टाचार गरी धन जोड्नु सर्वभन्दा नीच कर्म हो, तलैबाट माथिल्ला तहमा समेत आर्थिक भ्रष्टाचार जबसम्म हुन्छ तबसम्म राष्ट्रोन्नति हुँदैन । जस्तै ऋग्वेदको अन्तिम मन्त्रले मनुष्य समाजको सह अस्तित्व निम्ति समान व्यवहार आवश्यक बताएको छ । मनुस्मृतिले पनि उपसंहार गर्दा अन्त्यमा भनेको छ कि–एवं यः सर्वभूतेषु पश्यत्यात्मानमात्मना । स सर्वसमतामेत्य ब्रह्माभ्येति परं पदम् (१२।१३।२५) अर्थात् यस्तै प्रकारले जुन मानिस सबै प्राणीमा उही आत्मा व्याप्त भएको ठहराउछ, त्यो मानिस सबैका साथ समानताको व्यवहारद्वारा शान्ति पाएर परब्रह्म (मुक्ति) पाउँछ भनेको छ । त्यस्तै स्त्री-पुरुष (पति पत्नी) को मुख्य धर्म अन्यत्र व्यभिचार नगर्नु हो भन्ने बताएर ती पतिपत्नीले अन्यत्र व्यभिचार नहोस् भन्ने उद्देश्यले धेरै दिनसम्म वियोगी भएर बस्नु नपर्ने व्यवस्था मिलाउनुपर्छ भन्ने कुरा मनुस्मृति (९।१०१।१०२) ले गरेको छ । त्यति गर्दा पनि स्त्रीले व्यभिचार गरेको बुझियो भने यौटा कोठामा थुनेर पुरुषले परस्त्रीका साथ व्यभिचार गरेकोमा जुन प्रायश्चित बताएको छ त्यही प्रायश्चित्त गराउनू भन्ने कुरा "विप्रदुष्टां स्त्रियं भर्ता निरुन्ध्यादेकवेश्मनि । यत्पुंसः परदारेषु तच्चैनां कारयेद्व्रतम् (मनु. ३१।१७६) अर्को पद्य १८९ ले प्रायश्चित्त गराए पछि कुनै अवस्थामा पनि तैंले यस्तो अपराध गरिथिस् भन्दै पुरानु कुरा कहिल्यै नभन्नु समेत भनेको छ ।

मनुस्मृतिको व्यावहारिकता र प्रगतिशीलताको वर्णन गर्दा ठूलो पुस्तक बन्न सक्तछ । दान बारेमा पनि परिवारलाई समेत नराखी अन्त्य क्रिया (किरिया खर्च) गर्छ भने मरेकालाई र बाँचेकालाई पनि लाभ हुँदैन भनेको छ । अझ आफु परिवारलाई जीविका गर्न कठिन पारेर दान गर्नु अगाडि मीठो पछि विष जस्तो हुन्छ भन्ने पनि मनु. (११।९।१०) ले भनेको छ । त्यसै अनुसार दशरथ मर्दा अयोध्यामा घर, जग्गा, हाती, घोडा, शय्या आदि अनेक दान भरतले गरे चित्रकूटमा राम लक्ष्मणले चाहिं धन नहुनाले बाबु मरेको खबर पाएर त्यहीं गएका वसिष्ठ आदि पुरोहितलाई पनि नबोलाई चिउरीको पिना र पानीले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

पिण्डतर्पण गरे भन्ने लेखेको छ । यसकारण धन नहुनेले धर्मकर्म शक्ति अनुसार गर्ने कुरा स्पष्ट भयो ।

मनुस्मृतिको समय

वनस्था अपि राज्यानि विनयात् प्रतिपेदिरे (मनु. ७।४०)ले मद्य पान आदि दुर्व्यसन त्याग्नु र शिक्षित बन्नु इत्यादि उत्तम गुण हुने राजपुत्रहरूले जङ्गलमा रहनु परे पनि फेरि राज्य पाए भन्नेमा उदाहरण दिंदा पृथु राजा, मनु इत्यादिको नाम छ । तर युधिष्ठिर र रामले जङ्गलमा बसेर पछि राज्य पाएका थिए, उनको उल्लेख नगरेकोले युधिष्ठिरको समय ५ हजार वर्ष पुरानु र त्योभन्दा पुरानु राम हुँदा ती भन्दा पुरानु मनुस्मृति ठहर्छ ।

धर्मको मूल वेद हो र मनुस्मृति वेदानुसारी छ, भन्ने कुरा मनु स्मृति २/५–६ ले स्पष्ट भनेको छ। मनुको अ. १ श्लोक ३३ ले 'ब्रह्माबाट मनुभए, उनबाट सृष्टि भएकोले सबै मानव कहिन्छन्' भनेको र महाभारत शान्तिपर्व (अ. १८८) ले ब्रह्माबाट सृष्टि भएकाले सबै मनुष्य ब्रह्माकासन्तान हुन्, अनेकौं कामका उद्देश्यबाट अनेक वर्ण भए, भनेको छ ।

मनुमा धेरै कुरा पछि थपिएछन्

धर्ममा र मनुस्मृतिमा श्रद्धा गर्ने मानिसले पनि मनुका कैयौं व्यवस्था हेर्दा लाज मानेर मुख छोप्नुपर्ने जस्तो हुन्छ। तर वैदिक सिद्धान्त मानवाधिकारवादी, सर्वात्मवादी र समानतावादी छ भन्ने कुरा ऋग्वेदको उपसंहारका तीन मन्त्र र यजुर्वेदको उपसंहार चालिसौं अध्यायका १७ मन्त्र समेत २० मन्त्र राम्ररी बुझ्दा स्वतः स्पष्ट छ। यस प्रसंगमा धार्मिक व्यवहार पनि हानि गर्नेछन् भने त्याग्नू भन्ने मनु वाक्यले समेत मनुस्मृति सर्वोत्तम देखिन्छ। मध्यकालमा राजनीतिले कैयौं वर्गलाई दबाएर काम लिनुपर्दा स्थायी रूप दिनका निम्ति धर्मको छाप लगाउने, थप्ने र झिक्ने गरेको देखिन्छ। त्यसैले वेदमा नभएका मात्र होइन, वेदविरुद्ध कुरा पनि मनुमा धेरै देखिन्छन् । जस्तै–मनुस्मृति अ. ८ को श्लोक ४१२ र ४१३ ले शूद्रलाई दास गराउनुपर्छ, ब्रह्माले नै दास भै

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

काम गर्न नै सृष्टि गरेको हुँदा स्वामीले दासलाई विदा दिए पनि दासत्वबाट मुक्त हुन सक्तैन, ब्रह्माको सृष्टिलाई कसले हटाउन सक्दछ ? भन्ने र अ. ११ श्लोक १२९ ले शूद्रो हि धनमासाद्य ब्राह्मणानेव बाधते, शूद्र धनी भएमा ब्राह्मणहरूलाई नै बाधा पुग्दछ। वेद मन्त्र 'ब्राह्मणोऽस्य' (ऋक्. १०।९०।१७) ले मनुष्य समाजका चार अङ्ग मध्ये शूद्र (श्रमजीवी) लाई पाउ कल्पना गरी पाउ नभए डेगै नचल्ने हुँदा उतिकै महत्त्व बताउनुपर्नेमा मनुले तल्लो जात वेद पढ्न सुन्न समेत नहुने पाउबाट जन्मेको समेत भने । वेद मन्त्रका ऋषि घोषा आदि स्त्रीहरू पनि थिए वेदमा स्त्रीको वेदाध्ययन निषेध छैन। मनुमा निषेध छ। वेदमा नभएको सतीप्रथा स्मृतिहरूमा छ, मनुमा छैन । वेदमा नभएको बाल विवाह २४ वर्षको युवाले ८ वर्षकी बालिकालाई विहा गरोस् भन्ने कुरा मनु (९।९४)ले भनेको छ।

उक्त कुराहरू र अरू अनेक वेद विरुद्ध समाजमा हानि पुऱ्याउने विधि निषेध मनुस्मृतिमा असंख्य छन् । त्यसै हुँदा त्यस स्मृतिको घोर निन्दा धेरैले गरे। गर्दै पनि छन् । कैयौं समूहले पुस्तकलाई जलाए पनि। वास्तवमा ता शूद्रलाई ब्रह्माले दासै सृष्टि गरेको हुँदा दासत्व-बाट छुट्तैन भन्ने कुराको खण्डन मनुकै श्लोकबाट भएको छ। जस्तै आर्धिकः कुलमित्रं च गोपालो दासनापितौ । एते शूद्रेषु भोज्यान्ना यश्चात्मानं निवेदयेत् (मनु. ४।२५३) ले अधियाँ खेत जोत्ने, कुलपरम्पराबाट मित्र बनेको, गोठालो, दास, कपाल खौरने र जो आफूसंग भिज्न आउँछ, त्यस्ता शूद्रका साथ बसेर वा उनले दिएको भोजन गर्न हुन्छ भनेको छ।

अझ निर्णय-सिन्धु (कमलाकर)को कलिवर्ज्यप्रकरणमा कलि-युगमा ब्राह्मणादिले शूद्रलाई भान्से राख्न हुँदैन, (ब्राह्मणादिषु शूद्रस्य-पचनादि क्रियापि च) भनेकोले पहिले शूद्रलाई पनि भान्से राख्न बाधा नमानेको बुझिन्छ। माथिल्लो श्लोकले ६ प्रकारका शूद्रका साथ भोजन गर्न हुन्छ भनेकोमा अधियाँ खेत जोत्ने, कुलमित्र आदि पाँच प्रकारका शूद्र ता दासबाहेकै देखिन्छन्। शूद्र कुलमित्र हुन्छ भने मित्र दास हुनै सक्तैन ।

मानव समाजले स्वीकार गरोस् भन्ने उद्देश्य हुनाले ब्रह्माले

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दासकाम गर्न नै शूद्रलाई सृष्टि गरेको होभन्ने उक्ति वास्तविक होइन भन्ने कुरा स्पष्ट बुझिन्छ। शूद्र धनी भएर ब्राह्मणलाई बाधा गर्छ भन्नु पनि अति अनुचित देखिन्छ। अचेल शूद्र पनि दासत्वबाट मुक्त भै प्राध्यापक, जि. शि. अ., डाक्टर, इन्जिनीयर पनि भैसकेका छन्। भारतमा वेदपाठी पनि पाइन्छन्। धेरै धनी पनि बने।

यसरी हेर्दा पहिले मनुले नभनेका धेरै कुरा पछि पछि थपिएछन् भने केलाई प्रमाण मान्नु ?

धर्म पनि हानि गर्ने ठहरेमा त्याग्नू, सबै धर्मभन्दा अर्थशौच ठूलो हो, र बारौं अध्यायमा वेद आदि शास्त्रज्ञहरूको पर्षद्ले निर्णय गरेको मान्नु भन्ने बताएकोले सदा शास्त्रज्ञहरूको निर्णय नै प्रमाण मान्नुपर्छ।

महाभारत शान्तिपर्वको १०९ अध्यायको श्लोक १० देखि चार श्लोकले 'धारणाद्धर्मसित्याहुः, इत्यादिबाट खानु– लाउनु, वास, शिक्षा, स्वाथ्य, दुष्टदमन भई रक्षा र एकताको भावना समेत ७ कुराबाट जनताको धारण (उन्नति) हुनु नै धर्म हो भनेको छ।

ती बाहेक सर्वसाधारण मान्छे लाखौंले- छलफल गरे पनि टुंगो लाग्न नसक्ने हजारौं वर्षको अनुभव र वैज्ञानिकताले मात्र थाहा पाइने विधिनिषेध समेत हाम्रा शास्त्रमा छन्, ती चाहिं जस्ताको तस्तो मान्नै पर्दछ। जस्तै १० दिनसम्म जुठो सूतक बार्नु, सगोत्रमा बिहा नगर्नु र बाबुको नातामा सात पुस्ता पर र आमाका नातामा ५ पुस्ता पर मात्र विहा गर्नु, परमेश्वरको उपासना–नाम मन्त्र आदिको जप पाठपूजा आदि र यथाशक्ति तीर्थ व्रत आदि गर्नु इत्यादि कुरा शास्त्रले भने अनुसारै गर्नुपर्छ। शास्त्र मिचेर गर्नु हुँदैन। पशुपालकहरूमध्ये जान्ने बुझ्नेले अन्तकै साँढे राँगो रोजेर राख्ने वा चालू गर्ने गरेका छन्। मनु आदिले नातामा विवाह नगर्नु भने जस्तै किरातको वेद (मुन्धुम)मा पनि पृष्ठ १६।१७ मा नगीचैको नातामा विवाह नगर्नु भनेको छ। तर माधवी भन्ने पुस्तकको यमयमी नाट्यप्रकरणमा दाजु–बैनीको विवाह चलेको चलन हो, त्यस्तै सम्बन्धबाट पुरुरवा जन्मेका हुन् भन्ने कुरा ११२ वेद मन्त्र देखाएर

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लेखेको देखियो । ऋग्वेदको "पापमाहुर्यः स्वसारं निगच्छात् (१०।१०।१२) अर्थात्–दाजु बैनीको यौन सम्बन्ध पाप हो" भन्ने मन्त्र नदेखाएको र पुरूरवाको पनि चन्द्रपुत्र बुधबाट जन्म भएको भन्ने प्रसिद्ध कुराबाट उनका सन्तान चन्द्र वंशी मानिएको कुरो स्पष्ट उल्लेख छ । यसरी गलत र भ्रमपूर्ण झूठो कुरो उपदेश दिने त्यही पुस्तक त्रि. वि. वि. ले पाठ्यक्रममा राखेको कुरा बुझ्दा र कुनै विद्वान्ले पनि वेदमा नभएको र निषेध समेत गरेको कुरा वेदकै नामबाट असत्य कुरा भएको पुस्तक एम्. ए. को पाठ्यपुस्तकमा राख्ता पनि विरोध गरेको नदेख्ता अति आश्चर्य लाग्छ ।

स्त्रीबारेका निषेधको चर्चा ।
(अमङ्गलानां सर्वेषां विधवा अत्यमङ्गला)

ऋग्वेदका कैयौं सूक्तका ऋषि घोषा, विपाला आदि अनेक स्त्री पनि थिए, कात्यायन श्रौतसूत्र आदिमा पनि वेदाध्ययन निषेध छैन तर पछि स्मृति र पुराणहरूमा वेदाध्ययन निषेध मात्र छैन, न स्त्री स्वातन्त्र्य-मर्हति, स्त्री स्वतन्त्र हुन हुँदैन मात्र होइन, कतै प्रस्थान गर्दा र अरू काम गर्दा पनि बिधवा देखेमा अपशकुन हुन्छ, विवाह व्रतबन्ध आदि शुभ-कार्यमा अमङ्गल हुन्छ, इत्यादि र द्वारं किमेकं नरकस्य नारी, नरक जाने ढोका चाहिं स्त्री नै हो, इत्यादि कहिलेदेखि बढ्दै गएछ ? यस कुराको विरोध भएनछ कि भन्ने शंका हुन्छ । यसको उत्तर– मनुले विधवा अमंगल भनेका ऋषि–मुनिहरू सारै त्यागी लोकोपकारमा लागि रहने थिए र त्रिकालदर्शी पनि मानिन्थे । त्यसै बेला ऋषिमुनिमा नाम नचलेका तर अति उत्तम विद्वानैका पनि कुराको वास्ता नगर्ने समाज थियो, त्यस्ता समयमा पुराना ऋषिका नामबाट नयाँ स्मृति बनेका र पुराना मनु आदिमा पनि धेरै कुरा थपेकोमा माथि प्रायः लेखियो । त्यस कुराको विरोध, खोज गर्दा पाइन्छन् । एक दुइ हेरौं– विक्रमसंवत् २०४५ अचेल चल्दै छ, विक्रमादित्यराजाका सभामा कालिदास, अमरसिंह, वराह मिहिर आदि नौ जना विद्वान् थिए भन्ने कुरा ज्योतिर्विदाभरण नामको पुस्तकमा छ । त्यसैमा रघुवंश आदि पुस्तक कालिदासले बनाएको लेखेको छ । वराहमिहिरले लेखेको बृहत्संहिता पुस्तकको आरम्भमा नै आफ्नु चित्त नबुझेका एक दुइवटा कुरा लेखेका छन् कि पुराना मुनिले लेखेको मात्र ठीक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

हो भन्दै अरू मान्छेले उही उस्तै कुरा लेखे ता पनि उपेक्षा गर्नु अनुचित हो भनेका छन् (अ. १ श्लो. ५)। त्यसपछि १५ श्लोकसम्म स्त्रीनिन्दा गर्ने-लाई दोष दिएको छ। थोरै देखाइन्छ– जाया वा स्याज्जनित्री वा सम्भवः स्त्रीकृतो नृणाम्। हे कृतघ्नास्तयोर्निन्दां कुर्वतो वः कुतः शुभम् ॥११॥ दंपत्योर्व्युत्क्रमे दोषः समः शास्त्रे प्रतिष्ठितः। नरा न तमवेक्षन्ते तेनात्र वरमङ्गना ॥१२॥ अहो! धाष्टर्यमसाधूनां निन्दतामनघाः स्त्रियः। मुष्णता-मिव चौराणां तिष्ठ चौरेति वादिनाम् ॥१५॥ कुनै पत्नी स्त्रीहरू छन्, कुनै आमा छन्, पुरुषहरूको जन्म उनैबाट भएको छ। ए बेगुनी हो! उनैको निन्दा गर्ने तिमीहरूलाई कसरी सुख होला? स्त्री पुरुष दुवैलाई व्यभिचार निषिद्ध छ, तर पुरुष चाहिं त्यसको वास्तै गर्दैनन्। यस बारेमा स्त्री नै उत्तम ठहरिन्छन्। निर्दोष स्त्री जातैको निन्दा गर्नु ता आफैं चोर्दै आफैं चोर पक्रन कुदे जस्तै हो भनेको छ।

त्यसो हुँदा वेदमा र मनुस्मृतिमा समेत विधवा अपशकुन हुन्छन् नभनेकोले सती प्रथामा प्रेरणा दिन मात्र पछि लेखिएका त्यस्ता वाक्य कहीं कहीं देखिन्छन्। वैदिक सनातन धर्म मान्ने हामीले साइत बिग्रन्छ कि भनी शंका गर्नु मूर्खता हो। उसवेला बाल विवाह हुँदा घरैमा र अन्त पनि धेरै विधवा हुँदा र वैदिक सिद्धान्तको विरुद्ध हुँदा समेत कुनै शुभ काम गर्दा पनि विधवालाई अपशकुन मानी पर सारिएन र विघ्न बाधा पनि देखिएन। यो अनुभव हो। अझ आमा विधवा भए पनि छोरीको कन्यादान गरिन्थ्यो।

स्त्रीस्वातन्त्र्यनिषेध

वास्तवमा स्त्री–पुरुष कसैले पनि ऐन–कानून, आचार–विचार, नैतिकतालाई विचार गरी खुशी भै रहनु पर्छ, स्वतन्त्र हुन हुँदैन। तर पठन–पाठन जीविकोपार्जन आदि आदि असंख्य काम गर्दा स्वतन्त्रता मिल्नुपर्दछ। मध्यकालको न म्लेच्छभाषां शिक्षेत, लेच्छभाषा पढ्न हुँदैन, समुद्रमध्ये नौयातुः शोधितस्यापि संग्रहः, समुद्र पार जानेलाई प्रायश्चित गरेर पनि लिन हुँदैन, इत्यादि बन्धनबाट हानि पनि गऱ्यो। तर मनुमा समुद्र यात्रा निषेध छैन। वेद समेतबाट हाम्रो होस आयो,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

इस्लाम संप्रदायको मुख्य ग्रन्थ कुरानले मूर्तिपूजकलाई मारिदिनू इत्यादि भनेको हुनाले होला, औरङ्गजेव आदिले मन्दिर भत्काउने मूर्तिपूजक मार्ने आदि गरेथे। वाइवलमा पनि मूर्तिपूजाको निन्दा छ, तर उनले इसुको तस्वीर जहाँ तहाँ राखेका छन्। ती दुवैथरिका धर्मग्रन्थमा हानि गर्ने ठहरेमा धार्मिक व्यवहार पनि त्याग्नू भनिर्दन; तर हिन्दुधर्मले त्यो भनेको छ।

मनुस्मृति सर्वोत्तम प्रगतिशील धर्मग्रन्थ हुँदा धर्म पनि हानिकारक ठहरेमा त्याग्नू भनेको छ र धर्मं जिज्ञासमानानां प्रमाणं परमं श्रुतिः (मनु. अ. २ श्लो. १३) भनेको छ। अर्थात् धर्म वुझ्नलाई सवैभन्दा ठूलो प्रमाण वेदै हो।

१८ हजारभन्दा बेसी वेदमन्त्र कसरी जान्नु ?

वास्तवमा ऋग्वेदको अन्तिम तीनमन्त्र र यजुर्वेद अन्तिम चालिसौं अध्यायका १७ मन्त्र समेत जम्मा २० मन्त्र अर्थसहित हेर्ने हो भने धर्मको मुख्य सार जान्न सकिन्छ। त्यो बाहेक महाभारत शान्ति पर्वको १०९ अध्यायका चारै श्लोकले धर्मको अर्थ बताएको छ, जो पृथिवी भरका सवै मनुष्यले जान्न योग्य छ। जस्तै– धारणाद्धर्ममित्याहुर्धर्मेण विधृताः प्रजाः। यः स्याद्धारणसंयुक्तः स धर्मः। यः स्यात्प्रभवसंयुक्तः स धर्मः। यः स्यादहिंसासंयुक्तः स धर्मः। अर्थात् जुन कामवाट जनताको भोजन, वस्त्र, वास, शिक्षा, स्वास्थ्य र दुष्ट दमनवाट जीवन धारण, उन्नति र एकताको भाव र अहिंसा (रक्षा) हुन्छ, त्यही धर्म हो। चौथो श्लोक श्रुतिधर्म इति ह्येके नेत्याहुरपरे जनाः। न च तत्प्रत्यसूयामो नहि सर्वं विधीयते। अथात्– कँयौं मानिस वेदले जे भनेको छ त्यही धर्म हो भन्छन्, अरू कँयौं मानिस त्यो नमान्ने पनि छन्। तर वेदले वताएको धर्म उचित छ, दोष दिइँदैन, तापनि अनन्त भविष्य निम्ति सवै वेदैमा भनेको छ, भन्न सकिदैन। अर्थात् जनताको धारण उन्नति र सवैको अहिंसा (रक्षा) हुनु नै धर्म हो।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्न्याधान-एक संक्षेप

डा० ऋषिराम पोखरेल

विश्वकल्याणको निमित्त वेदमा अनेकौं यज्ञहरूको विधान गरिएको छ । ती यज्ञहरू कुनै भौतिक, कुनै आध्यात्मिक र कुनै आधिदैविक छन् । आध्यात्मिक यज्ञहरूमा आत्मज्योति रूप आत्माग्निको समिन्धन गरिन्छ भने अरू दुइ थरी यज्ञमध्ये भौतिक यज्ञमा अग्निसाक्ष्यमा पूजा-आराधना,अनुष्ठान, तपस्या, साधना आदिको प्राय: प्रधानता रहन्छ । भौतिक यज्ञमा चाहिं सामान्यतया अग्निको नै अग्र भूमिका रहन्छ । अग्निमा विधिपूर्वक मंत्रद्वारा दिएका आहुतिको परिणामबाट भौतिक समृद्धि हुन्छ । अग्निमा दिइएको आहुति धूवाँको रूपमा सौर जगतमा पुग्दछ र वायुरूपमा अन्तरिक्षामा विचरण गर्दछ । आदित्यमण्डलमा पुगेका आहुतिद्वारा हानिकारक प्रदूषण रहित वृष्टि हुन सघाउ पुग्दछ र वायुमण्डलमा पर्ने होमधूमले त्यहाँको हानिकारक कुराहरू नाश गरी विशुद्ध श्वास वायु (आक्सीजन)प्राप्त हुन्छ । यस प्रसंगमा गीताको भनाइछः–

'अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपत्तिष्ठते ।
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ।।

अर्थात् अग्निमा दिएको आहुति आदित्यमण्डलमा पुग्दछ, आदित्यबाट वर्षा हुन्छ, वर्षाबाट अन्न पैदा हुन्छ र अन्नबाट प्राणीको विकास हुन्छ । बादल बन्न धुवाँ, प्रकाश, पानी र वायु आवश्यक हुन्छ भन्ने कुरा महाकवि कालिदासले मेघदूतमा उल्लेख गरेका छन् भने यास्कले पानी र प्रकाशको सम्मिश्रणबाट बादल बन्दछ भनेका छन् ।... विश्वका जापान, अमेरिका आदि उन्नत राष्ट्रहरूमा भैरहेका प्रदूषित वायुमण्डल र त्यसबाट प्रभावित सौरमण्डलबाट समेत पृथ्वीका जीव- जगत, अन्न - पात र बोट बिरूवाहरूलाई हानि गर्ने उपरतत्व (आसीड) को अभिवर्षण भैरहेका तथ्यहरू देख्न, सुन्न र पत्रपत्रिकाहरूमा पढन पाइन्छ ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वैदिक सिद्धान्त अनुसार भूमण्डलबाट उत्पादित वातावरणीय प्रदूषणले आकाशीय तत्वमा समेत प्रभाव पार्दछ। त्यसकारण पृथ्वीमा पनि समय-समयमा वायवीय, जलीय र आन्तरिक्ष्य शुद्धिका निमित्त हवन, (होम, यज्ञ) गरिइनु अत्यावश्यक छ। अग्निहोत्र अनुष्ठानको उपदेश यसैको पोषक रहेको छ। दर्श, पौर्णमास, चातुर्मास्य, सोम, राजसूय, वाजपेय आदि यज्ञहरू यही क्रममा लौकिक, पारलौकिक कल्याणका निम्ति वेदले उपदेश गरेको छ। यही यज्ञ चक्रलाई गीतामा लोक जीवन चक्र भनिएकोछ र यो यज्ञक्रियारूप चक्रको गति(परिचालन)मा जगत्को प्रवाह अवाधित रहन्छ भनिएको छ। वाशिंगटनमा स्थापित अग्निहोत्र विश्वविद्यालय र यसको विस्तार समुद्री मुलुक जापान, इलरायल आदिमा भैरहेको तथ्यबाट समेत होमका धूवाँको वैज्ञानिक अनुसन्धान र त्यसबाट जैविक तत्त्वमा पर्ने सकारात्मक प्रभावको पुष्टि भएको पाइन्छ। निश्चय नै वैदिक यज्ञहरूको अनुष्ठानले जीव शास्त्रीय विकास संरक्षणमा सर्वोपरि भूमिका खेलेको कुरा स्पष्ट हुन्छ।

१) अग्निहरू-

वेद अनुसार अग्निहरू स्मार्त र श्रौत गरी पाँचवटा छन्- सभ्य आवसत्थ्य, आहवनीय, गार्हपत्य र दक्षिणाग्नि। हुन त अग्नि (आगो वा तेज) को काम पाक, ताप र प्रकाश हो र तिनमा जुन सुकै आगो पनि उही हो जस्तो लाग्छ तर गहिरिएर हेर्दा अग्नि अर्थात् प्रकाशका अनेक रूप हाम्रा अगाडि देखिन्छन्। उदाहरणको निम्ति सूर्यको रूपमा आकाशमा,वडवानलको रूपमा समुद्रमा, विद्युतका रूपमा अन्तरिक्षमा, ज्वालामुखीका रूपमा भूगर्भमा, यज्ञीय अग्निका रूपमा अरणिमा, जठराग्निका रूपमा प्राणीका पाकस्थलीमा, दावानलका रूपमा वनमा, ज्ञानाग्निका रूपले शिव(कल्याणकारी) अविनाशी तत्व) मा र सामान्यतया घर घरमा पाइने दैनिक व्यवहारको आगोका रूपमा समेत अग्निका विविध अवस्था वा रूप देखन सकिन्छ तापनि वेदले द्युलोकमा सूर्य, अन्तरिक्षमा तडित् (विजुली) र पृथ्वीमा आगोका रूपले मुख्यतया तीन रूपका अग्निलाई चिनाएको छ। अन्तरिक्षको आगोलाई पानीले निभाउन सकिदैंन भन्ने कुरा पनि महर्षि यास्कले निरुक्त नामको ग्रन्थमा उल्लेख गरेका छन्। यज्ञकुण्डका अग्निमा पनि ३ प्रकारका अग्निको क्रव्यात् (चिताग्नि), आमात् (दावानल) र देवयजन (यज्ञीय-अग्नि) समेतको अस्तित्व रहेको उल्लेख वेद मन्त्रमा स्पष्ट रूपमा पाइन्छ–

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

" अग्निमामादं जहि निष्क्रव्यादं सेधा देवयजं वह"

(शुक्लयजुर्वेद)

कार्यका आधारमा अग्निका अनेकौं नामहरू रहेको तथ्य माथिको चर्चाबाट स्पष्ट भएकोछ । अब प्रसङ्ग अनुसार अग्न्याधानतिर नै लागौं । अग्न्याधान भनेको सामान्यतया आगो जगाउनु हो तापनि श्रौतविधिले श्रौताग्नि र स्मार्त विधिले स्मार्त अग्निको आधान गर्नु भन्ने शास्त्रवचन छ ।

विद्वान् श्री वामन शास्त्री किंजवडेकरले आधान पद्धतिमा वेद एवं वेदांग कल्पसूत्रका आधारमा आधान शब्दको परिभाषा यसरी दिएका छन्-

स्वशाखोक्त कल्पसूत्र अनुसार, शास्त्रोक्त विशिष्ट समयमा विधिविशिष्ट कर्ताले वेदोक्त विशिष्ट मन्त्रपूर्वक शास्त्रोक्त विशेष अरणिमन्थनबाट उत्पन्न वा विधि निर्दिष्ट स्थानबाट ल्याइएका अग्निलाई विधिपूर्वक सुसंस्कृत विशिष्ट पञ्च संभारयुक्त विधिविशिष्ट आकार र नापोका आहवनीयादिकुण्ड विशेषमा, वैदिक विधि अनुसार समाहित गरी नियमित रूपले विधिबमोजिम प्रज्वलित गरिने विशेष कार्यको नाम अग्न्याधान हो ।

२) आवसत्थ्याग्नि र त्यसको आधान

हाम्रो दैनिक जीवनमा रात-दिन सधैं चाहिने तैजस पदार्थमध्ये अग्नि पहिलो हो । वैदिक सनातनधर्म अनुसार जन्मेदेखि मृत्यु सम्मका संस्कार, विधि - व्यवहार र त्यसपछिका कार्यमा समेत अग्निको विशिष्ट स्थान रहेकोले अग्निको आधानमा सबैको अधिकार छ भन्ने बुझिन्छ तापनि हाम्रा धर्मग्रन्थ अनुसार स्मार्त अग्निको आधानमा मात्र चारै वर्ण छत्तीसै जातका मानिसको अधिकार रहेको पाइन्छ । त्यसमा पनि विवाह संस्कार नभए सम्म वा संयुक्त परिवारमा रहेसम्म घरमूली (पिता आदि) ले आधान गरेकै अग्निबाट स्मार्त कार्य अथवा गृह्यकृत्य गर्नुपर्ने देखिन्छ । स्मार्त अग्नि भनेको स्मृति (धर्मशास्त्र) ले बताएका आराधना, उपासना, जातकर्मादि श्मशान सम्मका संस्कार, नवान्नप्राशन, अनुष्ठानहोम आदि कार्य गरिने अग्निको नाम हो । यसको आधान विवाह गरेकै समयमा अथवा पैत्रिक सम्पति बाँड्ने (अंशबण्डा गर्ने) समयमा गर्नु पर्ने विधान छ ।

"आवसत्थ्याधानं दारकाले । दायाद्यकाले वा ।" -(पारस्करगृहसूत्र) । गृह्य (घरगृहस्थी) कार्यमा आवश्यक पर्ने हुंदा आवसत्थ्य अग्निलाई गृह्याग्नि पनि भनिन्छ । आवसथ शब्द पनि घर गृहस्थीकै पर्याय हो ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

लौकिक दैनिक व्यवहारमा प्रयोग हुने हुनाले लौकिक अग्नि पनि यसलाई नै भनिन्छ। यसको अर्को नाम औपासनाग्नि पनि हो। यसको आधान पछि अंगेनोमा सधैं आगो ननिभाई धारण गर्ने परम्परा चलेको छ। हिजो आज पनि गाउँ घरमा अंगेनेलाई शुद्ध राख्ने, पोत्ने पूजा गर्ने परम्परा चलेको छ। अनाहिताग्निक बलि वैश्वदेवकार्य समेत त्यसैमा गर्ने पनि गरिन्छ।

३) श्रौताग्नि र त्यसको आधान -

श्रुतिले बताए अनुसारका यज्ञ-यागहरूको अनुष्ठान गरिने अग्निलाई श्रौताग्नि भनिन्छ। श्रुति भनेको वेद हो -

श्रुतिस्तु वेदो विज्ञेयो धर्मशास्त्रं तु वै स्मृतिः— मनुस्मृति।

अर्थात् श्रुतिले वेदलाई र स्मृतिले धर्मशास्त्रलाई बुझाउंछ। यद्यपि वेदहरू ४ (शाखा भेदले चाहीं ११३१) छन् र सो बमोजिम धर्मशास्त्रहरू पनि अनेक छन् तापनि शास्त्रहरूले समूह अर्थात् जाति बुझाउने प्रसंगमा गोत्व-ग्रहैकत्वादिरूप एक वचन कै प्रयोग गरेको राम्रो मान्छन्। श्रौत अग्निमा सभ्य, आहवनीय, गार्हपत्य र दक्षिणाग्नि पर्दछन्। केही आचार्यहरू सभ्य अग्निलाई स्मार्तमा पार्दछन् र अक्षरारम्भ वा अध्ययन गर्न थालेपछि त्यसको आधान गरिने कुराको सँकेत गर्दछन्। कारण के हो भने सभा वा ब्रह्मविद्या (ज्ञान) को चर्चा गरिने पठन - पाठन हुने स्थानमा सभ्य अग्नि जगाई सधैं धारण गर्नु भन्ने श्रुतिवचनले यो अग्नि श्रौत र स्मार्त दुवैतिर परि-गणित हुने कुराको पुष्टि हुन्छ। यसो भए ता पनि सभ्य अग्निलाई श्रौत-अग्निकै क्रममा सोही प्रसंगमा सोही समयमा आधान गर्नू भन्ने श्रौतसूत्र (कल्पसूत्र) को वचनले उक्त तर्कलाई स्वतः निवारण गर्दछ। श्रौत अग्निको आधान गर्न विशेष समय मुहूर्त आदिको विधान श्रौतसूत्रहरूले गरेका छन्। त्यसको स्रोत वेदहरू नै हुन्। लोकमा वेदले ४ अग्निले ३ अंक बुझाउने रूढ अर्थ पनि प्रचलित छ।

४—आधानको समय र अधिकारी.—

(क) पुत्र पाइसकेपछि कपाल नफुल्दै अग्न्याधान गर्नु भन्ने सामान्य काल— सूचक विधिवाक्य छ तर श्रुत्यन्तरबाट वर्णानुसार वसन्त, ग्रीष्म, वर्षा र शरद् यी ४ ऋतुहरूमा अग्न्याधान गर्नुपर्दछ भन्ने विशेष वचन प्राप्त छ। वर्णक्रमले ब्राह्मणलाई वसन्त, क्षत्रियलाई ग्रीष्म, वैश्यलाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शरद् र शूद्र– (रथकार) लाई वर्षा ऋतुमा आधान गर्नु भनिएको छ। यसबाट यद्यपि शूद्र (रथकार) समेत ४ वर्णलाई आधानमा अधिकार देखिन्छ तापनि श्रौतयज्ञ गर्न तीन वर्ण ब्राह्मण, क्षत्रिय र वैश्यको मात्र अधिकार भएको कुरा कल्पसूत्रहरूमा पाइन्छ र शूद्रको आधानमा मात्र अधिकार भएको कुरामा वेदादि धर्मग्रन्थको ऐकमत्य पाइन्छ। यस बारे अर्कै लेखमा छुट्टै चर्चा गरिनु उपयुक्त हुने छ।

सोमयागको तयारी गरेमा बाहेक अरू स्थितिमा आचार्य आपस्तम्बको मतमा ब्राह्मणादि वर्णक्रमले कृत्तिका, चित्रा, विशाखामा र कामना विशेषले रोहिणी, मृगशिरा, दुवै फाल्गुनी, हस्ता, अनुराधा, श्रवण र धनिष्ठा नक्षत्रहरूमा आधान गर्नु कुनै आचार्यको मतमा सबै नक्षत्रमा आधान गर्नु भनेर फाल्गुन पूर्णिमा वा औंसी र पूर्णिमा आधानका तिथि तोकेका छन् तर कात्यायन आचार्यको मतानुसार कृत्तिका, रोहिणी, मृगशिरा र पुनर्वसु, पूर्वा र उत्तरा फाल्गुनी, हस्ता र चित्रा नक्षत्रहरूमा अग्न्याधान गर्नु भन्ने पाइन्छ। आधानको कार्य रातमा गर्नु हुँदैन, सूर्योदयको समयमा गर्नु शुभ हुन्छ। क्षत्रियको निम्ति चित्रा, ब्राह्मणको निमित्त हस्ता नक्षत्र तथा ब्रजतेज प्राप्तिका निम्ति वसन्त श्रीकामनाको निम्ति ग्रीष्म, प्रजा र पशुकामनाका निम्ति वर्षा ऋतुमा अग्नि आधान गर्नु भन्ने श्रौतसूत्रको भनाई छ। अग्न्याधानका निमित्त औंसी तिथि सबैको निमित्त विहित छ र अरू कुनै पनि तिथिमा अग्न्याधानको विधान छैन। कृत्तिका आदि नक्षत्र मात्र जुराएर औंसी तिथिलाई छोडिदिएमा बन्द ढोकाबाट शहरमा पस्न खोजे झैं हुन्छ, त्यसकारण औंसी तिथिमा नै अग्न्याधान गर्नु उचित छ भन्ने विधिवाक्य भएकोले औंसी तिथि नै आधानका निम्ति उत्तम समय (दिन) हो भन्ने बुझिन्छ। अग्न्याधानको कार्य औंसीमा आरम्भ गरी प्रतिपदाका दिन अर्थात् दोस्रा दिनमा वा औंसीकै दिन (एकै दिनमा) पनि पूर्ण गर्न सकिन्छ तर आपस्तम्बले चतुर्दशीमा थालेर औंसीमा सक्नु पनि भनेका छन्।

देव-पितृकार्यहरूको समयादि भेद–

अग्न्याधानका क्रममा श्रुति (वेदब्राह्मण) मा देवकार्य गर्दा वसन्त, ग्रीष्म र वर्षा ऋतु, शुक्लपक्ष, दिउँसो र दिनको पूर्वभाग (पूर्वाह्ण)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तथा दाहिनेतिरबाट घुम्नु (प्रदक्षिणा–गर्नु) पर्दछ र पितृकार्यमा शरद् हेमन्त र शिशिर ऋतुहरू, कृष्ण पक्ष, अपराह्न तथा रातको समय र वामावर्त (देब्रेतिरबाट घुम्ने) गर्नुपर्दछ भनिएको छ ।

पंचसंभार–

अग्न्याधान गरिने अग्निकुण्डमा दृष्ट (जमीनको चिसो हटाई सुक्खा पार्नु) र अदृष्ट (अपूर्व, पुण्यविशेष) का निम्ति पाँच किसिमका सामग्री (पदार्थ) विधिवत् राख्नु भन्ने विधि छ । ती पञ्च सम्भार हुन्– जल, सुन, ऊषा, आखूत्कर र शर्करा । का. श्रौ. सू. अनुसार ऊषाको अर्थ गाईका ठाउँको माटो, आखूत्करको अर्थ मूसाले खनेर निकालेको फुको माटो र शर्कराको अर्थ खस्रो वालुवा (गेंगर) हो । आपस्तम्वले सात पार्थिव र सात वानस्पत्य सम्भार चाहिन्छ, सो नभएमा ५।५ थरी मात्र भए हुन्छ पनि भनेका छन् । आचार्य आपस्तम्वले सिकता– (वा शर्करा?) ऊषा, आखूत्कर, वल्मीकवपा (धमिराको माटो) सूद (भान्छा चूला) को माटो वराहविहत (बदेलले उधिनेको माटो) र हिरण्य (सुन) लाई पार्थिव सम्भार अनि अश्वत्थ (पिपल), उदुम्बर (डुम्री), पर्ण (रातोपलास), शमी, विकङ्कत (कांगियो), अशनिहत दारु (वज्रपरेको रूखको दाउरा) र पुष्कर–पर्ण (सेतो पलास वा कमलको पत्ता) लाई वानस्पत्य सम्भार मानेका छन् र उनले सिकता र शर्करालाई छुट्टै उल्लेख गरी पार्थिव सम्भार आठवटा पुऱ्याएता पनि सातै मान्नुको अर्थ सिकता र शर्करामा अभेद हुनुपर्दछ जस्तो लाग्छ ।

पूर्व दिन (आवसथ) मा गर्नुपर्ने कार्यहरू–

कुनै पनि कार्य गर्दा आमन्त्रण गरिएका टाढाका इष्टमित्र बन्धु–बान्धब जसरी अगिल्लै दिन उत्सव, यज्ञ आदि गरिने यजमान (कर्ता) का घरमा बस्न आउँदछन् उसरी नै यज्ञ गरिने दिनको अगिल्लै रातदेखि नै त्यस घरमा देवी–देवताहरू आएर वास बस्ने गर्दछन् । त्यसकारण यस दिनलाई पूर्वाङ्गकार्य गर्ने दिन अथवा उपवसथ या आवसथ पनि भनिन्छ । यस दिनमा यजमान, अभ्यागत, आमन्त्रित र कार्यकर्ताहरूको भोजनादि कार्य घाम नअस्ताउँदै गर्नु भनिएको छ । कथंचित् रातमा भोजन गर्नुपर्ने भएमा हविष्य कुरा विशेषतः फलफूल, कन्दमूल आदि (भोली हुने यज्ञमा

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

देवतालाई दिइने हवि आदि कुरा बाहेक) शुद्ध र सात्त्विक कुरा खाने विधि छ। यजमानदम्पती वा कर्ताले भोजन नगरेमा शरीर कमजोर वा अस्वस्थ हुन सक्ने र भोलिपल्ट गरिने आधान कार्यमा विघ्न समेत पर्न सक्ने हुँदा यसकार्यका लागि भोजन नगरी बस्नुपर्छ भन्ने विशेष विधान गरिएको छैन।

कुण्डनिर्माण—

त्यस दिन अर्थात् औंसीका दिनमा मण्डप तयार गरिन्छ। मण्डप कुण्डसिद्धि अनुसार गोडाको पंजाका भरमा उभिएर दुवै हात माथि उठाएका यजमानको उचाई १२० अंगुल हुन्छ। त्यसको पाँचौं हिस्सा १ हात (२४ अंगुल) र त्यसको ½ भाग १ वित्ता हुन्छ भन्ने कुरा शुल्ब सूत्रमा पनि उल्लेख भएको छ र १२ अंगुललाई पद (प्रक्रम) पनि भनिएको छ। यस बमोजिम यजमानका १ हातको नाप लिंदा उनले मुट्ठी पारे रत्नी र कान्छी औंलो सम्मको नाप लिए अरत्नी भनिन्छ। यजमान (कर्ता) का १०×१२, १२×१४, १६×१८ हातका मण्डप क्रमशः निम्न, मध्यम र उत्तम फल दिने हुन्छन्। कल्पसूत्रअनुसार मण्डपको वली (वंश) उत्तर दक्षिण पारेर राखिनु पर्दछ। मझबली (मध्यम वंश) संगै पारेर गार्हपत्य कुण्ड बनाउपुपर्दछ। गार्हपत्य अग्निकुण्ड बाटुलो आकारको र त्यसको नाप १ हात हुनुपर्दछ। गार्हपत्यको पूर्व भागमा आठ प्रक्रमको फरक पारेर ब्राह्मणले, एघारप्रक्रममा क्षत्रिय र १२ प्रक्रमको फरकमा वैश्यले चारकुने आहवनीयकुण्ड बनाउनु भन्ने आपस्तम्बको भनाई छ। कुनै आचार्यका मतमा २४ या अपरिमित प्रक्रमको फरक पारी अग्निकुण्ड बनाउनु भन्ने पनि आपस्तम्ब श्रौतसूत्रको आशय छ। कात्यायन शुल्बसूत्रअनुसार अपरिमित भनिएमा निर्दिष्ट नाप (परिमाण व संख्या) भन्दा १ संख्या थप्नुपर्दछ किनभने अपरिमितको कुनै सीमा नभएकोले अन्योल हुन सक्छ "अपरिमितं प्रमाणद्भूयः" भनी सीमा राखिएको छ।

आहवनीय र गार्हपत्य कुण्डको केन्द्रविन्दुका बीचको नापलाई छ वा सात भाग लगाएर जति भाग लाइन्छ त्यति नै हिस्सा थपेको नापीलाई ३ भाग लगाई प्रत्येकमा चिनो लाएर त्यस रज्जु (डोरी) का दुई छेउ क्रमशः आहवनीय र गार्हपत्यका केन्द्रका किलामा अड्डाएर बीचको (तृतीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

भागको चिनो लाएको) भाग दक्षिणतिर तान्नु जुन ठाउमा त्यो चिनो पर्छ, त्यो दक्षिणाग्निकुण्डको केन्द्र मान्नु र त्यहाँ अर्धचन्द्राकारको दक्षिणाग्निकुण्ड बनाउनु भन्ने श्रोतसूत्रकारहरूको भनाई छ । कुण्डहरूका आकार नापो र निर्माण गर्ने प्रक्रिया शुल्वसूत्र, कुण्डमण्डपसिद्धि, कुण्डमार्तण्ड आदिमा उपदिष्ट छन् ।

उपवसथको पदार्थक्रमः-

प्रचलित परम्परम्परा र वेद तथा कर्मकाण्ड विषयका उच्च शिक्षाका पाठ्यक्रमलाई हेरी वामन शास्त्रीद्वारा संग्रह गरी लिपिबद्ध आधानपद्धति आपस्तम्ब शाखा अनुसार सम्पादित छ । वर्तमानमा यही एक मात्र आधानपद्धति पाइन्छ, जस अनुसार आधानका दिनद्वयमध्ये प्रहिलो चरणमा आधान संकल्प, ऋत्विक्वरण, मधुपर्काहरण, अरण्याहरण, अरणि अभिमन्त्रण, पार्थिव सम्भाराहरण, वानस्पत्य सम्भाराहरण, सम्भार-निधान, उदवसान, अग्निप्रतिष्ठापन, देवयजनोद्गन, देवयजनावेक्षण, शरण–निर्माण, अग्न्यायतन (अग्निकुण्ड) निर्माण, यजमानको नखकेशादिकर्तन र स्नान, क्षौमवस्त्रधारण, ब्रह्मौदनपाकार्थ अग्नि आधान, समिधासम्पादन, यजमान दम्पतीको हविष्य भोजन, सायंकालिक गृह्यग्निहोम, ब्रह्मौदनान्न-ग्रहण, ब्रह्मौदन होम, अवशिष्ट ब्रह्मौदन, (ब्रह्मा, होता, अध्वर्यु र उद्गाता नामका ऋत्विक्लाई दिने) विभाजन, ऋत्विक्हरूलाई ब्रह्मौदनदान, समिधाहरूमा घृतसेक, समिदाधान, वत्सतरी (कोरली–पैलो वेतेगाई)दान, ऋत्विक्बाट ब्रह्मोदन भोजन, वर (दक्षिणा) दान, अध्वर्युबाट व्रतचर्या, अजबन्धन, यजमानव्रतचर्या र अग्निप्रज्वालन समेत ३४ कार्यहरू अग्न्या-धानको पूर्वदिन (उपवसथ) मा सम्पन्न गरिन्छन् । आपस्तम्ब श्रोतसूत्र-अनुसार अग्न्याधान औंसी वा पूर्णिमाका दिन सम्पन्न गरिने भएमा चतु-र्दशीका दिनलाई उपवसथ मानिन्छ र कात्यायन श्रौतसूत्रअनुसार औंसी-लाई उपवसथ मानेर प्रतिपदामा आधान सम्पन्न गरिन्छ ।

अग्न्याधानका निम्ति अग्निहोत्री अथवा वैश्य कहाँबाट अग्नि ल्याएर संस्कार गर्नु अथवा शमीगर्भ अश्वत्थ (शमी ऐजेरू भएको पिप्पल) को अरणी बनाएर मन्थन गरी संस्कार गरेर आहवनीय कुण्डमा जगाइन्छ । यस कार्यमा गार्हपत्यागारको दक्षिणबाट यजमानपत्नीले र आहवनीयको पूर्वबाट

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

यजमानले प्रवेश गरिइन्छ र गार्हपत्यको दक्षिणपट्टि यजमानपत्नी तथा पश्चिमतिर यजमानले बस्ने स्थान निश्चित गरिन्छ । अग्न्याधानको काममा वाधा नपरोस् भनी उपवसथका दिन आधानस्थलमा अज-वन्धन गर्नु भन्ने केही आचार्यको मत छ र कसैले सो प्रयोजन आधानका दिन अध्वर्युलाई अजदानबाटै पूर्ण हुने हुनाले अज बन्धन आवश्यक छैन पनि भनेका छन् । उपवसथका दिनमा वेदोक्त कर्म सम्पादनको क्रममा चार वेद– (ऋक्, यजु:, साम, अथर्व) का स्वामी– (अग्नि–वायु–रवि–जलदेवता) लाई प्रसन्न पार्न चार जनालाई पुग्ने ओदन (भात) पकाएर चार जना ऋत्विक्द्वारा ३१३ वटा घृताक्त समिधा आहवनीयमा होम गराई सोही सिद्धान्न ती चार जना (ब्र. हो. अ. उ.) लाई भोजन गराउने कामको साकेतिक नाम "चातुष्प्राश्यपचन" हो र यसमा पाचन क्रिया गार्हपत्य वा आहवनीयमा र होमक्रिया आहवनीय कुण्डमा तथा ब्राह्मण–भोजनादिकार्य अग्निगृहकै परिसरमा सम्पन्न गरिइन्छ ।

अग्न्याधेयदिनको पदार्थक्रम:—

उपवसथ वा पूर्वदिनकृत्य र आधेयदिवसकृत्य अथवा पूर्वभाग र उत्तर भागका रूपमा विभक्त आधानका दोस्रो दिन वा चरणको कार्य अन्तर्गत अग्निहरूको आधानको क्रम पनि यसैमा पर्ने हुँदा यही मुख्य कार्य (अग्न्याधान विधिपूर्वक लिइएका अग्निलाई कुण्डमा राख्ने काम) को आधारमा अग्न्याधानसंज्ञाको प्रसिद्धि भएको छ । आधानकादिन सम्पन्न गरिइने प्रमुख कार्यहरू निम्न प्रकारका छन्:–

क) अग्न्याधान निम्ति निर्मित अग्निकुण्डहरूमा पंचभूसंस्कार गरी सम्भारहरू राख्नु ।

ख) सूर्योदयपछि बाँधिएको घोडा निरै गार्हपत्याग्निको पछाडि बसेर अध्वर्युले अरणिमथनद्वारा अग्नि जगाएर विधिपूर्वक अग्निका जातकर्मादि सबै संस्कार गरी प्रज्वलित अग्निलाई "ॐ भूर्भुव:स्व:" भन्ने मन्त्रद्वारा कर्पर (मकल) आदिमा लिएर एउटा समिधा समेत सल्काएर ब्रह्माले सामगान गर्दै रहेको स्थितिमा गार्हपत्यागारमा अग्नि सल्काउनु ।

ग) गार्हपत्य अग्निकुण्डमा आधान गरिएको अग्निमा समिधा सल्काएर यजमानलाई धूवा पार्ने गरी घोडाको पछि पछिवाट अध्वर्युले आहवनीय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

अग्निकुण्डतिर लग्नु र सो बेला ब्रह्माले वामदेव्य सूक्त पाठ गर्नु ।

घ) आहवनीयागारको परिसरमा बाधिएको जवनशील अश्व वा वहनशील वृषभलाई कुण्डको दाहिनेतिरबाट लगेर सप्त वा पंच संभारयुक्त आहवनीय कुण्डको केन्द्र (अग्न्याधेयस्थान) मा पशुका दाहिने खुट्टाले टेकाएर केही पछि हटाई ब्रह्माले साम (बृहती) गान गरिरहेका अवसरमा "ॐ भूर्भुवःस्वः" भन्ने मन्त्र पढेर आहवनीय कुण्डमा गार्हपत्यबाट सल्काइएको बल्दो समिधा दुई पटक संभारमा छुवाई तेस्रो पटक आहवनीय कुण्ड-केन्द्रमा संभार माथि पर्ने गरी आधान (कुण्डमा अग्नि राख्ने कार्य) गर्नु ।

ङ) यजमानले आहवनीय कुण्डको पूर्वमा उभिएर उत्तरमुख गरी "द्यौरिव भूम्ना पृथिवीव वरिम्णा" भन्ने मन्त्र पाठ गर्नु ।

च) दक्षिणाग्निका निम्ति आहवनीय कुण्डबाट अग्न्युद्धरण गरी पूर्वोक्त विधिपूर्वक आधान गर्नु ।

छ) सभ्याग्नि आधान गर्दा पनि अग्नि मन्थन गरी अग्नि प्रकट भएपछि जातकर्मादि संस्कारपूर्वक पंच संस्कार गरेर पंच वा सप्त सम्भार-युक्त सभ्याग्निकुण्ड (जुन अध्यापनकक्ष वा सभाकक्षमा बनाइएको हुन्छ) मा अग्न्याधान गर्नु पर्दछ ।

साथै विवाह वा अंश बण्डाका दिन आवसथ्याग्निको आधान नगरेको भए यही विधिले सोही दिनमा अर्थात् श्रुतिस्मृतिसम्मत दिनमा आधान गर्नु भन्ने निर्देशान्त क्रियाहरू आधान अन्तर्गत सम्पन्न गर्नु आवश्यक हुन्छ । पर्व अर्थात् आधानका दिन गरिनु पर्ने समग्र कर्महरूमा क्रमशः अरणी संस्कार (प्रतपन–अभिमन्त्रण प्रतिक्षण, प्रदान, प्रतिग्रहण, अभिमन्त्रण, र जाप) अग्न्यायतनोद्धनन, अवोक्षण, – अनुष्ठानक्रम, सम्भारविभाजन, संभारनिधान, (निहित संभारहरूमध्ये) क्रमशः हिरण्य, रजत र अप्हरूको अभिमन्त्रण, प्रदान र स्पर्श अग्निमन्थनदेशचयन, अरणिस्थापन, अश्वबन्धन, अश्वलक्षणज्ञान, अग्निमन्थन, सामगान, अग्न्यभिमन्त्रण, चतुर्होतृवाचन, समुत्पन्नअग्नि अभिमन्त्रण, वरदान, अग्निसंवर्धन, अभिग्रहण, उपसमिन्धन, प्रागुद्धरण, गार्हपत्याग्नि आधान, तत्कालसामगान, अग्नि अभिमन्त्रण मन्त्रवाचन, (आहिताग्नि–स्पर्श नगरीकन) आज्य वनौषधिहोम, आहवनी-याधान, इध्मदीपन, सिकताग्रहण, अग्न्युद्यमन, अग्निधारण, मन्त्रवाचन,

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

दक्षिणाग्न्याधान, सामगानादि अग्न्यनुपस्पर्श, शमनहोम, सामाश्वाव्रजन, रथचक्रपरिवर्तन, वरदान, हिरण्यनिधानातिक्रमण, सम्भारेश्वश्वाभिक्रम, प्रदक्षिणापूर्वक पुनरश्वाक्रमण, अश्वधारण, मन्त्रजप, अग्न्यभिमन्त्रण, सम्भारोपरि व्याहृतिसहिताहवनीयाधानाभिमन्त्रण, आज्यौषधिहोम, समिदाधान, प्राजापत्यहोम, पूर्णाहुतिहोम, वरदान तथा मन्त्रपाठ प्रायश्चित्तहोम, व्रत संकल्पादिकार्य समेत शताधिककार्य पर्दछन् ।

यस पदार्थक्रम अनुसार अग्न्याधान कार्य सम्पन्न गरेपछि यजमानले अग्निहरूलाई सधैं जगाई राख्नु पर्दछ । अनि तिनमा दूध, दही, अक्षता र यवागु आदि श्रुतिविहितद्रव्य (कुनै एक) ले अग्निहोत्रहोम गर्नु पर्दछ र १२, ६ वा ३ दिनसम्म ब्रह्मचर्यमा रहेर अग्न्यागार नजीकको जमीनमा सुत्नु पर्दछ भन्ने शास्त्रवचन छ ।

पुनराधान:-

१) यदि आधान गरिसकेपछि कुनै मानिसको धनादि हानि भयो वा अन्य कुनै कारणले फेरि आधान गर्नु पर्ने भयो भने आधान गर्नुभन्दा तीन दिन अघि वा (उसै दिनदेखि आहवनीय, गार्हपत्य, दक्षिणाग्नि र सभ्य) (कसैले सभ्य बाहेक पनि भन्दछन् ?) को उपस्थानादिकार्य छोड्नु पर्दछ ।

२) पुनराधान गर्दा पुनर्वसु नक्षत्रमा, वर्षा ऋतु वा मध्याह्न कालमा कुश सल्काएर अग्न्याधान गर्नु पर्दछ; इध्मादिबाट पुनराधान गर्नु हुँदैन ।

पूर्णाहुति सकिएपछि पवमानेष्ट्यादिको सट्टा आग्नेय पंचकपाल पुरोडाश उपांशुयाग गर्नु । यो उपांशुयाग उत्तमानुयाजसम्म मात्र गर्नु वा उत्तमानुयाज–बाहेक सबै उपांशु गर्नु । दक्षिणा सुवर्ण वा गोरु इच्छा भएमा अग्न्याधानमा निर्दिष्ट ६–६ वटा गाई वा बयल (बहर) दिनु भन्ने वचन छ । पुनराधान गर्दा अघिल्लो दिनमा पूर्वाह्नमा मित्रावरुण देवताको लागि बन्ध्या गाई प्रदान गर्नु र घाम नअस्ताउँदैमा पशुपुरोडाशादिदानको काम गरिसक्नु पर्दछ । रातमा पाचनान्त कार्य गरेर भोलिपल्ट बिहान भक्षणादि गर्नुपर्दछ । यहाँ पुरोडाशरूपी वपाधूप सकिएपछि अग्निको उपस्थानादि कार्य छोडेर फेरि आधान गर्नु पर्दैन । तीन रातसम्म ब्रह्मचर्यमा रही अर्कपत्रमा राखेर आवसथ्याग्नि वा लौकिकाग्निमा पकाएको मालपूवा वा यवमयअपूप

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(अपुंगो) आहवनीयग्निमा हवन गर्ने र चामलको पीठोको मालपूवा गार्हपत्यागारमा पंचभूसंस्कार गरेर पंच संभार नराख्दै हवन गर्नु भन्ने कुरा उत्निखेर आधान गर्ने पक्षमा नगरे पनि हुन्छ।

अन्न्याधानपछि गरिइने पवमानादि इष्टिहरूः—

१) पावमान अग्निलाई ८ कपाल पुरोडाश।
२) पावक र शुचि दुवै अग्निलाई ८-८ कपालपुरोडाश।
३) अदितिलाई चरू। अथवा—

आग्नेयोऽष्टाकपाल पुरोडाश र आदितिलाई चरू समेत दुई याग (हवन) मात्र गरे पनि हुन्छ। यी सबै कुरा पद्धतिबाट स्पष्ट हुन्छन्।

बृहदुपस्थानः—

१. सायंकालिक आहुतिहरू दिइसकेपछि तेस्रो अध्यायका ११ रौं कण्डिका 'उपप्रयन्त' देखि ३६ सौं कण्डिका 'परिते' सम्मका मन्त्रले गरिने अग्नि उपस्थान (प्रार्थना) लाई बृहदुपस्थान भनिन्छ। यसको द्रष्टा 'वात्सप्री' हुन् त्यसैले 'वात्सप्रेणोपतिष्ठते' पनि भनिन्छ। पहिले आहवनीयको र त्यसपछि गार्हपत्यको उपस्थान गर्नु पर्दछ भन्ने श्रुति परम्परा छ।

२. गार्हपत्योपस्थान गर्ने मन्त्र तेस्रो अध्यायको२२ सौं कण्डिका 'उप त्वाग्ने' देखि २९ सौं कण्डिका 'तन्त्वा शोचिष्ठ' सम्मका हुन्।

३. विदेशबाट आएर वा जान लाग्दा अग्नि उपस्थान गर्ने मन्त्र 'आगन्म' ३ अ० को ३८ देखि ४० सम्मका मन्त्र हुन्। अथवा मन्त्र नभनीकन चुप्प लागेर उपस्थान गरे पनि हुन्छ।

४. विदेशबाट आएर घर (जहान परिवार आदि) को उपस्थान ढोग–भेट र भलाकुशली 'गृहानैमि' ३।४१ देखि ४३ कण्डिका सम्मका मन्त्रले गर्नुपर्दछ।

५. ३ अध्यायको ४३ औं मन्त्र पढ्दै घरमा प्रवेश गर्नु र घरका मानिसले काम बिराएको भए तापनि आएकै दिन गाली नगर्नु एक दुई दिनपछि सामान्य रूपमा हपकाउनु वा दण्ड दिनु आदि जे गर्नु पर्ने छ सो गर्नु तर हडबडमा परिस्थिति नबुझी कुनै प्रतिक्रिया नदेखाउनु भनिएको छ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

क्षुल्लको-पस्थानः-

आधान गरिसकेपछि बृहदुपस्थानले अथवा क्षुल्लकोपस्थान मन्त्रहरूले आहवनीयादि तीनै अग्निको उपस्थान गर्नु। शु० य० ३ अ० ३७ कण्डिका 'भूर्भुवः स्वः सुप्रजाः' देखि त्यसै अध्यायको ४३ सौं कण्डिका 'उपहूताऽइह गावः' सम्मका मन्त्रले गरिइने आहवनीयादिको प्रार्थना (उपस्थान) लाई क्षुल्लकोपस्थान भनिन्छ। यो क्षुल्लकोपस्थानका द्रष्टा आसुरी हुन्। यो उपस्थानमा व्याहृतिहरू पनि परेका छन्। त्यसैले यो उपस्थानको विशेष महत्त्व छ। व्याहृती (भूर्भुवः स्वः) हरू त्रयी (ऋग्यजुः सामाथर्व) को सार रूप भएको हुँदा सत्वरूपवाणी हुन्। बृहदुपस्थानमा धेरै मन्त्र छन्। यसमा थोरै मन्त्र छन्। दुवैको उत्तिकै महत्त्व भए तापनि व्याहृति परेको हुँदा क्षुल्लकोपस्थानको विशेष महत्त्व मानिन्छ।

अन्तमा, अग्न्याधानको पूर्ण जानकारीका निम्ति सम्बद्ध शाखा विशेषका श्रोतस्मार्तसूत्र र गुरुयाज्ञिक परम्पराहरू द्रष्टव्य, प्रष्टव्य र ज्ञातव्य भएको तथ्य तर्फ जिज्ञासुले ध्यान दिनु उचित सम्झी प्रस्तुत चर्चाका मूल ज्ञान दिने पूज्यगुरुवर प्रा० श्री सोमनाथ पौडेलप्रति नतमस्तक भई यहीं नै लेखनीलाई बन्द गर्दछु।

'अग्ने नय सुपथा'

–वेद

(हे अग्नि ? हामीलाई सन्मार्गमा लगाऊ अर्थात् सद्बुद्धि देऊ)।

समाप्त

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत शिक्षा; समस्या र समाधान

–नवराज कट्टेल

संस्कृत सर्वप्राचीन र समृद्ध भाषाहरू मध्ये एक हो। यस भाषामा हजारौं वर्षदेखि मानव जातिले कमाउदै अनुभव गर्दै परिष्कृत पार्दै आएको ज्ञानको भण्डार सुरक्षित छ। विश्व ज्ञानकोशबाट संस्कृत वाङमयलाई झिकिदिने हो भने एक काण्ड पूरै खालीरहन्छ। वेद, रामायण, महाभारत, आदि संस्कृतका महत्त्वपूर्ण ग्रन्थहरू संसारका प्रमुख भाषाहरूमा अनूदित भएका छन् र संसारका विभिन्न भागमा संस्कृत-वाङ्मयको अध्ययन, अध्यापन र अनुसन्धान भइरहेको छ तापनि संस्कृतको मूल थलो र आदि स्रोत नेपाल र भारत नै भएकोले मौलिक अध्ययन र अनुसन्धानार्थीहरू यतै आउने गर्दछन्। हाल यी दुवै राष्ट्रमा संस्कृत शिक्षा समस्या र चुनौतीका रूपमा देखा परेको छ।

विभिन्न समस्याका कारणले संस्कृत शिक्षालाई विस्तारित गर्न र संस्कृतनिष्ठ ज्ञान नयाँ पुस्तामा हस्तान्तरणमा अत्यन्त कठिनाई परेको छ।

समस्या (क) भौतिक समस्या

(ख) मानवीय समस्या

(ग) मानसिक र मनोवैज्ञानिक समस्या

(घ) आधुनिक युग र सभ्यताजन्य समस्या

(ङ) संस्कृत जनशक्तिको वितरण र कार्यक्षेत्रको न्यूनता,

(च) भाषिक समस्या

(छ) संस्कृतमा भएका प्राविधिक र जीविकोपार्जनोन्मुखी शिक्षाको उपेक्षा।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

(ज) युग सापेक्षता र गतिशीलताको असंतुलन
(झ) माध्यमिक शिक्षाको विस्तार हुन नसक्नु
(ञ) संस्कृतमा प्राथमिक शिक्षाको अभाव
(ट) प्राथमिक, माध्यमिक र उच्च शिक्षाको बीच समन्वय, सन्तुलन र व्यवस्थित योजना र कार्यक्रम नहुनु ।

यी माथिका समस्या बाहेक अरू थुप्रै समस्याहरू पनि छन्, तिनको यथोचित समाधान नभई संस्कृत शिक्षाको विकास दुष्कर छ भनी स्वीकार्नुपर्दछ। यद्यपि नेपालमा महेन्द्र संस्कृत विश्व विद्यालय खुलेको छ र संस्कृतलाई उन्नत बनाउन प्रयास पनि गरिरहेकै छ तर उसका अगाडि थुप्रै समस्या र चुनौतीहरू छन्। यसमा जन विश्वास र आकर्षण थप्न सकिएको छैन ।।

हरेक वस्तुको या हरेक क्षेत्रको विकास गर्न आधारभूत रूपमा भौतिक वस्तुको या अर्थको ठूलो खाँचो पर्दछ। भौतिक र आर्थिक स्रोतको विकास दुष्कर हो र पनि शैक्षिक क्षेत्रको सीमाभित्र सहयोग, ऋण, चन्दा, अनुदान आदिको व्यवस्थित कार्यक्रमबाट छिट्टै विकसित गर्न पनि सकिन्छ, तर अन्य पक्षको विकास गर्न गाह्रो पर्दछ। सुविधायुक्त भवन, प्रयोगशाला, शैक्षिक उपकरण, समृद्ध पुस्तकालय, वाचनालय, आवश्यकता अनुसारका साधन स्रोत, अर्थ र आर्थिक व्यवस्था तथा पाठ्य पुस्तकको अभाव आदि भौतिक समस्या हुन् ।

उच्च प्रतिभाको विकर्षण योग्य र प्रशिक्षित शिक्षकहरूको कमी, गुरु शिष्यको उदात्त सम्बन्धको उपेक्षा गुरु–शिष्यका शैक्षिक प्रयत्नमा कमी, संख्यात्मक र गुणात्मक रूपमै छात्रसंख्याको कटौती, तल्लो कक्षामा संस्कृतको आधारभूत योग्यता भएका छात्रहरूको कमी, जनसहभागितामा कमी, संस्कृत क्षेत्रका जनशक्तिको निरन्तरताको अभाव आदि कुरा मननीय मानवीय समस्या भित्र पर्दछन् ।

सम्पन्न एवं उच्चपदाधिकारीहरूले संस्कृतको अध्ययन नगर्नु, सकेसम्म विदेशमा पढाउने बहिर्मुखी प्रवाह र इंग्लिश बोर्डिङ स्कूलमा पढाएर मान, मर्यादा र अहंतुष्टिको अनुभव गरिने नेपाली संस्कृतिको

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विकास र विस्तार हुनु, युगीन प्रवाहलाई पक्डन सक्ने गुणस्तरयुक्त शिक्षा संस्कृतमा पनि संभव छ भन्ने विश्वासको कमी, इंग्लिस बोर्डिङ र प्राविधिक शिक्षा पढ्न नपाउने संस्कृत पढ्नेहरू पनि सुनौलो भविष्यको अधिकारी हुन् भन्ने धारणाको पुनर्निर्माण हुन नसक्नु, संस्कृत पढेर पनि काम र माम पाइन्छ भन्ने धारणाको विकास नहुनु र यथोचित रूपमा समेत दिन सक्ने विश्वासको संकट हुनु, संस्कृत पढेर पनि सामाजिक मर्यादा र उच्च ओहदामा जान सकिन्छ भन्ने जन विश्वासको अभाव, विभूषण, छात्रवृत्ति, पारितोषिक, प्रतियोगिता आदि प्रति शंका हुनु, समिति, आयोग, गोष्ठी, विशेषकार्यदल आदिका सुझाव, सिफारिस र योजना आदिको कार्यान्वयनबारे सन्देह हुनु यस क्षेत्रका मनोवैज्ञानिक र व्यावहारिक समस्या हुन् ।

विश्वबन्धुत्व र विश्व ग्रामको भावनाले युगीन धारणालाई प्रभावित तुल्याइ रहेको वर्तमानमा विश्वको कुनै पनि कुनामा घटेको घटनाले सिङ्गो विश्वलाई नै प्रभावित पारेको हुन्छ र कुनै पनि कुनाको नयाँ प्रविधि, नयाँ फेसन, नयाँ भावना आदि इत्यादि कुरा विश्वमा फैलिन कत्तिबेर लाग्दैन । वर्तमान विश्वमा विभिन्न किसिमका विचार र सभ्यताको उदय भइरहेको छ । नवीनतम विचार र सभ्यताले परम्परागत मूल्य र मान्यतालाई अस्वीकार गर्दै भौतिकवादी जीवन दृष्टिलाई प्रोत्साहित गरेर त्यसैलाई अवलम्बन गरेको देखिन्छ । जीवनलाई सुखी र सुविधायुक्त बनाउन, मानव–प्रतिकूल वातावरण माथि विजय प्राप्त गर्न विज्ञानले विभिन्न साधन र उपकरण जुटाएको छ । यसले पनि मानिसमा बहिर्मुखी प्रवृत्तिको विकास गराएको हो । युगको प्रवाह एकातिर पुराना धारणा एकातिर । अतः संस्कृत पढेर सुख–सुविधा पनि प्राप्त नहुने, युगीन प्रवाहमा सम्मिलित हुन पनि गाह्रो पर्ने अनि संस्कृत किन पढ्ने ? किन पढाउने ?

यस भन्दा ठूलो अर्को समस्या संस्कृतजन्य जनशक्तिको कार्यक्षेत्रको अभाव हो । यसको निश्चित कार्य क्षेत्र हुने हो भने यस तर्फ आजीविका वा जागिरको प्रलोभनले पनि मानिस स्वभावतः आकर्षित हुने थियो । भविष्यको आशाले नै मानिस कार्यक्षेत्रमा संलग्न हुन्छ । अतः कार्यक्षेत्रको खोजी गरिनु पर्दछ । नेपालमा उद्योग, व्यापार, कल कार-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

खाना, आदिको विकास हुन नसकेकाले पठन पाठनको एक मात्र लक्ष्य जागिर खानु भएको छ। संस्कृत पढेर जागिरको संभावना अत्यन्त कम भएकाले पनि यसतर्फ आकर्षण बढाउन कठिन भएको हो।

शिक्षा मन्त्रालय अन्तर्गत संस्कृत विभाग खोली, क्षे. शि. नि. जि. शि. निरीक्षक आदिमा समेत संस्कृत जनशक्तिलाई काम दिनु पर्छ। त्यस्तै सूचना विभाग, श्री ५ को सरकारको छापाखाना, रेडियो नेपाल, नेपाल टि. भि., गोरखा पत्र संस्थान, अनुसन्धान संस्थानहरूमा भाषा शास्त्री र सम्पादकका रूपमा संस्कृतज्ञलाई स्थान दिने व्यवस्था मिलाउन सके निकै आकर्षण पढ्ने थियो। दूतावासहरू–जो विभिन्न देशमा खोलिएका छन्– तिनमा संस्कृति विभाग खोली संस्कृतलाई पनि स्थान दिने औपचारिक व्यवस्था र विदेशमा अध्ययन, अध्यापन र अनुसन्धान गर्न पाउने व्यवस्था मिलाइएमा पनि यस क्षेत्रमा निकै ठलो आकर्षण आउने थियो। त्यस्तै लोक सेवा आयोगमा पनि संस्कृत स्नातक माग्ने र ऐच्छिकमा १ विषय संस्कृत पनि लिन पाउने व्यवस्था गराउन सकेमा पनि यस समस्याको समाधानमा ठूलो सघाउ पुग्ने थियो। यस्तै विभिन्न स्थानहरू छन् जहाँ संस्कृतजन्य जनशक्तिलाई स्थापित गर्न सकिन्छ। कार्य क्षेत्रको अभाव नै मूल समस्या हो र यसको समाधानसंगै ७५% प्रतिशत समस्याको समाधान हुन्छ। पढुनजेल जतिसुकै सुविधा दिए पनि आकर्षण बढ्दैन अपितु पढिसकेपछि काम र माम दिएर नै आकर्षण बढ्दछ।

वर्तमानमा प्रचलित संस्कृत व्यवहारमा त्यति न आउने, पाठ्य शास्त्र र पाठ्य भाषा भएकाले जसतसलाई पढ्न कठिनै हुन्छ। शास्त्रीय भाषा यसै कठिन नै हुन्छ। भाषिक दुरुहताले गर्दा पनि यसमा समस्या देखा परेको हो। सजिलो पाएसम्म असजिलो तिर मानिस स्वभावतः विकर्षित हुन्छ। यसमा इंग्लिशमा पूर्वप्राथमिक र प्राथमिकमा झैं सानैदेखि बोलिचालीको भाषाका रूपमा संस्कृत सिकाउने पाठ्यक्रम पाठ्य पुस्तक केही तयार भएका छैनन्। सरकारले त्यस्तो व्यवस्था गरेको पनि छैन। भाषिक कोर्सहरूमा अब नयाँ दृष्टिकोण राख्नु पर्दछ। प्राथमिक, माध्यमिक, उच्च शिक्षाका बीच असन्तुलित वर्तमान स्थिति (प्राथमिकको हालसम्म व्यवस्थै भएको छैन–जो हुनु अत्यावश्यक छ) मा सुधार ल्याई माध्यमिक शिक्षालाई सुदृढ गरिनु पर्दछ। हरेक जिल्ला-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

मा गुरु योजनामा २/४ सं. मा. वि. खोल्ने–खुलाउने कार्यक्रम तय गरिनु पर्दछ। केही प्राचीन र केही आधुनिक प्राविधिक शिक्षालाई समावेश गराइनु पर्ने देखिन्छ। प्राविधिक जमानामा अप्राविधिक भएर प्रतिस्पर्धा गर्न गाह्रो पर्दछ। वर्तमान युगको चुनौती र हाँकको सामना गर्न सक्ने र अन्य विश्व विद्यालयबाट उत्पादित जनशक्तिसंग प्रतिस्पर्धा गर्न सक्ने पाठ्यक्रम, पाठ्य पुस्तक र शैक्षिक प्रणालीको निर्माण गरिनु पर्दछ। शैक्षिक प्रणाली, पाठ्य पुस्तक, पूर्णाङ्क, पाठ्य घण्टा आदि पनि अन्य विद्यालय र विश्व विद्यालयको समानुपातिक हुनु पर्छ। केही अगाडि भएको गोष्ठीमा त्रि० वि० मा० भन्दा म० सं० वि० मा ७।७ सय नम्बर बढ्ता पढ्नु पर्ने खालको पाठ्यक्रम बनाउन सिफारिस भएको छ। यो अवैज्ञानिक छ। पढुनजेल पनि धेरै नम्बर पढ्नु पर्ने दुःख, पढिसकेपछि पनि काम नपाइने दुःख। यस्तो दोहोरो दुःख गर्न कोही आकर्षित हुँदैन।

युग सापेक्षा ज्ञानहरूलाई संस्कृतमा भित्र्याई यसलाई गतिशील बनाउनु पर्दछ। आधुनिक कविता, निबन्ध, कथा, उपन्यास आदिका शैली-लाई संस्कृतमा पनि विकसित गरिनु पर्दछ। ज्ञान विज्ञानका कुराहरू संस्कृतमा अनुवाद गर्नु पर्दछ। वाजसनेय याग, अश्वमेध यज्ञ, स्वर्ग वैकुण्ठका रङ्गीन कथाहरूका साथै जीवनयापन र स्वावलम्बनका पक्षलाई समेत समेटेर संस्कृतलाई युगानुकूल रूपमा समृद्ध पार्दै जानु अत्यावश्यक छ।

संस्कृत छात्रावास र सं.मा.वि. (रानीपोखरी) का समस्या

यी दुवै संस्थामा योग्य र प्रतिभावान् छात्रहरूको आगमन सर्वथा अवरूद्ध छ। बुढानीलकण्ठ, सिद्धार्थ वनस्थली आदिले झैं योग्य प्रतिभालाई देशका सबैभागबाट खोजी खोजी ल्याउने प्रयास गर्नु पर्दछ।

सं० मा० वि० को समस्या भौतिक सुविधा युक्त भवनको अभाव नै हो। सुविधा युक्त स्वतन्त्र भवन नहुन्जेल यसलाई उठाउन सकिदैंन। भवन, शौचालय, पुस्तकालय, शैक्षिक सामग्री, शैक्षिक उपकरण आदिको अभावले गर्दा योग्य प्रतिभावान् छात्र यहाँ आउँदैन, आएकालाई पनि चाहे जस्तो योग्य बनाउन सकिदैन वा सकिएको छैन नै भन्नु पर्दछ। शिक्षक र विद्यार्थीको सुरक्षाकै यहाँ समस्या छ, यसले मानसिक र मनो-वैज्ञानिक समस्या सृजना गरेको छ। जुन स्कूल कम्पाउण्डमा दिन दहाडै हत्या हुन्छ, त्यहाँको मानसिकता कस्तो होला, उसमा पनि अस्थाई

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

शिक्षक र कर्मचारीका वर्षौं देखिका पीडा अड्चन समेटेका अस्थाई भावना, अनि कसरी राम्रो र ममतामय काम होला। सबै कुरामा स्थायित्वको सर्वथा अभाव छ। अतः सबै पक्षमा स्थायित्वको पुनर्निर्माण गर्दै सुविधा युक्त स्वतन्त्र भवनको खोजी गरी पूर्व प्राथमिक देखि मा० वि० सम्मका कक्षा चलाइनु पर्दछ। तब यसलाई स्तरीय बनाउन सकिन्छ। सं० मा० वि० लाई सुसंगठित र स्तरीय बनाउन अरू पनि धेरै नै तौर तरिकाहरू हुन सक्छन् तर प्रोत्साहन, वातावरण, साधन स्रोत र जाँगरकै कमीमा सबै अवरूद्ध छन्

छात्रावासमा पनि भौतिक समस्या एकातिर छ भने अर्कोतिर प्रतिभा र पठन-प्रवृत्तिको कमी छ। अतः प्रतिभाको खोजी र पठन-प्रवृत्तिको पुर्ननिमाण गर्नुपर्ने देखिन्छ। यस छात्रावासलाई म० सं० वि० को केन्द्रीय छात्रावासका रूपमा विकसित गरी सुविधा युक्त बनाइनु पर्दछ। वाल्मीकि र सं० मा० वि० बाट मात्र छात्र भर्ना गर्ने प्रक्रियामा सुधार गरी ५ विकास क्षेत्रवाट प्रतिशतका आधारमा भर्ना गर्ने प्रक्रिया शुरू गर्नु पर्दछ। क्याम्पस स्तरमा हरेक विकास क्षेत्रवाट प्रतिस्पर्धामा सर्वोत्तम ठहरिएका १--१ जना सरासर र १--१ जना वेटिङ्गमा राख्ने। मा० वि० स्तरमा पनि हरेक विकास क्षेत्रवाट प्रतिस्पर्धामा सर्वोत्तम ठहरिएकालाई सोही अनुपातमा राख्ने। यसो गरेमा छात्रावास, क्याम्पस र मा० वि० ले योग्य र प्रतिभावान् छात्र पाउने थिए। फलतः यसको स्तर धेरैमाथि पुग्ने थियो। क्षेत्रीय स्तरमा पनि प्रतिस्पर्धाको भावना जागृत हुन्थ्यो र संस्कृत सन्देश गाउँ गाउँमा पुग्दथ्यो।

अत एव यिनै र यस्तै अन्य कतिपय भौतिक, मानवीय, मानसिक किंवा मनोवैज्ञानिक र कार्यक्षेत्रका अभाव जन्य समस्याहरूलाई समाधान गरेर नै संस्कृत वाङ्मयलाई विकसित र गतिशील बनाउन सकिन्छ भन्ने कुरामा दुइ मत हुने छैन। अस्तु

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

महेन्द्र संस्कृत विश्वविद्यालय सम्बन्धी केही तथ्य

१. श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारबाट मिति २०४३।८।२५ मा महेन्द्र संस्कृत विश्वविद्यालय स्थापना भएको घोषणा।

२. कुलपति श्री ५ महाराजाधिराज सरकारबाट मिति २०४३।६।२७ मा महेन्द्र संस्कृत विश्वविद्यालयका निम्न पदाधिकारी तथा सभाका सदस्य-हरूको मनोनयन।

उपकुलपति– डा. हरिदेव मिश्र
शिक्षाध्यक्ष– प्रा. विद्यानाथ उपाध्याय
कुल सचिव– श्री केशव दीपक शर्मा

३. कुलपति श्री ५ महाराजाधिराज सरकारको अध्यक्षतामा मिति २०४४। ३।७ मा महेन्द्र संस्कृत विश्वविद्यालय प्रथम सभाको नारायणहिटी राज प्रसाद मङ्गल सदनमा बैठक तथा मौसूफ सरकारबाट विश्वविद्या-लयलाई नौ सूत्रीय निर्देशन बक्स।

कुलपति श्री ५ महाराजाधिराज सरकारबाट महेन्द्र संस्कृत विश्वविद्या-लयलाई बक्सेका कृपापूर्ण निर्देशनहरूः—

१. देशमा विभिन्न शास्त्रीय विषयहरूमा आधिकारिक विद्वान्हरूको खाँचो छ। महेन्द्र संस्कृत विश्वविद्यालयले हाल प्रचलित संस्कृतको अध्ययन अध्यापनलाई सुव्यवस्थित,गरी एक निश्चित समय भित्र देशको आवश्यक-

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तानुसार विशिष्ट शास्त्रीय विद्वान् तयार पार्न काममा अगाडि बढ्नु पर्छ।

२. आजको यस वैज्ञानिक युगमा ज्ञानको पनि ठूलो आवश्यकता भएकाले विश्वविद्यालयले ज्ञान र विज्ञानको समन्वयात्मक अध्ययन र अनुसन्धान गराउनु पर्दछ।

३. यस विश्वविद्यालयले संस्कृत वाङ्मयमा निहित ज्योतिष, आयुर्वेद, योग, विज्ञान, कार्यकौशल आदि प्रयोग-प्रधान प्राविधिक विद्याको विकासमा उचित ध्यान दिनु आवश्यक छ।

४. विश्वविद्यालयले स्वतन्त्र रूपमा आफ्नै आर्थिक स्रोत पनि बढाउँदै र जुटाउँदै जानु पर्दछ।

५. दाताले दिएका चल अचल सम्पत्तिको संरक्षण तथा सुव्यवस्थित रूपमा परिचालन गर्ने व्यवस्था विश्वविद्यालयले गर्नु आवश्यक छ।

६. संस्कृतका छात्र जुनसुकै कार्यक्षेत्रमा गए पनि आफ्नो राष्ट्रिय संस्कार बोकेर जाउन् र अरूलाई पनि त्यससंग परिचित गराउन सक्षम हुनका साथै यसबाट प्रभावित समेत पार्न सकुन् भन्ने उद्देश्य राखेर विश्वविद्यालयले आफ्नो शैक्षिक कार्यक्रमहरूको तर्जुमा गर्नु पर्दछ।

७. संस्कृतका छात्रहरू आफ्नो संस्कृतिको गौरवमय परम्परा प्रति निष्ठावान्, नैतिक, अनुशासित र राष्ट्रभक्त बनेर समस्त देशमा उदाहरण बन्न सकुन्, संस्कृतका शिक्षक स्वयं उनीहरूको प्रत्यक्ष मार्गदर्शक बनुन् यसको निमित्त विश्वविद्यालयले प्रयास गर्नु पर्दछ।

८. संस्कृत विद्यालाई सम्पूर्ण रूपमा हासिल गर्न अन्य राष्ट्रका विद्वान्हरू पनि नेपालप्रति आकृष्ट होउन् भन्ने उद्देश्य राखी नेपाललाई संस्कृत विद्या अध्ययनको विशिष्ट केन्द्रको रूपमा विकसित गर्न विश्वविद्यालयले प्रयास गर्नु आवश्यक छ।

९. संस्कृतमा रहेका शास्त्रीय चिन्तनहरूलाई मानव मात्रको हित र कल्याणका लागि व्यवहारिक ढंगले सदुपयोग गर्न विश्वविद्यालयले शोधकार्य गराउनु पर्दछ।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. श्री ५ महाराजाधिराज सरकारबाट मिति २०४५।१०।१९ मा महेन्द्र संस्कृत विश्वविद्यालय, बेलझुण्डी, दाङमा एक समारोहका बीच समुद्घाटन तथा सम्बोधन बक्स:—

श्री ५ बाट बक्स भएको सम्बोधन भाषण:—

महिला तथा सज्जनवृन्द,

१. आज महेन्द्र संस्कृत विद्यालयको उद्घाटन गर्न पाउँदा हामीलाई खुशी लागेको छ।

२. यस विश्वविद्यालयमा आइपुग्दा हामीलाई हाम्रा परमपूज्य स्वर्गीय बुबाज्यूबाट २०२४ सालमा दाङ बिजौरीमा संस्कृत-जगत्का विद्वान्हरू सम्मिलित वृहत् सम्मेलनको समुद्घाटन गरिबक्सेको सम्झना आउनु स्वाभाविकै हो। प्रातः स्मरणीय पूज्य बुबाज्यूबाट संस्कृत वाङ्मयको विकासमा भएको योगदानको सम्झना गर्दै सर्वप्रथम हामी मौसूफमा श्रद्धाञ्जली अर्पण गर्दछौं।

३. हाम्रो देशमा ऐतिहासिक कालदेखि नै संस्कृत भाषाले राजकीय तथा सामान्य जन-जीवनमा समेत महत्त्वपूर्ण स्थान पाएको कुरा प्राचीन शिलापत्र एवं संस्कृत भाषाका हस्तलिखित ग्रन्थहरूबाट प्रष्ट हुन्छ। त्यसैगरी तन्त्र, कर्मकाण्ड तथा साहित्य एवं दर्शनसम्बन्धी विभिन्न विषयहरूमा लेखिएका संस्कृतका पुस्तकहरूले नेपालको प्राज्ञिक परम्परालाई कायम राख्ने दिशामा सहयोग पुऱ्याएका छन् भन्ने हामीलाई लाग्दछ।

४. हाम्रो धर्म, दर्शन र संस्कृतको अमूल्य ज्ञानको भण्डारलाई हाम्रो समाजको आवश्यकता अनुसार उपयोग र प्रवर्द्धन गर्दै लैजान महेन्द्र संस्कृत विश्वविद्यालयको गतिशील भूमिका हुनुपर्ने देखिएको छ। यस विश्वविद्यालयले उच्चतम अनुसन्धान र शोधकार्यको सँगसँगै सर्वसाधारणलाई नैतिक मर्यादा र परम्परागत मूल्य एवं मान्यता अनुरूप निष्ठावान नागरिक बन्न सघाउ पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वस्त छौं। त्यस्तै राष्ट्रको सर्वतोमुखी विकासका लागि व्यावहारिक कार्यक्रमहरूको तर्जुमा गरी सक्रियतापूर्वक कार्यान्वयन गर्न गराउन यस विश्वविद्यालय पनि कटिबद्ध हुनेछ भन्ने हामीले आशा लिएका छौं।

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. अन्त्यमा, महेन्द्र संस्कृत विश्वविद्यालयको चौतर्फी सफलताको कामना गर्दै यस समारोहका आयोजकहरू सबैलाई हामी हार्दिक धन्यवाद दिन चाहन्छौं ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन् !

जय नेपाल !

माघ १६, २०४५बुधबार
दाङ्ग

५. श्री ५ महाराजाधिराज तथा श्री ५ बडामहारानी सरकारको मिति २०४५।१०।२ देखि २०४५।१२।८ सम्मको मध्य पश्चिमाञ्चल क्षेत्रको अनौपचारिक भ्रमणको अवसरमा महेन्द्र संस्कृत विश्वविद्यालयको प्राज्ञिक, प्रशासनिक तथा व्यवस्थापन पक्षको सुदृढीकरणका लागि श्री ५ को सरकारलाई निर्देशन बक्स ।

६. उक्त निर्देशनको कार्यान्वयनको क्रममा श्री ५ को सरकारबाट मिति २०४६ वैशाखमा महेन्द्र संस्कृत विश्वविद्यालयको सुदृढीकरण तथा विकासको लागि सुझाव प्रस्तुत गर्न राष्ट्रिय शिक्षा समितिका सदस्य सचिव डा. छविलाल गजुरेलको संयोजकत्वमा निम्नलिखित सदस्य रहनु भएको एक समिति गठन ।

सदस्यहरू

सचिव — शिक्षा तथा संस्कृत मन्त्रालय,
शिक्षाध्यक्ष— महेन्द्र संस्कृत विश्वविद्यालय,
रजिस्ट्रार — त्रिभुवन विश्वविद्यालय,
डा. नरोत्तम उपाध्याय
प्रा. सिद्धिनाथ गौतम
उपसचिव — देवराज रेग्मी

७. उक्त समितिले प्राज्ञिक, प्रशासनिक तथा व्यवस्थापन पक्षमा सुझाव प्रस्तुत गर्न क्रमशः निम्नलिखित दुई उपसमिति गठन गऱ्यो ।

प्राज्ञिक उपसमिति

प्रा. विद्यानाथ उपाध्याय — संयोजक (शिक्षाध्यक्ष म.सं.वि.वि.)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

प्रा. शिवगोपाल रिसाल — सदस्य
प्रा. गोपालनिधि तिवारी — ,,
प्रा. शिवप्रसाद सत्याल — ,,
प्रा. शिवहरि मरहट्टा — ,,
उपसचिव– देवराज रेग्मी — समन्वयकर्ता

प्रशासन तथा व्यवस्थापन उपसमिति

डा. नरोत्तम उपाध्याय — संयोजक
डा. माधव भट्टराई — सदस्य
डा. प्रेमराज पन्त — ,,
डा. निर्मल कुमार विष्ट — ,,
प्रा. ज़ीवराज पोखरेल — ,,
उपसचिव– देवराज रेग्मी —समन्वयकर्ता

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

विद्यापीठ परिचय

नेपालको प्राचीन शिक्षा प्रणाली संस्कृतमय रहँदै आए तापनि १९३४ देखि संस्थागत रूपमा संस्थापित रानीपोखरी संस्कृत प्रधान पाठशालाबाटै आरम्भमा आचार्य सम्मकै पठन-पाठन हुन्थ्यो । यहीं नै २००८ सालदेखि संस्कृत उच्च शिक्षाको औपचारिक कक्षा सञ्चालन भई २००९ साल जेठ ३१ गते राष्ट्रपिता स्व. श्री ५ त्रिभुवन वीर विक्रम शाहदेवबाट (वर्तमान पुतली सडकस्थित गुठी संस्थानको भवनमा) नेपाल राजकीय संस्कृत महाविद्यालयको रूपमा विधिवत् समुद्घाटित यस विद्यापीठको नाम २०२४ मा वाल्मीकी संस्कृत महाविद्यालय, २०३१ मा वाल्मीकी क्याम्पस र २०४३ सालमा महेन्द्र संस्कृत विश्वविद्यालय स्थापित भएपछि वाल्मीकि विद्यापीठको रूपमा रहन गयो । यस विद्यापीठबाट संस्कृत विद्याको विकासमा उत्तर-मध्यमादेखि आचार्यसम्मको निम्नलिखित विषयहरूको पठन-पाठनका साथै अनुसन्धान तहसम्म अनवरत रूपमा महत्त्वपूर्ण योगदान प्राप्त हुँदै आएको छ यो संस्थाको स्थान म. सं. वि. का सबै विद्यापीठ भन्दा श्रेष्ठ र केन्द्रीभूत गरिमामय रहि आएको छ ।

१. उत्तरमध्यमा:—

प्रथम खण्डमा पूर्णाङ्क ६००
द्वितीय खण्डमा पूर्णाङ्क ५००

(क) **अनिवार्य विषय:—**

१. अनिवार्य नेपाली
२. अनिवार्य अंग्रेजी
अथवा
३. वैकल्पिक संस्कृत रचना (पूर्वमध्यमामा अंग्रेजी नलिएका विद्यार्थीको लागि)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. अनिवार्य व्याकरण अथवा न्याय (व्याकरण विषय लिएका विद्यार्थीहरूको लागि)
५. अनिवार्य संस्कृत
६. नेपाल परिचय

(ख) 'क' वर्गका विषयः–
१. शुक्ल यजुर्वेद
२. व्याकरण
३. ज्योतिष
४. न्याय
५. साहित्य
६. इतिहास–पुराण

(ग) 'ख' वर्गका विषयः–
१. नेपाली
२. अर्थशास्त्र
३. राजनीति शास्त्र

२. शास्त्रीः—

प्रथम खण्डमा पूर्णाङ्क ६००
द्वितीय खण्डमा पूर्णाङ्क ५००

(क) अनिवार्य विषय
१. अनिवार्य नेपाली
२. अनिवार्य अंग्रेजी
अथवा
वैकल्पिक संस्कृत रचना (अंग्रेजी नलिएका विद्यार्थीको लागि)
३. अनिवार्य संस्कृत

(ख) 'क' वर्गका विषय
१. शुक्ल यजुर्वेद
२. नव्य–व्याकरण
३. सिद्धान्त ज्योतिष

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४. नव्य–न्याय
५. प्राचीन–न्याय
६. साहित्य
७. इतिहास–पुराण
८. पूर्व–मीमांसा
९. शाङ्करवेदान्त
१०. धर्मशास्त्र
११. सर्वदर्शन

'ख' वर्गका विषय

१. नेपाली
२. अर्थशास्त्र
३. राजनीति शास्त्र
४. शुक्लयजुर्वेद
५. व्याकरण
६. ज्योतिष
७. न्याय
८. साहित्य
९. इतिहास पुराण
१०. पूर्व मीमांसा
११. शाङ्करवेदान्त
१२. धर्मशास्त्र
१३. सर्वदर्शन

३. आचार्य (३ खण्ड)

(आचार्यको प्रत्येक खण्डमा पूर्णाङ्क ४००)

१. शुक्लयजुर्वेद
२. नव्य–व्याकरण
३. सिद्धान्त ज्योतिष
४. नव्य–न्याय

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

५. प्राचीन–न्याय
६. साहित्य
७. इतिहास पुराण
८. पूर्व मीमांसा
९. शाङ्करवेदान्त
१०. धर्मशास्त्र
११. सर्वदर्शन

वाल्मीकि विद्यापीठमा पढाइहुने विषयका शिक्षण समिति तथा सदस्यहरू–

१. वेदशिक्षण समिति–

अध्यक्ष – श्रीवाल्मीकि शर्मा पौडेल – प्राध्यापक (रा.प. प्रथम श्रेणी)
सदस्य – डा.श्रीऋषिराम पोखरेल – प्राध्यापक
" – श्रीहरिप्रसाद गौतम – सह-प्राध्यापक
" – श्रीलोकनाथ लंसाल – सहायक-प्राध्यापक (अस्थायी)

२. व्याकरणशिक्षण समिति–

अध्यक्ष – श्रीविष्णुराज आत्रेय – सह-प्राध्यापक
सदस्य – श्रीपुष्करनाथ पोखरेल – उप-प्राध्यापक
" – श्रीविदुरप्रसाद पौडेल – "
" – श्रीमाधवराज गौतम – "
" – श्रीमाधवशरण उपाध्याय – (करार सेवा उप-प्रा.)
" – श्रीलीलानाथ पौडेल – सहायक-प्राध्यापक

३. ज्योतिषशिक्षण समिति–

अध्यक्ष – श्रीसाम्बराज आचार्य – सह-प्राध्यापक
सदस्य – श्रीश्रीकृष्ण शर्मा आचार्य – प्राध्यापक (रा.प. प्रथम श्रेणी)
" – श्रीशम्भुप्रसाद ढकाल – उप-प्राध्यापक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

,, – श्रीवासुदेव आचार्य – सहायक-प्राध्यापक (अस्थायी)
,, – श्रीश्रीकृष्ण अधिकारी – शिक्षक (सं.मा.वि. बाट काजमा)
,, – डा. श्रीकेशवराम जोशी – आमन्त्रित प्राध्यापक

४. सहित्यशिक्षण समिति–

अध्यक्ष – श्रीसिद्धिनाथ गौतम – प्राध्यापक (रा.प. प्रथम श्रेणी)
सदस्य – श्रीखेमराज उपाध्याय 'केशवशरण' – प्राध्यापक
,, – डा. श्रीदेवराज पौडेल – सह-प्राध्यापक
,, – डा. श्रीमाधवप्रसाद भट्टराई – उप-प्राध्यापक
,, – श्रीटीकाराम अधिकारी – ,,
,, – श्रीवेणीमाधव ढकाल – ,,
,, – डा. श्रीवीरदेव विष्ट – ,,
,, – श्रीरामहरि दाहाल – ,,
,, – श्रीठाकुरप्रसाद आचार्य – सहायक प्राध्यापक
,, – श्रीसनत्कुमार वस्ती – ,, (अस्थायी)

५. नव्यन्यायशिक्षण समिति–

अध्यक्ष – श्रीदीर्घराज घिमिरे – उप-प्राध्यापक
सदस्य – श्रीविद्यानाथ उपाध्याय – प्राध्यापक (हाल म.सं.वि त्रि. का शिक्षाध्यक्ष)
,, – श्रीदामोदर चालिसे – सह-प्राध्यापक (हाल दाङमा काज)
,, – श्रीचेतोनाथ शर्मा आचार्य – प्राध्यापक (रा.प. द्वितीय श्रेणी)
,, – श्रीरामप्रसाद भट्टराई – सहायक प्राध्यापक (अस्थायी)

६. प्राचीनन्यायशिक्षण समिति–

अध्यक्ष – श्रीशिवहरि मरहट्टा – सह-प्राध्यापक
सदस्य – श्रीलोकनाथ ढकाल – उप-प्राध्यापक (करारसेवा)
,, – श्रीसीताराम ढकाल – उप-प्राध्यापक

७. धर्मशास्त्रशिक्षण समिति–

अध्यक्ष – श्रीराधाकृष्ण अधिकारी – सह-प्राध्यापक

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

सदस्य – डा. श्रीरामचन्द्र गौतम – उप-प्राध्यापक
,, – श्रीतीर्थराज आचार्य – ,, (करारसेवा)
,, – श्रीप्रेमप्रसाद पाण्डे – सहायक प्राध्यापक (अस्थायी)

८. वेदान्तशिक्षण समिति–
अध्यक्ष – श्रीगोपालनिधि तिवारी – उप-प्राध्यापक (करारसेवा)
सदस्य – डा. श्रीशिवराज आचार्य – सह-प्राध्यापक
,, – श्रीभवानीप्रसाद खतिवडा – सहायक प्राध्यापक (अस्थायी)

९. पूर्वमीमांसाशिक्षण समिति–
अध्यक्ष – श्रीडिल्लीप्रसाद गौतम – उप-प्राध्यापक

१०. सर्वदर्शनशिक्षण समिति–
अध्यक्ष – डा. श्रीदुर्गाप्रसाद दवाडी – सह-प्राध्यापक
सदस्य – श्रीमधुसूदन रिसाल 'प्रदीप' – उप-प्राध्यापक
,, – श्रीबलराम गौतम – ,,

११. इतिहासपुराणशिक्षण समिति
अध्यक्ष – डा. श्रीबाबुराम पोखरेल – सह-प्राध्यापक
सदस्य – श्रीविष्णुप्रसाद ज्ञवाली – उप-प्राध्यापक
,, – श्रीतोयराज नेपाल – सहायक-प्राध्यापक
,, – कुञ्जविहारीशरण उपाध्याय – ,,
,, – श्रीपीताम्बर तिवारी – ,, (अस्थायी)

१२. अनिवार्यविषयशिक्षण समिति –
अध्यक्ष – श्रीनीलमणि ढुगाना – उप-प्राध्यापक
सदस्य – डा. श्रीऋषिराम पोखरेल – प्राध्यापक
,, – डा. श्रीदुर्गाप्रसाद दवाडी – सह-प्राध्यापक
,, – श्रीसाम्बराज आचार्य – ,,
,, – श्रीतेजकेशरी शर्मा प्राध्यापक – (रा. प. प्रथम श्रेणी)
,, – श्रीविदुरप्रसाद पौडेल – उप-प्राध्यापक
,, – श्रीमाधवराज गौतम – उप-प्राध्यापक
,, – श्रीवेणीमाधव ढकाल – ,,
,, – श्रीरामहरि दाहाल – ,,
,, – श्रीसनत्कुमार बस्ती – सहायक प्राध्यापक (अस्थायी)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१३. नेपालीशिक्षण समिति–

अध्यक्ष – श्रीतेजकेशरी शर्मा – प्राध्यापक (रा.प.प्रथम श्रेणी)
सदस्य – श्रीशिवप्रसाद सत्याल – प्राध्यापक (रा.प.प्रथम श्रेणी)
,, – श्रीनीलमणि ढुङ्गाना – उप-प्राध्यापक
,, – श्रीदुर्गाप्रसाद दाहाल – उप-प्राध्यापक

१४. अंग्रेजीशिक्षण समिति–

अध्यक्ष – श्रीतेजकेशरी शर्मा – प्राध्यापक (रा.प.प्रथम श्रेणी)
सदस्य – श्रीदेवेन्द्र खतिवडा – उप-प्राध्यापक
,, – श्रीमती कल्पना पाण्डे – सहायक-प्राध्यापक (अस्थायी)
,, – श्रीसीताराम अधिकारी – आंशिक शिक्षक

१५. राजनीतिशास्त्रशिक्षण समिति–

अध्यक्ष – श्रीअम्बीर पाण्डे – उप-प्राध्यापक
सदस्य – श्रीविजयराज सिंह – ,,
,, – श्रीपुरुषोत्तम दाहाल – सहायक-प्राध्यापक (अस्थायी)
,, – श्रीरमेश नारायण श्रेष्ठ – ,, ,,

१६. अर्थशास्त्रशिक्षण समिति–

अध्यक्ष – सुश्री मिनू राजभण्डारी – प्राध्यापक (रा.प.द्वितीय श्रेणी)
सदस्य – श्रीविनोदकुमार पन्त – उप-प्राध्यापक
,, – श्रीमती कुसुमलता आचार्य – सहायक-प्राध्यापक
,, – श्रीजसबहादुर लुंगेली – आंशिक शिक्षक

१७. अनुसन्धान र लिपि–

पाठ्यक्रम तथा अनुसन्धान प्रमुख – श्री दिनेशराज पन्त
सहप्राध्यापक (करारसेवा)

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२००८ साल देखि हालसम्मका प्राचार्यहरूको नाम र कार्यावधि

पद		नाम	कार्यकाल
प्रिन्सिपल (प्राचार्य)	१.	पण्डितराज श्री सोमनाथ सिग्देल	२००८/६/४ २०१५/१/३०
,, ,,	२.	श्री पद्मप्रसाद भट्टराई	२०१५/१२/३० २०२३/६/११
,, ,,	३.	श्री रामनाथ आचार्य	२०२४/२/६ २०३०/३/३०
सहायकडीन तथा क्याम्पस प्रमुख	४.	श्री तोयनाथ पाण्डेय	२०३०/४/६ २०३६/८/८
,, ,,	५.	श्री विद्यनाथ उपाध्याय	२०३६/६/११ २०३७/७/३०
,, ,,	६.	श्री सिद्धिनाथ गौतम	२०३७/८/६ २०३९/८/३
,, ,,	७.	श्री शिवहरि मरहट्टा	२०३६/८/१५ २०४१/८/१४
,, ,,	८.	श्री ऋषिराम पोखरेल	२०४१/८/१५ २०४२/८/८
क्याम्पस प्रमुख	९.	,, ,,	२०४२/८/६ २०४३/५/३०
निमित्त क्याम्पस प्रमुख	१०.	श्री नीलमणि ढुङ्गाना	२०४३/६/१ २०४४/३/३०
प्राचार्य	११.	,, ,,	२०४४/४/१ २०४४/४/११
,,	१२.	श्री राधाकृष्ण अधिकारी	२०४४/४/१२ २०४५/३/१५
निमित्त प्राचार्य	१३.	डा. माधव भट्टराई	२०४५/३/१६ २०४६/९/६
का. मु. प्राचार्य	१४.	,, ,,	२०४६/६/१० हालसम्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०३६ देखि हाल सम्मका सहायक प्राचार्यहरूको नाम र कार्यावधि

पद	नाम	कार्यकाल
सहायक क्याम्पस प्रमुख	१. श्री बाबुराम पोखरेल	२०३६/७/१ २०३७/३/१
निमित्त सहायक क्या.प्रमुख	२. श्रीऋषिराम पोखरेल	२०३७/३/६ २०३७/३/२५
,, ,,	३. श्री विष्णुराज आत्रेय	२०३७/३/२६ २०३७/६/७
निमित्त ,, ,,	४. श्रीशिवहरि मरहट्टा	२०३७/६/१० २०३७/६/२२
,, ,,	५. ,, ,,	२०३७/६/२३ २०३९/८/१४
,, ,,	६. श्रीनीलमणि ढुङ्गाना	२०३९/१०/६ २०४३/५/३०
सहायक प्राचार्य	७. श्रीमाधव भट्टराई	२०४४/४/१४ २०४५/३/१५
निमित्त सहायक प्राचार्य	८. श्रीमाधवराज गौतम	२०४५/८/२९ २०४६/६/१२
,, ,,	९. ,, ,,	२०४६/६/१३ हालसम्म

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

वाल्मीकि विद्यापीठका प्रशासनिक कर्मचारीहरू

१. डा. माधव भट्टराई	का० मु० प्राचार्य		
२. श्रीमाधवराज गौतम	सहायक	,,	
३. श्रीभीष्मप्रसाद पौड्याल	,,	प्रशासक	
४. श्रीखेमराज ज्ञवाली	,,	लाइब्रेरियन	
५. श्रीजगदीशराज दली	लेखा अधिकृत		
६. श्रीमुरारीप्रसाद शर्मा	हेड असिष्टेण्ट		
७. श्रीनेत्रप्रसाद पौडेल	हेड असिष्टेण्ट		अस्थायी
८. श्रीनीलकण्ठ भट्टराई	,,	,,	,, (हाल सं०छा०वा०काज)
९. श्रीजुजुभाई शाक्य	का०मु०लेखापाल		(हाल सं०मा०वि०काज)
१०. श्रीविष्णु आचार्य	सि०अ०हे०व०		अस्थायी
११. श्रीमती सीतादेवी गौतम	टा०कम०क्लर्क (ग)		
१२. श्रीमती सुशीला आचार्य	,,	,,	
१३. श्रीमती रञ्जु आचार्य	अ०स्टोर किपर		
१४. श्रीहर्षबहादुर बुढाथोकी	टा०कम०क्लर्क (ग)		
१५. श्रीहंसराज कोइराला	,,	,,	अस्थायी
१६. श्रीदेवेन्द्रप्रसाद पोखरेल	,,	,,	(सं०मा०वि०बाट काजमा)
१७. श्रीसुभाष पण्डित	स०ले०पा०		अस्थायी
१८. श्रीप्रमोदराज जोशी	बूक चेकर		
१९. श्रीदीननाथ पोखरेल	चौकिदार		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

२०.	श्रीवृषबहादुर थापा मगर	,,	
२१.	श्रीमोहनबहादुर बस्नेत	,,	
२२.	श्रीथीरबहादुर थापा मगर	,,	
२३.	श्रीभक्तबहादुर लामा	,,	
२४.	श्रीमङ्गलसिंह गुरुङ	,,	
२५.	श्रीमती गीतादेवी पाण्डे	पियन	
२६.	श्रीमती सरस्वती सुवेदी	,,	
२७.	श्रीमती मीना गुरुङ	कुचिकार	अस्थायी
२८.	श्रीगोपाल कुंवर	पियन	
२९.	श्रीमती तारा भट्टराई	वगैंचे	अस्थायी
३०.	श्रीमती लालकुमारी च्यामे	स्वीपर	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

तीनधारा संस्कृत छात्रावास
दरबार मार्गको एक चिनारी

तीनधारा संस्कृत छात्रावास (तीनधारा पाठशाला) को स्थापना वि सं. १९४३ वैशाख शुक्ल अक्षय तृतीयाको दिन तत्कालीन प्रधानमन्त्री श्री ३ वीर शमशेरद्वारा भएको हो ।

५४सीटबाट शुरू भएको यस छात्रावासमा१०८सिट र वि.सं.१९९६साल सम्ममा क्रमशः बढ्दै २१० सिट कायम हुन पुग्यो । २००४ साल देखि घटेर २०१३ साल सम्ममा ३१ सिट बाँकी हुन पुग्यो । त्यसपछि २०१३ देखि १०६ सिट हुन गै हाल सम्म १०६ सिट नै कायम छन् ।

यो छात्रावास २०३३ साल भन्दा पूर्व शिक्षा मन्त्रालय अन्तर्गत सञ्चालित थियो । २०३३ देखि त्रि.वि.वि. अन्तर्गत वाल्मीकि विद्यापीठबाट सञ्चालित भयो । २०४४ श्रावणबाट महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत वाल्मीकि विद्यापीठबाट सञ्चालन भइरहेको छ ।

संस्कृत माध्यमिक विद्यालयका माध्यमिक कक्षामा अध्ययन गर्दै गरेका र वाल्मीकि विद्यापीठमा अध्ययन गर्दै गरेका विद्यार्थीले यस छात्रावासमा प्रवेश पाउन सक्ने व्यवस्था छ ।

हाल यस छात्रावासमा २८ जना कर्मचारी र १०६ जना विद्यार्थीहरू छन् । यस छात्रावासमा सुपरीक्षक भई सेवा गर्ने हाल सम्मका सुपरीक्षक महानुभावहरू र हाल कार्यरत कर्मचारीहरू क्रमशः निम्न बमोजिम छन् ।

१– सुपरीक्षक महानुभावहरू:–

सि.न.	नाम थर	देखि	सम्म	कैफियत
१.	प्रा. पद्मप्रसाद भट्टराई	२०११/४/१९	लगभग१वर्ष	
२.	प्रा. श्रीतोयराज पाण्डे	२०१६ देखि	२०१७ सम्म	(केन्द्रीय छात्रावास लाल दरवारबाट काज)
३.	प्रा. डा. हरिदेव मिश्र	२०२४/८/१४	२०२४/११/३०	

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

४.	प्रा. विद्यानाथ उपाध्याय	२०२४/१२/१	२०२६/३/३१
५.	प्रा. देवराज पौडेल	२०२६/४/१	२०३०/१२/१
६	प्रा. विष्णुराज आत्रेय	२०३१/१/२६	२०३२/६/१०
७.	प्रा. श्रीकृष्ण आचार्य	२०३२/६/१४	२०३४/६/२
८.	प्रा. हरिप्रसाद गौतम	२०३४/६/३	२०३६/९/३०
९.	प्रा. माधव भट्टराई	२०३६/१०/१	२०३७/१२/३०
१०.	प्रा. नीलमणि ढुङ्गाना	२०३८/१/१	२०३८/१२/३०
११.	प्रा. रामचन्द्र गौतम	२०३९/१/१	२०३९/१०/३०
१२.	प्रा. वेणीमाधव ढकाल	२०३९/११/४	२०४१/१/११
१३.	प्रा. माधवराज गौतम	२०४१/२/५	२०४२/४/३२
१४.	प्रा. पुरुषोत्तम दाहाल	२०४२/५/१	२०४३/८/१२
१५.	प्रा. रामहरि दाहाल	२०४३/८/१३	२०४५/५/३१
१६.	शि. यज्ञप्रसाद दाहाल	२०४५/६/१	कार्यरत

तीनधारा संस्कृत छात्रावासमा कार्यरत कर्मचारीहरूको विवरण:—

सं.	दर्जा	नाम थर	स्थायी	अस्थायी	म.सं.वि.	श्री५को	कैफियत
१.	सुपरीक्षक	यज्ञप्रसाद दाहाल					
२.	शिक्षक (मा. वि.)	मोतीराम पनेरू		√	√		
३.	हे. अ.	नीलकण्ठ भट्टराई		√	√		
४.	भण्डारे	योगेन्द्र ढकाल		√	√		
५.	साक्षी	नारदप्रसाद पौडेल		√			
६.	भान्से	बलराम अर्याल	√		√		
७.	,,	लोकनाथ पोख्रेल	√		√		
८.	,,	रेवती प्र. निरौला	√		√		
९.	,,	क्षेत्रमणि कोइराला		√	√		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१०. ,,	नवराज रेग्मी		√	√	
११. ,,	अर्जुन अधिकारी		√	√	
१२. चौकिदार	कृष्ण के. सी.	√		√	
१३. ,,	धनबहादुर थापा	√		√	
१४. ,,	भोजराज प्याकुरेल	√		√	
१५. ,,	दल बहादुर थापा		√	√	
१६. वार्ड सेवक	कर्णप्रसाद काफ्ले		√	√	
१७. डोले	बुद्धि ब. मालाकार		√	√	
१८. ,,	शिवराम महर्जन		√	√	
१९. ,,	जगत ब. डङ्गोल	√			√
२०. ,,	काली ब. थापा		√	√	
२१. ,,	भीम ब. डङ्गोल	√		√	
२२. डोले	झङ्कलाल अधिकारी	√		√	
२३. टहलुवा	राजु कार्की	√			√
२४. धोवी	विनावँजू	√			√
२५. ,,	सन्तु मगँय्या		√	√	
२६. झारू	श्याम कुसुले		√	√	
२७. मेहतर	चन्द्रमायाँ च्यामिनी	√			√
२८. ,,	भाइचा पोडे		√		

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

संस्कृत माध्यमिक विद्यालय रानीपोखरीका शिक्षक तथा कर्मचारीहरू

१. का. मु. प्रधानाध्यापक — श्रीश्रीप्रसाद पोखरेल
२. शिक्षक माध्यमिक तह — श्रीशुकदेव पौडेल
३. ,, ,, — श्रीभवनाथ अधिकारी
४. ,, ,, — श्रीश्रीकृष्ण अधिकारी (वाल्मीकि विद्यापीठमा काज)
५. ,, ,, — श्रीउपेन्द्रभक्त सुवेदी
६. ,, ,, — श्रीबाबुकृष्ण तिवारी
७. ,, ,, — श्रीदैवदत्त कोइराला
८. ,, ,, — श्रीयज्ञप्रसाद दाहाल
९. ,, ,, — श्रीकालिकाप्रसाद तिमिल्सिन
१०. ,, ,, — श्रीअरुणकुमार राजभण्डारी
११. ,, ,, — श्रीमती मीरा लोहनी
१२. ,, ,, — श्रीमती रूपा ढुंगेल
१३. ,, ,, — श्रीमती प्रभा नेपाल
१४. ,, ,, — श्रीश्रीराम सापकोटा
१५. ,, ,, — श्रीचूडामणि खनाल
१६. ,, ,, — श्रीरामप्रसाद अधिकारी
१७. ,, ,, — श्री नवराज कट्टेल
१८. ,, ,, — श्रीमती लक्ष्मी देवी राजभण्डारी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

१९.	शिक्षक नि. मा. वि. तह	– श्रीमती बिन्दु दवाडी
२०.	,, ,,	– श्रीमहेशराज गौतम
२१.	बहिदार	– श्रीअक्रूर अधिकारी
२२.	,,	– श्रीवासुदेव सुवेदी
२३.	पियन	– श्रीगोवर्धन कार्की
२४.	,,	– श्रीश्यामबहादुर पुरी
२५.	चौकिदार	– श्रीगोपीकृष्ण पौडेल
२६.	,,	– श्रीचिरञ्जीवी सुवेदी
२७.	,,	– श्रीदिवाकरप्रसाद पोखरेल
२८.	कुचिकार	– श्रीमती कृष्णमाया पोडिनी

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

Jayatu Sanskritam, Kathmandu, Nepal

CC-0. Digitized by eGangotri and MIDF- Delhi

श्रं०का०वा०श्रं०प०द०नं० ५।०२५–२६

पूर्णाङ्क–१८

मुद्रक:– वागवजार छापाखाना, ख. २–४८५, इक्षुमती टोल
वागवजार, काठमाडौं–२ फोन नं. २–२२१७४

Jayatu Sanskritam, Kathmandu, Nepal